सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१८ चैत २०८०, आइतबार (31 Mar 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३४२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नयाँ शैक्षिक सत्रअघि नै विद्यार्थीको हातहातमा पुस्तक



चैत मसान्तअघि नै सबै जिल्लामा पाठ्यपुस्तक पुऱ्याउँदै जनक शिक्षा

(विस्तृत पृष्ठ ३)

अहिलेसम्मकै कमजोर अवस्थामा पुटिन



रुसी राज्य प्रमुखका रूपमा असफलताका लागि उनी अन्तिम जिम्मेवार व्यक्ति हुन्

(साइमन टिस्डलको लेख पृष्ठ ७)



■ अन्तःशुल्क स्टिकर छपाइमा अनियमितताबारे अख्तियारले थाल्यो छानबिन

२५ पैसा पर्ने स्टिकर ४३ करोड ३२ लाख थान छाप्न ९० पैसाका दरले लगाइएको थियो ठेक्का

आन्तरिक राजस्व विभागबाट अख्तियारले झिकायो ०७९/८० को चलानी पुस्तिकासहित छपाइसम्बन्धी सम्पूर्ण कागजात, जिम्मा पाएको सुरक्षण मुद्रण केन्द्रले तेस्रो पक्षको आपूर्तिकर्तालाई सुम्पिनु बदनियत

■ लागतभन्दा ४० करोड बढी मूल्यांकनमा प्रिन्टर खरिद, स्टिकर किन्न केन्द्रलाई पेस्कीबापत करिब पाँच करोड निकासा

■ सेक्युरिटी प्रिन्टङ प्रेस खरिद घोटालामा मुद्दा लागेका विकल पौडेल थिए मुद्रण केन्द्रको कार्यकारी निर्देशक

■ अख्तियारले चासो देखाउन थालेसँगै सुरक्षण मुद्रण केन्द्रका कर्मचारीको धमाधम राजीनामा



मदिरा तथा बियरमा टाँसिने अन्तःशुल्क स्टिकर

● **नवराज जैसी**, निर्देशक (प्रमुख), अन्तःशुल्क तथा अनुसन्धान महाशाखा



म आएको तीन महिना पुग्यो । त्यसअघि कसले के गर्नुभयो, जानकारी पाएको छैन । अहिले मद्रास सेक्युरिटी प्रिन्टिङलाई हामीले ठेक्का दिएर स्टिकर वितरणको काम जारी छ ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

मदिरा र सुर्तीजन्य वस्तुमा टाँसिने अन्तःशुल्क स्टिकर छपाइ र प्रिन्टर खरिदमा अनियमितता भएको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको छ । प्रतिस्टिकर अधिकतम २५ पैसासम्ममा छपाइ हुनेमा सुरक्षण मुद्रण केन्द्रले स्वदेशी प्रिन्टिङ कम्पनी प्रिन्ट सेललाई प्रतिस्टिकर ९० पैसाको दरले ४३ करोड ३२ लाख थान छाप्न लगाएको ठेक्कामाथि छानबिन थालेको हो । केन्द्रले सेललाई २६ मंसिर ०७९ मा ३८ करोड ६७ लाखमा ठेक्का

» पृष्ठ ११ मा क्रमशः

अख्तियारले राजस्व विभागबाट मगायो कागजात, विभागका तत्कालीन महानिर्देशकद्वय शाक्य र मैनाली अनुसन्धानमा तानिए



रितेश शाक्य



दीर्घराज मैनाली

आन्तरिक राजस्व विभागको अनुमतिमा मात्रै सुरक्षण मुद्रण केन्द्रले ठेक्का प्रक्रिया अघि बढाउन सक्ने भएकाले यसमा विभागका अधिकारीको पनि संलग्नतातर्फ संकेत गरेर अख्तियारले अनुसन्धान गरिरहेको छ । आयोगले गत सोमबार विभागबाट आर्थिक वर्ष ०७९/८० को चलानी पुस्तिकासहित छपाइसम्बन्धी सम्पूर्ण कागजात मगाएको छ । त्यस्तै, विभागका तत्कालीन महानिर्देशकद्वय रितेशकुमार शाक्य र दीर्घराज मैनाली पनि अनुसन्धानमा तानिएका छन् । हाल अर्थ मन्त्रालयका सहसचिव शाक्य विभागमा १ फागुन ०७८ देखि १३ मंसिर ०७९ सम्म महानिर्देशक थिए । त्यसपछि महानिर्देशकको जिम्मेवारी सम्हालेका मैनाली गत २० माघमा बाहिरिएका थिए । उनी हाल सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख छन् । अन्तःशुल्क स्टिकर छपाइ गर्ने जिम्मा सुरक्षण मुद्रण केन्द्रलाई दिने निर्णय शाक्यको पालामा भएको थियो भने मैनालीको नेतृत्व छँदा केन्द्रले प्रिन्ट सेललाई ९० पैसामा छपाइको ठेक्का लगाएको थियो ।

■ इम्बोस्ड नम्बर प्लेटमा पनि चलखेल

पाँच वर्षमा सकिनुपर्ने आयोजना नौ वर्षसम्म लम्बियो

अनियमितताको आशंकामा अख्तियारको छानबिन

■ सम्झौता कार्यान्वयनको ढिलाइले थपियो एक अर्ब व्ययभार

■ २५ लाखको लक्ष्य, तर हालसम्म ५९ हजार ६५८ मा मात्र जडान

■ इम्बोस्डको चर्को मूल्य, प्रविधिदेखि गुणस्तरसम्ममा प्रश्न र समस्या

■ काममा कम ध्यान, भुक्तानीका लागि दबाब

सुवास भट्ट/नयाँ पत्रिका

सवारीसाधनको चोरी, राजस्व छली तथा अन्य आपराधिक क्रियाकलाप रोक्न सवारीसाधनको व्यवस्थापन आधुनिक र वैज्ञानिक बनाउन भन्दै सरकारले अघि बढाएको इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनमा चरम ढिलाइ भएको छ । पाँच वर्षमा सक्ने गरी सम्झौता भएकोमा कार्यावधि बढाएर नौ वर्ष पुऱ्याइएको हो । आयोजनामा अनियमितता भएको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिनसमेत अघि बढाएको छ ।

इम्बोस्ड नम्बर प्लेट तथा त्यससँग सम्बन्धित प्रणाली खरिदका लागि विभाग र डेकाटुर

» पृष्ठ ११ मा क्रमशः



इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनको सिलसिलामा छ, अपेक्षाअनुरूप गति लिएको छैन



ईश्वरदत्त पनेरू, सूचना अधिकारी, यातायात व्यवस्था विभाग

इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनको सिलसिलामा छ । सातै प्रदेशमा इम्बोस्ड लागू गर्ने व्यवस्था भएको छ । यद्यपि, अपेक्षाअनुरूप गति लिन सकेको छैन । सवारी दर्ता, अभिलेखजस्ता यातायात व्यवस्थापनका काम प्रदेशमा पुगेकाले त्यहाँको मागका आधारमा प्लेट पठाउने काम विभागको हो । बाँकी सबै प्रक्रिया सम्बन्धित प्रदेश कार्यालयबाटै हुन्छ । यसमा विभागको भूमिका समन्वय गर्ने हो । विभागले चाहेर मात्रै सबै काम हुँदैन ।

रास्वपाको उम्मेदवार घोषणा



इलाम २ मा मिलन लिम्बूको उम्मेदवारी घोषणामा रास्वपा नेताहरू

■ मिलनको उम्मेदवारी घोषणा गर्दै रास्वपा सभापति **रवि लामिछाने**ले भने-

इलामले परिवर्तन खोजेकाले मिलन लिम्बूजस्ता युवालाई अघि सारेका छौं । वादबीचको लडाइँ स्थगन गरेर इलामलाई जिताउन लाग्नुपर्छ । इलामको परिवर्तनका लागि नेतृत्व परिवर्तन आवश्यक छ । अहिलेसम्म पार्टीले जित्यो । इलामले कहिल्यै जितेन ।

इलाममा **चिरञ्जीवी घिमिरे**

रास्वपा सभापति उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले राजनीतिमा परिवारवाद नचल्ने बताएका छन् । एमालेले पूर्वसभामुख सुवास नेम्वाङका छोरा सुहानलाई उम्मेदवार बनाएकोतर्फ लक्षित गर्दै रास्वपा सभापति लामिछानेले इलाममा परिवर्तन चाहिएको बताए ।

रास्वपाबाट इलाम २ को उपनिर्वाचनमा मिलन लिम्बूलाई उम्मेदवार घोषणा गर्न इलाम पुगेका लामिछानेले परिवर्तनका लागि राजनीतिमा आएको बताएका हुन् । 'राजनीतिमा राजनीति चल्छ । परिवारमा टीका लगाउने दर्सै-तिहारमा मात्र हो । राजनीतिलाई राजनीतिजस्तै बनाउन राजनीतिमा प्रवेश गरेका हौं,' उनले भने । लामिछानेले जनताको विश्वासको जगमा टेकेर राजनीतिमा प्रवेश गरेको बताए । 'दुधको ग्लासबाट झिँगा निकालेर फालेजस्तो सत्ताभित्रको खराबी फाल्न सरकारमा

» पृष्ठ ११ मा क्रमशः

■ सुहाङको अभियान सुरु



पार्टीले उम्मेदवार बनाउने निर्णयपछि सुहाङ नेम्वाङले जिल्लाकेन्द्रित चुनावी अभियान सुरु गरेका छन् । उनले युवाहरूसँग अन्तर्क्रिया र भेटघाटमा जोड दिएका छन् । जिल्ला पार्टीले भने उम्मेदवारी मनोनयनपछि चुनावी प्रचार अभियान तथा घरदैलो कार्यक्रम सुरु गर्ने बताएको छ । कोशी प्रदेश कमिटी अध्यक्ष घनश्याम खतिवडाले अहिले चुनावी प्रचारको वार्मिङ चलिरहेको र मनोनयनपछि पार्टीका तर्फबाट औपचारिक अभियान सुरु हुने बताए ।

■ मंगलबार कांग्रेसले उम्मेदवार टुंग्याउने

कांग्रेसले उपनिर्वाचनमा अन्य दलका उम्मेदवार र रणनीति हेरेर उम्मेदवार तय गर्ने नीति लिएको छ । प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार सभापति शेरबहादुर देउवाले २० चैतअगावै कार्यसम्पादन बैठक बोलाउने तयारी गरेको र त्यहींबाट उम्मेदवार चयन हुने बताए । कांग्रेसले महामन्त्री विश्वप्रकाश शर्मा र सहमहामन्त्री भीष्मराज आङ्देम्बेलाई इलामको वस्तुस्थिति बुझेर उम्मेदवार सिफारिस गर्ने जिम्मा दिएको छ । नेताद्वय फर्किएलगत्तै केन्द्रले नाम टुंगो लगाउने तयारी छ । कांग्रेसबाट डम्बर खड्का, नगेन्द्र कुमाल, केशव थापा, भेषराज आचार्य, रमेश लिङ्देन, चन्द्रमाया लिम्बू र शान्तिकला तामाङको नाम केन्द्रमा आइपुगेको छ ।

पीडामाथि बज्रपात

पशुपति आर्यघाटमा दाहसंस्कार सकेर काजकिरिया गर्न घर फर्किएका एकै परिवारका पाँचजनाको ट्याक्सी त्रिशूलीमा खस्दा मृत्यु



भरतपुरमा **विवेक पोखेल**

गोरखा नगरपालिका- ७, पौवाखेतका ४० वर्षीय शंकर रोकालाई क्यान्सरले चुँड्यो । काठमाडौंमा ज्यान गुमाएका उनको शुक्रबार परिवारका सदस्य र आफन्तहरू जम्मा भएर पशुपति आर्यघाटमा दाहसंस्कार गरे । शंकरलाई गुमाएको चोट बोकेर गोरखा फर्किंदै गरेको परिवारमा शनिबार बिहानै बज्रपात पऱ्यो । उनीहरू सवार ट्याक्सी दुर्घटनामा एकै

» पृष्ठ ११ मा क्रमशः

■ हावाहुरी र चट्याङसँगै वर्षा

दैलेखमा चट्याङ लागेर बालिका र पाल्पामा रुख ढलेर स्कुटरचालकको मृत्यु

(विस्तृत समाचार पृष्ठ ११)



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

काठमाडौं महानगरले एक वर्षमा पनि सकेन अव्यवस्थित तार व्यवस्थापन

गत वैशाखमा दुई सातामा सक्ने गरी काम सुरु, जनशक्ति अभाव भन्दै ढिलाइ



■ **नवीन मानन्धर**
प्रवक्ता, काठमाडौं महानगरपालिका

छिटो काम सक्नका लागि छलफल, बैठक गरिरहेका छौं । तर, महानगरसँग जनशक्ति अभाव र सम्बन्धित सेवाप्रदायक निकायसँग समेत जनशक्ति अभावका कारण काममा ढिलाइ भइरहेको छ ।

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले गत वैशाखमा दुई सातामै महानगरभित्रका पोलमा भएका अव्यवस्थित तार व्यवस्थापन गर्ने भन्दै अभियान नै चलाए पनि अझैसम्म पूरा गर्न सकेको छैन । महानगरले जनशक्ति अभावका कारण यो अभियानले गति लिन नसकेको बताउँदै आएको छ ।

सुरुको दुई साता महानगरले मुख्य सडक क्षेत्र र सम्पदास्थलको तार व्यवस्थापनलाई जोड दिएको थियो । ती स्थान अहिले पनि सफा देखिन्छन् । तर, भित्री सडक र बस्ती क्षेत्रका तार व्यवस्थापन नहुँदा कुरूप एवं जोखिपूर्ण छन् । त्यसवेला महानगरले चारतिरबाट तार व्यवस्थापन सुरु गरे पनि भित्री क्षेत्र (कोर)मा भने प्रवेश नै गरेन । महानगरका प्रवक्ता नवीन मानन्धर भन्छन्, 'छिटो काम सक्नका लागि छलफल, बैठक गरिरहेका छौं । तर, जनशक्ति अभाव र सम्बन्धित निकायसँग पनि जनशक्ति अभावका कारण छिटो काम गर्न सकेका छैनौं ।'

महानगरले त्यसवेला माइतीघरबाट तार काट्न थालेको थियो । माइतीघरबाट सुरु भएको अभियान थापाथली, टेकु-त्रिपुरेश्वर, लैनचौर र न्युरोड गेट-वसन्तपुर गरी चार क्षेत्रसम्म पुगेको थियो । २२ वैशाखमा सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै महानगरका मेयर बालेन्द्र साह (बालेन)ले अव्यवस्थित तारका कारण आगलागीको जोखिम बढेको र सहर कुरूप बनेको भन्दै व्यवस्थापन गर्ने बताएका थिए । फेसबुकमा स्टाटस लेखिसकेपछि महानगरले २४ वैशाखमा छलफल गरेर २५ वैशाखबाटै तार व्यवस्थापन सुरु गरेको थियो ।

महानगरले तार व्यवस्थापन गर्न इन्टरनेट सेवाप्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायतसँग सहकार्य गरेको छ । तार व्यवस्थापनको काम सम्पदा र हाइवे क्षेत्रलाई प्राथमिकतामा राखेर सुरु गरेको थियो । काठमाडौंभन्दा अघि ललितपुर महानगरले तार व्यवस्थापन गरेको थियो । महानगरले सम्बन्धित निकायलाई तार व्यवस्थापनका लागि १५ दिन समय दिएर काम सुरु गरेको थियो ।



फाइल तस्बिर

ललितपुरले सात दिनमै गऱ्यो तार व्यवस्थापन

उपत्यकाकै अर्को महानगर ललितपुरले भने सात दिनमै अव्यवस्थित तार व्यवस्थापन गरेको थियो । गत १८ फागुनमा तार व्यवस्थापन सुरु गरेको ललितपुरले २५ फागुनमै सकेको थियो । तार व्यवस्थापनपछि नगर क्षेत्र सुन्दर देखिनुका साथै आगलागीको जोखिम पनि कम भएको ललितपुर महानगरले जनाएको छ । तार व्यवस्थापनअघि १७ फागुनमा ललितपुरले इन्टरनेट सेवाप्रदायक कम्पनी, नेपाल टेलिकम, विद्युत् प्राधिकरणलगायतलाई बोलाएर छलफल गरेको थियो । छलफलका क्रममा मेयर चिरिबाबु महर्जनले १० दिनभित्र सम्पदा क्षेत्रमा भएका तार व्यवस्थित गर्न निर्देशन दिएका थिए । निर्देशनअनुसार महानगरले सात दिनमै अव्यवस्थित तार व्यवस्थापन गरेको थियो । ललितपुरले समयअगावै तार व्यवस्थापन सक्दा काठमाडौंले भने एक वर्ष बित्न लाग्दा पनि व्यवस्थापन गर्न सकेको छैन । प्रवक्ता मानन्धरले भने, 'हामीले मुख्य ठाउँका तार व्यवस्थापन नै गर्न सकेनौं । त्यसैले अन्तरनिकाय बैठक बसेर भए पनि यो कामलाई छिट्टै सक्ने गरी अगाडि बढ्छौं ।'

काटेका तार व्यवस्थापनमा कठिनाइ

महानगरले तार व्यवस्थापनका क्रममा करिब एक सय ट्रक तार काटेको थियो । तर, उक्त व्यवस्थापन कसरी गर्ने भन्ने अन्योल बढेको छ । तरकारी खेती गर्ने एक किसानलाई एक ट्रक तार पठाए पनि बाँकी अलपत्र अवस्थामा छ । महानगरले कतैबाट तार मागे निःशुल्क उपलब्ध गराउने जनाएको छ । सम्बन्धित क्षेत्रमै आफैंले पुऱ्याउनेसमेत महानगरले जनाएको छ ।

५० वटा पेट्रोलपम्पले निःशुल्क शौचालय प्रयोग गर्न दिने

काठमाडौं/ काठमाडौं महानगरले ५० वटा पेट्रोलपम्पका शौचालयलाई निःशुल्क सार्वजनिक रूपमा सञ्चालन गर्न सरसफाइ र स्वच्छताका सामग्री उपलब्ध गराउने भएको छ । शौचालय निःशुल्क प्रयोग गर्न दिनेबारे महानगरपालिकाको सार्वजनिक-निजी साझेदारी एकाइ र बागमती पेट्रोलियम डिलर एसोसिएसनबीच शुक्रबार सम्झौता भएको हो ।

सम्झौतापत्रमा एकाइका प्रमुख नरेन्द्रविलास बज्राचार्य र एसोसिएसनका तर्फबाट अध्यक्ष अच्युतबहादुर खड्काले हस्ताक्षर गरेका थिए । सम्झौताबमोजिम महानगरभित्रका ५० वटा पेट्रोलपम्पका शौचालय सर्वसाधारणलाई प्रयोग गर्न निःशुल्क उपलब्ध हुनेछन् । यसबापत महानगरपालिकाले सरसफाइका गर्ने र दुर्गन्ध हटाउने सामानसहित निःशुल्क सार्वजनिक शौचालय लेखिएको बोर्ड दिनेछ । महानगरले उपलब्ध गराउने सामानमा सेतो फिनेल, कालो फिनेल, दाना फिनेल, हार्पिक, युरिन प्याड, कुचो, खरेटो, वाइफर, मफ, बाल्टिन, साबुन, डोरम्याट, डिटोल, रुमाल, रुम स्प्रे, डस्टबिन, टुवाइलेट पेपर, कोलिन, जाम खोल्ने पम्प, झोल साबुन, टुवाइलेट ब्रसलगायत छन् ।

एकाइका प्रमुख बज्राचार्यका अनुसार चालू आर्थिक वर्षमा तीन सयवटा निःशुल्क सार्वजनिक शौचालय थप गरिने लक्ष्य छ । यही क्रममा एसोसिएनसँग सम्झौता गरिएको हो । सम्झौताबमोजिम सेवाग्राहीसँग पम्पहरूले शुल्क लिन वा शौचालय प्रयोग गरेबापत कुनै सामान खरिद गर्न करकाप गर्न वा प्रोत्साहन गर्न पाउनेछैनन् । सार्वजनिक शौचालयमा कुनै पनि प्रकारको प्रचार सामग्री राख्न पाइनेछैन । शौचालयका लागि आवश्यक पर्ने पानी उपलब्ध गराउने, सफाइ गर्ने, मर्मत-सम्भार र निकासाको व्यवस्था पम्पहरूले गर्नुपर्नेछ ।

९० सालको भूकम्पपछि हराएको 'ग्वलः दे फल्चा' पुनरुत्थान सुरु

काठमाडौं/ १९९० सालको भूकम्पपछि हराएको जयबागेश्वरी नवाली टोलको 'ग्वलः दे फल्चा' खोजेर काठमाडौं महानगरपालिका-८ ले पुनरुत्थान सुरु गरेको छ । फल्चा पुनर्निर्माणका लागि वडाध्यक्ष एवं सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतले शनिबार जगपूजा तथा शिलान्यास गरेका छन् ।

घरको भित्तामा फेला परेको शिलापत्र अध्ययन र करिब ०५० सालतिर तयार पारिएको विवरण पुस्तिकाको फोटो हेरेर फल्चा पुनरुत्थानको निर्णय भएको थियो । शिलापत्रमा फल्चा निर्माण नेपाल संवत् ८२० मा र पुनर्निर्माण ८७३ मा भएको उल्लेख छ । 'यसअनुसार फल्चा करिब तीन सय २४ वर्ष पुरानो हो,' संगतले भने, 'स्थानीय पाका मानिसका अनुसार ९० सालको भूकम्पपछि फल्चा हराएको थियो ।'

पशुपति क्षेत्रलाई पहिले ग्वलः दे (ग्वल देश) भनिन्थ्यो । त्यही नामबाट फल्चाको नाम भएबाट यसको प्राचीनता बुझ्न सकिन्छ । फल्चा पुनरुत्थानका लागि वडाले करिब १५ लाख रुपैयाँ खर्च गर्नेछ । फल्चा १४ फिट लम्बाइ र साढे ६ फिट चौडाइको हुनेछ ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.


गैर बैकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ३ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७२३ को क्षेत्रफल ६८९ व.मि.को जग्गा र कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा.वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (विगाह) को घर/जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३९६, ३३९९, ३३९३, ३३९५, ३३९० को क्षेत्रफल क्रमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमशः ०-०-६-० र ०-०-७-० (विगाह) को घरजग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्साघाडी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमशः ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (विगाह) को घर/जग्गा ।
८.	यस बैंकको नाममा मालपोत कार्यालय बार्केको लगतमा दर्ता कायम रहेको बार्के जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १७९ को क्षेत्रफल २२० (व.मी) को घरजग्गा र बार्के जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं.२ स्थित कित्ता नं. १८७ को क्षेत्रफल १०० (व.मी) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ९३१ को क्षेत्रफल ४६० (व.मी) को जग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ५२९ को क्षेत्रफल ३४० (व.मी) को जग्गा ।
११.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालीका गा.वि.स. वडा नं.६ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. ६३४, १७२९ र १९२६ को क्षेत्रफल क्रमशः १६९.३२, ३३८.६३, र ३३८.६३ (व.मी) को घर/जग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं.८ (हाल बढैयाताल गा.पा. वडा नं.८) स्थित कित्ता नं. १७५६ को क्षेत्रफल ३९३.५० (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, गरुडा गा.वि.स. वडा नं.८ (हाल गरुडा न.पा. वडा नं.४) स्थित कित्ता नं. ४९४ को क्षेत्रफल ०-१-० (विगाह) को घरजग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३/ख (हाल तिलोत्तमा न.पा. वडा नं.७) स्थित कित्ता नं. ४०८६, ६०८ र ४०८७ को क्षेत्रफल क्रमश : ०-१-५-०, ०-०-९-० र ०-२-०-० (विगाह) को घर/जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (म) गा.वि.स. वडा नं. २ (हाल चन्द्रपुर न.पा. वडा नं.८) स्थित कित्ता नं. ५२६ को क्षेत्रफल ०-१०-०-० (विगाह) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, गोलढुङ्गा गा.वि.स. वडा नं. १२ख (हाल तारकेश्वर न.पा. वडा नं.४) स्थित कित्ता नं. ९६० र ९६१ को क्षेत्रफल क्रमश : १०७.३१ र ३५.७७ (व.मी) को घरजग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १४६०, १४७२, १४६१, १४७३, १४६२ र १४७४ को क्षेत्रफल क्रमश : २११, २१२, २११, २११, २०९ र २१० (व.मि) को जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ७ (हाल विर्तामोड न.पा. वडा नं.३) स्थित कित्ता नं. १३०७ को क्षेत्रफल ३६० (व.मि) को घरजग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगर नाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्लुको लगतमा दर्ता कायम रहेको, मुग्लु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्लुको लगतमा दर्ता कायम रहेको, मुग्लु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
२२.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमशः २९५ र १०.४० (व.मि.) को जग्गा ।
२३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय ग्रुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, सानोश्री गा.वि.स. वडा नं. ५ क (हाल बर्दिया जिल्ला, मधुवन न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२८८, ११७५ र १२९३ को क्षेत्रफल क्रमशः ३३८.६३, २२४३.४१ र १२४८.६८ (व.मि) को जग्गा ।
२४.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्लुको लगतमा दर्ता कायम रहेको मुग्लु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटरको जग्गा ।
२५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमशः १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
२७.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. २) स्थित कित्ता नं. २६६०, ६३२, ७०८७, २६६१ र ५२७५ को क्षेत्रफल क्रमशः ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. २) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमशः ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
२९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वाग्रेश्वरी तित्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्साघाडी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
३०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा
३१.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
३२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८ को क्षेत्रफल २६६२० व.मी. को जग्गा ।





लिलाम विक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै चकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईनछ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

नयाँ शैक्षिक सत्रअघि नै विद्यार्थीको हातहातमा पुस्तक

चैत मसान्तअघि नै सबै जिल्लामा पाठ्यपुस्तक पुऱ्याउँदै जनक शिक्षा

■ ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**, रामेछापमा **दीपक भट्ट र** धनगढीमा **तेजराज भट्ट**

सरकारले नयाँ शैक्षिक सत्र सुरु हुनुअगावै सबै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउने घोषणा गरेसँगै अहिले व्यवसायीले पुस्तक आयातलाई तीव्र पारेका छन् । जसकारण विगतमा शैक्षिक सत्र सुरु भइसक्दा पनि पाठ्यपुस्तक अभावमा खाली झोला बोकेर विद्यालय जान बाध्य बालबालिका यसपटक भने विद्यालय खुल्नासाथ झोलाभरि पाठ्यपुस्तक बोकेर जान पाउने भएका छन् ।

ताप्लेजुङका सामुदायिक विद्यालयका पाठ्यपुस्तक विगतमा भन्दा दुई साताअगाडि आइपुगेको छ । शुक्रबार र शनिबार गरी दुई ट्रक पाठ्यपुस्तक ल्याएको पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका अध्यक्ष ज्ञानप्रसाद मिश्रले बताए । गत वर्ष २८ चैतदेखि मात्रै पुस्तक वितरण हुने गरेको थियो । तर, यस वर्ष शिक्षकको अनुकूलताअनुसार जुनसुकै समयमा विद्यालयलाई दिइने व्यवस्था मिलाइएको मिश्रले बताए ।

जिल्लामा स्टेसनरी व्यवसायीले सामुदायिक विद्यालयको पुस्तक संयुक्त रूपमा बिक्री गर्दै आएका छन् । 'जनक शिक्षाले अग्रिम भुक्तानी गरेपछि मात्रै किताब दिन्छ, जिल्लाभरिका लागि ल्याउन करिब डेढ करोडबराबरको लागत लाग्छ, त्यसैले हामी संयुक्त रुपमा ल्याएर बिक्री गर्छौं,' मिश्रले भने । यो वर्ष कक्षा १ देखि ७ सम्मका पुस्तक अंग्रेजी र नेपाली दुवै भाषामा रहेको महासंघका सचिव भेषराज पौडेलले जानकारी दिए । कक्षा १ देखि १० सम्म प्रतिकक्षा १५ सय सेटको दरले ल्याएको संघले १ देखि ७ सम्मको अंग्रेजी मिडियम र लिम्बू भाषाको आनीपान पाँच सयका दरले ल्याएको छ । मैवाखोला, आठराई त्रिवेणी, मिक्वाखोला र सिरिजंगा गाउँपालिकाका कतिपय विद्यालयले वाहिर जिल्लाबाट ल्याउने गरेका छन् । व्यवसायीले व्यक्तिगत रूपमा बिक्री गर्दा कतिपय विद्यालयले वर्षैपिच्छे पसल फेर्ने र पैसा नतिर्ने गरेपछि व्यवसायी संगठित हुनुपरेको व्यवसायी दिनेश भट्टराईले बताए । भौगोलिक हिसाबले डोल्पा र हुम्लापछिको तेस्रो ठूलो जिल्ला ताप्लेजुङका ओलाङचुङगोला, घुन्सा, याङमा, फले, ग्याब्लाजस्ता बस्तीमा किताब पुऱ्याउन चार दिनसम्म लाग्ने गर्दछ ।

यस्तै, रामेछापमा शैक्षिक सत्र सुरु हुनुअगावै सबै कक्षाको पाठ्यपुस्तक आइपुगेको हो । जिल्लामा रहेका मिलिजुली पुस्तक पसल, जेएन पुस्तक पसल, सहयात्री इन्टरप्राइजेज,नवदुर्गा पुस्तक पसल, घिमिरे पाठ्यपुस्तक, आशीष पुस्तक पसल, विद्यार्थी पुस्तक पसल र वाइआर पुस्तक पसललगायतमा शुक्रबार कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक आइपुगेका छन् ।

सरकारले कक्षा १ देखि १२ सम्म निःशुल्क शिक्षा दिने घोषणा गरेसँगै यस वर्ष कक्षा १ देखि ४ सम्मका निजी क्षेत्रलाई प्रकाशन र वितरणको जिम्मा दिएको छ । कक्षा ५ देखि १० सम्म पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रले प्रकाशन र वितरणको जिम्मा लिएको थियो । विगतमा



ताप्लेजुङ सदरमुकाम फुङलिङमा सामुदायिक विद्यालयका पाठ्यपुस्तक ढुवानी गरिँदै ।

सिजन सुरु भएको दुई महिनासम्म पनि जनक शिक्षा सामग्री केन्द्रले पाठ्यपुस्तक उपलब्ध गराउन नसक्दा व्यवसायीले सबै विषयको सेटमा पुस्तक ल्याउन सकेका थिएनन् । तर यस वर्ष केन्द्रले बेलैमा सेटसंख्यामा पुस्तक प्रकाशन गरेका कारण चाँडै पाठ्पुस्तक जिल्लामा ल्याएको पुस्तक व्यवसायी मीनप्रसाद घिमिरेले जानकारी दिए । उनका अनुसार चैत महिनाभित्रै जिल्लामा आएका सबै पाठ्यपुस्तक सामुदायिक विद्यालयमा पुऱ्याइसक्ने गरी काम अघि बढाइएको बताए । यस वर्ष समयमै पाठ्यपुस्तक प्राप्त भएकाले विगतमा जस्तो विद्यार्थीहरूले खाली झोला बोकेर विद्यालय जानुपर्ने स्थितिको अन्त्य हुने शिक्षा विकास तथा समन्वय एकाइ रामेछापका प्रमुख नेत्रप्रसाद गजुरेलले बताए ।

■ सुदूरपश्चिममा विद्यालय तहका पाठ्यपुस्तक बिक्री-वितरण सुरु

जनक शिक्षा सामग्री केन्द्रले सुदूरपश्चिममा विद्यालय तहका पाठ्यपुस्तकको बिक्री-वितरण सुरु गरेको छ । जनक शिक्षाको प्रादेशिक कार्यालय धनगढीबाट प्रदेशका पुस्तक व्यवसायीलाई गत मंगलबारबाट पाठ्यपुस्तक बिक्री सुरु भएको हो । पहाडी जिल्लामा पुस्तक ढुवानी सुरु गरिएको जनक शिक्षाको प्रादेशिक कार्यालय धनगढीका प्रमुख रामबहादुर कुँवरले बताए ।

सुरुका दुई दिन प्रदेशको विकट हिमाली जिल्ला बाजुरामा पुस्तक ढुवानी भएको जनक शिक्षाले जनाएको छ । प्रदेशका अन्य जिल्लामा पनि पालैपालो पाठ्यपुस्तक ढुवानीको कार्यतालिका बनाइएको छ । प्रादेशिक कार्यालय प्रमुख कुँवरले शैक्षिक सत्रको सुरुवातमै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुग्ने गरी ढुवानी थालिएको बताए । उनले यहाँ खपत हुने संख्यामध्ये करिब ८० प्रतिशत ढुवानी भइसकेकाले पाठ्यपुस्तक अभावको समस्या नहुने दाबी गरे । जनक शिक्षाले आउने शैक्षिक सत्रमा प्रदेशभरि १२ कक्षासम्मका १९ लाख १५ हजार एक सय ८५ थान पाठ्यपुस्तक बिक्री गर्ने लक्ष्य निर्धारण गरेको छ । चालू शैक्षक सत्रमा जनक शिक्षाले प्रदेशमा १७ लाख ४१ हजार थान पाठ्यपुस्तक बिक्री गरेको थियो । एसइई परीक्षा सकिएलगत्तै कक्षा ११ र १२ का पाठ्यपुस्तक पनि ढुवानी सुरु गरिने जनक शिक्षाले जनाएको छ ।

'बिक्री लक्ष्यको करिब ८० प्रतिशत पाठ्यपुस्तक धनगढी आइपुगेको छ । गोदाममा भण्डारणको क्षमता नभएर बाँकी पाठ्यपुस्तक ढुवानी हुन नसकेको हो,' कुँवरले भने, 'आजबाट बिक्री सुरु गरेका छौं, बिक्रीकै क्रममा थप पाठ्यपुस्तक ढुवानी गर्छौं ।' जनक शिक्षाले पाठ्यपुस्तक बिक्रीका लागि प्रदेशभरि एक सय ६५ पुस्तक व्यवसायीलाई अनुमति दिएको छ ।

१ देखि ४ कक्षासम्मका पाठ्यपुस्तक भने निजी प्रकाशनले पनि प्रकाशित गर्छन् । १ र २ कक्षाका पाठ्यपुस्तक निजी प्रकाशनले नै बेच्छन् । ३ र ४ कक्षाका पाठ्यपुस्तक भने निजी प्रकाशनसँगको प्रतिस्पर्धामा जनक शिक्षाले बेच्छ । विगतमा सुदूरपश्चिममा पाठ्यपुस्तक अभाव हुने गरेको थियो । केही वर्षयता भने पाठ्यपुस्तकको अभाव देखिएको छैन । यस वर्ष गत वर्षभन्दा पनि छिटो पाठ्यपुस्तक बिक्री सुरु गरिएको जनक शिक्षाले जनाएको छ । बाजुराको पनि अतिविकट कोल्टी क्षेत्रका लागि त्यहाँका व्यवसायी नरेशजंग शाहीले प्रादेशिक कार्यालयबाट मंगलबार पाठ्यपुस्तक ढुवानी गर्न सुरु गरेका हुन् । गत वर्षको तुलनामा करिब १० दिनअघि नै पाठ्यपुस्तक पाएको शाहीले बताए । समयमै ढुवानी गर्न पाइएकाले पाठ्यपुस्तक पुऱ्याउन सहज हुने उनले बताए ।

संवैधानिक परिषद्को बैठक आज बस्दै

देउवा र ओलीसँग प्रधानमन्त्रीको छलफल



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रमुख प्रतिपक्ष दल कांग्रेस सभापति शेरबहादुर देउवा र सत्ता साझेदार दल एमाले अध्यक्ष केपी ओलीसँग छलफल गरेका छन् । प्रधानमन्त्री प्रचण्डका प्रेसविज्ञ मनहरि तिमल्सिनाका अनुसार शीर्ष नेताहबीच शनिबार साँझ बालुवाटारमा भेटवार्ता भएको हो ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार संवैधानिक परिषद् संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंगोमा पुऱ्याउने विषयमा शीर्ष नेताहरूबीच छलफल भएको हो । तिमल्सिनाले संवैधानिक परिषद्को बैठक टिआरसी विधेयकसहित समसामयिक विषयमा छलफल भएको जानकारी दिए । आइतबार संवैधानिक परिषद्को बैठक बोलाइएको छ । बैठक प्रधानमन्त्री निवास बालुवाटारमा बस्नेछ । परिषद् बैठकमा आयोगमा पदाधिकारीहरूको नियुक्ति सिफारिस गर्ने तयारी छ । निर्वाचन, महिला, समावेशी र मुस्लिम आयोगमा सदस्य पद रिक्त छ । महालेखापरीक्षक पद पनि रिक्त छ । परिषद् बैठकमा महालेखाकै नियुक्ति छलफल मुख्य एजेन्डा रहेको स्रोतले बतायो । सर्वोच्च अदालतले सत्य निरूपण र छानबिन आयोगमा समयसीमा नै तोकेर नियुक्ति गर्न आदेश दिए पनि अहिलेसम्म रिक्त छ ।

साउदी अरबको नेपाली दूतावासमा अनियमितता भएको भन्दै उजुरी

काठमाडौं/ साउदी अरबस्थित नेपाली दूतावासमा वैदेशिक रोजगारदाता कम्पनीको मागपत्र प्रमाणीकरणमा अनियमितता भएको भन्दै छानबिनका लागि उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठसमक्ष उजुरी परेको छ । श्रेष्ठ विदेशमा भएकाले रोजगारदाता कम्पनीका तर्फबाट सरोकारवालाहरूले शुक्रबार इमेलमार्फत पठाइएको उजुरीपत्रमा आवश्यक छानबिन र कारबाहीको माग गरिएको छ ।

'साउदी अरब नेपालका युवाहरूको श्रम गन्तव्यमध्येको महत्त्वपूर्ण देश रहेको यहाँलाई अवगत नै छ । हरेक दूतावासमा सम्बन्धित देशका रोजगारदाता कम्पनीहरूले मागपत्र प्रमाणीकरण गरेपछि मात्रै कामदार लैजाने वैधता सिर्जना हुने गर्दछ,' उजुरीमा भनिएको छ, 'साउदी दूतावासमा रोजगारदाता कम्पनीले ५० जना वा त्यसभन्दा कम संख्यामा कामदार माग गर्दा नियोग उपप्रमुखले प्रमाणीकरण गर्ने र ५० भन्दामाथि संख्यामा मागपत्र आएमा राजदूतको तहबाट प्रमाणीकरण गर्ने चलन रहँदै आएको छ ।'

मागपत्र प्रमाणीकरणका क्रममा दूतावासका उपनियोग प्रमुख डा.डमरुबल्लभ पौडेल र शाखा अधिकृत टीकाराम उपाध्यायबाट अमुक मेनपावर कम्पनी सिफारिस गर्न दबाब भएको निवेदकहरूको आरोप छ । राजदूत नवराज सुवेदी र कर्मचारीहरूका निकटस्थ मेनपावर कम्पनीबाट श्रमित लैजानुपर्ने सर्त गराएर मात्रै प्रमाणीकरण गरिने तथा राजस्वका नाममा अतिरिक्त शुल्क लिने गरिएको पनि उपप्रधानमन्त्री श्रेष्ठलाई पठाइएको उजुरीमा उल्लेख छ ।

साउदी अरबस्थित नेपाली दूतावासका नियोग उपप्रमुख डा.डमरुबल्लभ पौडेलले उजुरीबारे आफूले जानकारी पाएको र त्यो अनर्गल एवं झुटो प्रचारबाजी भएको प्रतिक्रिया दिए । 'हामीमाथि जे आरोप लगाइएको छ, त्यो पूरै झुटो हो, एक अंशमा पनि सत्यता छैन । हामीलाई अमुक मेनपावर कम्पनीका मानिसले रोजगारदाता कम्पनीको सूचना मागेका थिए । त्यो दिन मिल्दैनथ्यो । हामीले सक्दैनौं भनेपछि हामीविरुद्ध प्रचारबाजी भएको हो,' पौडेलले टेलिफोनमा नयाँ पत्रिकासँग भने, 'सम्बन्धित निकायबाट छानविन होस् । हामी यसमा सहयोगका लागि तयार छौं । हामीले सबै कुरा नियमपूर्वक गरेका छौं । उजुरीमा कुनै सत्यता छैन ।'



standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
धितोमा रहेको घर/जग्गा लिलाम बिक्री तथा गोप्य सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना
(प्रकाशित मिति २०८०/१२/१८, नयाँ पत्रिका)

तपसिलमा उल्लिखित ऋणीहरूले यस बैंकबाट प्राप्त गर्नुभएको व्यवसायिक कर्जा सम्बन्धी शर्तबन्देजहरू अनुसार यस बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याज आदि रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणीहरू, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरूलाई समेत कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आवश्यक रकम नतिरी नबुझाई बैंकसँग मञ्जुर गर्नु भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेको हुँदा उक्त ऋणकर्जाको सुरक्षण वापत बैंकको नाउँमा घरजग्गा धनीले धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित घर/जग्गा जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा, बैंक तथा वित्तिय सम्बन्धी ऐन, २०७३, प्रचलित कानून तथा बैंकको नियमानुसार लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा यो १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

अतः धितोमा रहेको उक्त सम्पत्ति सकार गरी लिन ईच्छुक व्यक्ति /फर्म /कम्पनी वा अन्य संगठित संघ संस्थाले यस बैंकको नयाँ बानेश्वर, काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभाग तथा विरगञ्ज, आर्दशनगर स्थित शाखा कार्यालयबाट प्राप्त हुने गोप्य सिलबन्दी बोलपत्र फारम रीतपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सोही विभाग तथा शाखा कार्यालयमा बुझाउन सक्नु हुनेछ । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख गरिएको छ । उक्त बोलपत्र यो सूचना प्रकाशित भएको १६ औं दिनमा खोलिने छ । (बोलपत्र बुझाउने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा बैंक खुलेको दिनलाई सम्झनु पर्नेछ ।) बोलपत्र पेश गर्नुहुने ईच्छुक व्यक्ति /फर्म /कम्पनी तथा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानीकर्ताहरूलाई समेत उक्त दिन बैंकमा उपस्थित हुन समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिलमा उल्लिखित घर/जग्गा लिलाम बिक्री हुन नसकेमा अन्य प्रक्रियाबाट बिक्री गर्न सक्ने वा सो धितो बैंक आफैले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । साथै लिलाम बिक्रीबाट बैंकको सम्पुण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तिय सस्थां सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय सस्थांको ऋण असुली ऐन, २०५८, तथा सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जयजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो जमानीकर्ता तथा व्यक्तिगत जमानतकर्ताहरू तथा सम्बन्धित सबैलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ । ऋणी तथा सम्बद्ध व्यक्ति समेतले यो सूचनाको अवधि भित्रमा नै सम्पूर्ण ऋण कर्जा, ब्याज, जरिवाना तथा हर्जाना रकम समेत चुक्ता गरेमा लिलाम बिकि सम्बन्धी प्रकिया तत्काले रद्द गर्न सकिने जानकारी गराईन्छ ।

तपसिल

सि.नं.	ऋणीहरू तथा धितो/व्यक्तिगत जमानतकर्ताहरू को नाम, थर र वतन	धितोको विवरण
१.	**ऋणी:** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं: ४०६६/०७२/०७३ कायम मै मिति २०७२/११/१७ मा दर्ता भएको बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. १३, स्थित फर्मको ठेगाना रहेको **श्री जय महालक्ष्मी ट्रेडिङ्ग–१** **ऋणी:** प्रदेश २ , उद्योग वाणिज्य तथा उपभोक्ता सरंक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कलैया बारामा प्रा.फ.नं.घ.उ.वि. ७७७३/९२/०७६/७७, कायम मै मिति २०७६/५/१० मा दर्ता भएको बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, स्थित फर्मको ठेगाना रहेको **श्री न्यु शितल खाद्य उद्योग–१** **ऋणी:** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कलैया बारामा प्रा.फ.र.नं. ९९६१/०७७/७८, कायम मै मिति २०७७/८/२१ मा दर्ता भई बारा जिल्ला कलैया उप.म.न.पा, वडा नं. ५, स्थित फर्मको ठेगाना रहेको **श्री शितल किराना स्टोर्स–१** **प्रोप्राइटर/धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ता:** भिखम साह तेलीकी बुहारी, अयोध्या लाल साहकी पत्नी, बारा जिल्ला लिपनीमाल वडा नं. ८,स्थायी ठेगाना मै हाल ऐ ऐ बस्ने बर्ष ७४ की **श्रीमती मन्तुरीया साहुनी तेली** (ना.प्र.नं. ५५२७०८६४ जारी मिति २०३३/०८/२५, जि.प्र.का. पर्सा) **प्रोप्राइटर/व्यक्तिगत जमानतकर्ता:** राम चन्द्र साहकी छोरी, अयोध्या लाल साहकी बुहारी, श्याम बाबु साह तेलीको पत्नी, बारा जिल्ला परवानिपुर वडा नं. ४, मा स्थायी ठेगाना मै हाल ऐ ऐ बस्ने बर्ष ५० की **श्रीमती किरण देवी** (ना.प्र.नं. ३३-०१-७५-०६२३९ जारी मिति: २०७५/०७/०९, जि.प्र.का बारा) **व्यक्तिगत जमानतकर्ता/धितो जमानीकर्ता:** भिखम साह तेलीको नाती, अयोध्या लाल साह को छोरा, बारा जिल्ला लिपनीमाल वडा नं. ८, मा स्थायी ठेगाना मै हाल ऐ ऐ बस्ने बर्ष ५५ को **श्री श्याम बाबु साह तेली** (ना.प्र.नं. १७५३/०६७१ जारी मिति: २०४५/०२/०१, जि.प्र.का बारा)	**सम्पत्ति - १** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | मन्तुरीया साहुनी तेली | भतौडा | २ | ५७७ | ०-०-१७-० / २८७.८१ व.मि. | मन्तुरीया साहुनी तेली | भतौडा | २ | ५८४ | ०-०-६-० / १०१.५८ व.मि. **सम्पत्ति - २** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | मन्तुरीया साहुनी तेली | वरेवा | ५ | १९५९ | ०-०-६-० / १०१.५८ व.मि. **सम्पत्ति - ३** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | मन्तुरीया साहुनी तेली | भतौडा | २ | ३५७ | ०-०-२-० / ३३.८६ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | ३५२ | ०-१-१२-८ / ५५०.२७ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | ३५७ | ०-६-४-८ / २१०७.९८ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | १७० | ०-१-०-० / ३३८.६३ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | २७७ | ०-०-१२-८ / २११.६४ व.मि. | मन्तुरीया साहुनी तेली | वरेवा | ४ | २७४ | ०-०-७-८ / १२६.९९ व.मि. | नरेश प्रसाद साह | भतौडा | २ | ७०५ | ०-०-३-२ / ५२.९१ बर्ग.मि **सम्पत्ति - ४** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | श्याम बाबु साह तेली | भतौडा | २ | ६३२ | ०-२-२-८ (७१९.६० बर्ग.मि)
२.	**ऋणी:** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य तथा आपुर्ती तथा उपभोक्ता सरंक्षण विभाग, वाणिज्य आपुर्ती तथा उपभोक्ता सरंक्षण कार्यालयमा प्रा.फ.र.नं ३१९२९/०७०/७१ मिति २०७०/१०/१९ मा दर्ता भई पर्सा जिल्ला, वडा नं. २४ रामगढवा, स्थित फर्मको ठेगाना रहेको **श्री अमृता किराना पसल** **प्रोप्राइटर / व्यक्तिगत जमानतकर्ता:** जादोलाल महतो नुनियाकी छोरी, रामचन्द्र महतो नुनियाकी बुहारी, जयचन्द्र प्रसाद नुनियाकी पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा न. ५, नेपाल स्थायी घर भई हाल ऐ ऐ, बस्ने बर्ष ४६ की **श्रीमती सरीता देवी** (ना.प्र.नं. ३४–०१–७०–०८०२४, जारी मिति : २०७०/०६/१६, जि.प्र.का. पर्सा,) **व्यक्तिगत जमानतकर्ता:** रामानन्द महतो नुनियाकी बुहारी, नथु चौधरीकी छोरी, शम्भु प्रसाद ननियाकी पत्नी, पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५, नेपाल स्थायी घर भै ऐ ऐ, बस्ने बर्ष ४९ की **श्रीमती रेन्जु देवी** (ना.प्र.नं. ३४३०६८/३० जारी मिति २०६३/१२/११ जि.प्र.का. पर्सा,) **धितो जमानीकर्ता /व्यक्तिगत जमानतकर्ता:** राम गोबिन्द महतोको नाती, रामानन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल ऐ ऐ बस्ने बर्ष ५७ का **श्री शम्भु प्रसाद नुनिया** (ना.प्र.नं. ८०२३१४१५, जारी मिति २०४४/१२/१०, जि.प्र.का. पर्सा) **धितो जमानीकर्ता /व्यक्तिगत जमानतकर्ता:** राम गोबिन्द महतोको नाती, रामचन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल पर्सा जिल्ला, पकहाँ मैनपुर, वडा नं. ५ बस्ने बर्ष ५६ का **श्री जय प्रकाश महतो** (ना.प्र.नं. ८०२३१४८९, जारी मिति २०४४/१२/१३, जि.प्र.का. पर्सा) **धितो जमानीकर्ता /व्यक्तिगत जमानतकर्ता:** राम गोबिन्द महतोको नाती, रामचन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल ऐ ऐ बस्ने बर्ष ५२ का **श्री जय नारायण प्रसाद नुनिया** (ना.प्र.नं. २२९/८०२३१४४९, जारी मिति २०५८/०६/०७, जि.प्र.का. पर्सा) **धितो जमानीकर्ता /व्यक्तिगत जमानतकर्ता:** राम गोबिन्द महतोको नाती, रामचन्द्र महतो नुनियाको छोरा, साबिक पर्सा जिल्ला, सबैठवा गा.बि.स वडा न. ०४ नेपाल स्थायी घर भै हाल ऐ ऐ बस्ने बर्ष ४८ का **श्री जयचन्द्र प्रसाद नुनिया** (ना.प्र.नं. २३०/८०२३१४५०, जारी मिति २०५८/०६/०७, जि.प्र.का. पर्सा)	**सम्पत्ति - १** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | शम्भु प्रसाद नुनिया | पर्सा/बहुअर्वा भाड्डा | ४ | ९६८ | ०–०–१६–० (२७०.८८ व.मि.) २. | शम्भु प्रसाद नुनिया | पर्सा/बहुअर्वा भाड्डा | ४ | ९७० | ०–६–६–० (२१३३.३६ व.मि.) ३. | शम्भु प्रसाद नुनिया | पर्सा/बहुअर्वा भाड्डा | ४ | ४७७ | ०–१–१६–० (६०९.५१ व.मि.) ४. | शम्भु प्रसाद नुनिया | पर्सा/बहुअर्वा भाड्डा | ४ | १३७ | ०–३–१०–० (११८५.१९ व.मि.) ५. | शम्भु प्रसाद नुनिया | पर्सा/बहुअर्वा भाड्डा | ४ | ६१५ | ०–१–१६–० (६०९.५१ व.मि.) ६. | शम्भु प्रसाद नुनिया | पर्सा/बहुअर्वा भाड्डा | ४ | ६१४ | ०–१–१६–० (६०९.५१ व.मि.) **सम्पत्ति - २** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | जय प्रकाश महतो | पर्सा/रामगढवा | ८ | ५७६ | १००.५० व.मि. २. | जय प्रकाश महतो | पर्सा/रामगढवा | ८ | ५८० | ९३.१२ व.मि. ३. | जय प्रकाश महतो | पर्सा/रामगढवा | ८ | ५७४ | ६३.४० व.मि. ४. | जय नारायण प्रसाद नुनिया | पर्सा/रामगढवा | ८ | ५७८ | ८२.४० व.मि. ५. | जय नारायण प्रसाद नुनिया | पर्सा/रामगढवा | ८ | ६१६ | ३८.१० व.मि. ६. | जयचन्द्र प्रसाद नुनिया | पर्सा/रामगढवा | ८ | ६१५ | २७.६५ व.मि. ७. | जयचन्द्र प्रसाद नुनिया | पर्सा/रामगढवा | ८ | ५७५ | ६३.४१ व.मि. ८. | जयचन्द्र प्रसाद नुनिया | पर्सा/रामगढवा | ८ | ५७७ | ७१.०५ व.मि. ९. | जयचन्द्र प्रसाद नुनिया | पर्सा/रामगढवा | ८ | ५७९ | ७६.१९ व.मि. **सम्पत्ति - ३** सि.नं. | जग्गाधनीको नाम | न.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल (बि-क-धु-क)/बर्ग.मि १. | जय नारायण प्रसाद नुनिया | पर्सा/रामगढवा | ७ | ३५ | १२६ व.मि.
३.	**ऋणी:** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, वाणिज्य विभाग, प्रा.फ.र.नं. ६९२२०/०६१/०६२ मिति २०६१/१२/०२ मा दर्ता भएको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.२४ प्युखा, स्थित **श्री शुभम् ट्रेड हाउस–१** **प्रोप्राइटर / व्यक्तिगत जमानतकर्ता:** यादव नाथ सुवेदीकी छोरी, नानीराज घिमिरेकी पत्नी मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं ११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०४, बस्ने वर्ष ५१ की **श्रीमती मिनाक्षी घिमिरे** (ना.प्र.नं.२६/११४ जारी मिति: २०५३/०९/०३, जि.प्र.का काठमाण्डौ) **व्यक्तिगत जमानतकर्ता/धितो जमानीकर्ता:** हेमलाल घिमिरेको नाति, प्रिथुनाथ घिमिरको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा, वडा नं ११, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, नागार्जुन न.पा. वडा नं. ०४, बस्ने बर्ष ५३ का **श्री नानीराज घिमिरे** (ना.प्र.नं. ३३०३ जारी मिति: २०४२/११/१९, जि.प्र.का मकवानपुर)	**सम्पत्ति - १** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवनापुर जिल्ला हेटौडा न.पा वडा न.११ स्थित कि.न ६५४४ को क्षेत्रफल (बि-क-धु) ०-१२-१३.२५-० (४२८७.८८ बर्ग.मि) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । **सम्पत्ति - २** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मकवनापुर जिल्ला हेटौडा न.पा वडा न.११ स्थित कि.न ६८११ को क्षेत्रफल (बि-क-धु) ०-३-०-० (१०१५.८९ बर्ग.मि) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । **सम्पत्ति - ३** **नानीराज घिमिरे**को नाममा मालपोत कार्यालय कलंकीको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला सावित सितापाईला गा.वि.स. वडा न.०१ हाल नार्गाजुन न.पा वडा न. ०४ स्थित कि.न २३५ को क्षेत्रफल ३१४.०० बर्ग.मि घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । माथि उल्लेखित धितोमा रहेको सम्पत्ति सकार गरी लिन ईच्छुक महानुभावहरूले सबै या कुनै एक सम्पत्तीमा मात्र पनि बोलपत्र फारम पेश गर्न सक्नुहुनेछ ।

लिलाम बिक्री सम्बन्धी शर्तहरू:

१. बोलपत्र आह्वान तथा लिलाम बिकिको सूचना मिति २०८१/०१/०३ गते सोमबारका दिन दिनको ठीक ०३.०० बजे सि.नं. १ र २ को धितो बैंकको शाखा कार्यालय विरगञ्ज, आर्दशनगर तथा सि.नं. ३ को धितो बैंकको काठमाडौं स्थित केन्द्रिय कार्यालय ऋण असूली विभागमा खोलिने छ । बैंकलाई प्राप्त भएका गोप्य शिलबन्दी बोलपत्रहरू बोलपत्रदाता र/ वा निजको प्रतिनिधि, सरकारी निकायका प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा साक्षी अनुपस्थित हुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

२. बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रूपमा समेत स्वीकार गर्न सक्नेछ, र यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।

३. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम प्रक्रिया रोक्का वा बदर हुनेछ । बोलपत्र सदर भएपश्चात ऋणीले सम्पुर्ण रकम बूझाएको अवस्थामा समेत कुनै कारणवश बोलपत्र रद्द गर्नु पर्ने भएमा बोलपत्र रद्द गरी सम्पुर्ण रकम फिर्ता गर्न सकिनेछ ।

४. अन्य शर्तहरू बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

१३ महिनापछि बागमती सरकारमा फर्कियो एमाले



बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मा एमालेका जगन्नाथ थपलियालाई मन्त्री पदको शपथ गराउँदै ।

मकवानपुरमा **पोष्टराज अधिकारी**

१० चैत ०७९ मा बागमती प्रदेश सरकारबाट बाहिरिएको एमाले १३ महिनापछि पुनः सरकारमा फर्किएको छ । शनिबार एमाले नेता जगन्नाथ थपलियाले मन्त्रीका रूपमा शपथ लिएसँगै एमालेले बागमती प्रदेशमा दोस्रोपटक प्रवेश पाएको हो ।

एमाले बागमती प्रदेश संसदीय दलका नेतासमेत रहेका थपलियाले आर्थिक मामिला तथा योजनामन्त्रीको रूपमा शपथ लिएका छन् । उनलाई बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले पद तथा गोपनीयताको शपथ गराए । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले थपलियालाई शनिबार नै मन्त्री नियुक्त गरेका थिए । यसअघि पनि थपलियाले आर्थिक मामिला तथा योजनामन्त्रीकै जिम्मेवारी पाएका थिए ।

मन्त्री थपलिया २६ पुस ०७९ मा पहिलोपटक प्रदेश सरकारको आर्थिक मामिला तथा योजनामन्त्रीमा नियुक्त भएका थिए । करिब चार महिना सरकारमा रहेका उनले राष्ट्रपति निर्वाचनमा सत्ता समीकरण परिवर्तन भएपछि एमाले सरकारबाट बाहिरिएसँगै मन्त्री पदबाट राजीनामा दिएका थिए । तत्काल नेता थपलियाको नेतृत्वमा एमालेका थप तीनजना मन्त्रीसहित उनी सरकारमा सहभागी भएका थिए । सत्तागठबन्धन परिर्वतन भएसँगै १० चैतमा प्रदेश सरकारबाट एमालेका मन्त्रीहरूले राजीनामा दिएर बाहिरिएका थिए ।

एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसुदन पौडेलले नेता थपलियाले मन्त्री पदको शपथ लिएर एमाले सरकारमा रहेको संकेत दिएको बताए । उनले १९ चैतमा मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिएपछि एमालेले बाँकी मन्त्रीहरूको टुंगो लगाएर सरकामा सहभागी गराउने दाबी गरे ।

२३ फागुनमा तत्कालीन सत्तासाझेदार दल कांग्रेस सरकारबाट बाहिरिएर समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री जम्कट्टेलले एमाले, माओवादी, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको साथ लिएर १९ गते विश्वासको मत लिने तयारी गरेका छन् । ११० सदस्यीय प्रदेश सभामा मुख्यमन्त्री जम्कट्टेललाई सरकार टिकाउन ५६ सांसदको समर्थन आवश्यक छ ।

छिट्टै कांग्रेस नेतृत्वमा नयाँ गठबन्धन : कोइराला



काठमाडौं/ कांग्रेस नेता डा. शेखर कोइरालाले छिट्टै कांग्रेस नेतृत्वमा सत्तागठबन्धन बन्ने दाबी गरेका छन् । शनिबार वसुन्धारामा बिपी स्मृति सामुदायिक अस्पतालको १६औं वार्षिक साधारणसभामा उनले निरन्तरको अस्थिरतालाई रोक्न कांग्रेस गठबन्धन बनाउने प्रयत्न भइरहेको बताए ।

'देशमा फेरि नयाँ गठबन्धन बन्छ केही दिन, महिनापछि । पक्कै बन्छ नै, किनकि हामी विपक्षमा छौं । सत्तामा जान कोसिस गरिरहेका हुन्छौं । त्यो स्वाभाविक पनि हो । यसरी देश अगाडि बढ्न सक्दैन । निर्वाचन प्रणाली नै यस्तो छ कुनै पनि दलको बहुमत आउनै सक्दैन गठबन्धनमा जानैपर्ने हुन्छ,' उनले भने ।

कोइरालाले केन्द्रमा सत्ता परिवर्तनसँगै प्रदेशका सरकारसमेत निरन्तर अस्थिर हुने गरेको भन्दै चिन्ता जनाए । निर्वाचन प्रणाली परिवर्तन हुनुपर्नेमा उनको जोड थियो । निर्वाचन प्रणाली परिवर्तनका लागि समावेशी समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्ने कोइरालाको भनाइ थियो । 'गठबन्धन बन्ने भत्कने गर्न थाल्यो भने देशको विकास कहिले गर्ने ? केन्द्रमा त हुने भयो । अब सातै प्रदेशमा पनि सरकार परिवर्तन हुँदै छ,' उनले भने, 'समानुपातिक समावेशी चरित्रलाई स्विकारेर कसरी जाने निर्वाचन प्रणालीलाई सुधार गरे जान सकिन्छ कि सकिँदैन ?'

राप्ती नगरपालिकामा कार्यालय समयमा फेसबुक र म्यासेन्जर चलाउन बन्द

भरतपुरमा **विवेक पोखेल**

चितवनको राप्ती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शैलेन्द्र भण्डारीले कार्यालय समयमा सामाजिक सञ्जाल चलाउन निषेध गर्ने भएका छन् । उनले फेसबुक र म्यासेन्जर १० देखि ५ बजेसम्म कार्यालयका कर्मचारीले चलाउन नपाउने गरी बन्द गर्ने बताएका हुन् । 'मेयर र उपमेयरसँग कुरा गरेर जनताको सेवालाई सहज बनाउन कर्मचारीका लागि कार्यालय समयमा फेसबुक र म्यासेन्जर प्रयोग बन्द गराउन लागेको हो,' उनले भने ।

नेपाल सरकारले तोकेको ड्रेसकोड र परिचयपत्र लगाएर १० बजे कार्यालय नआउने कर्मचारीमाथि कारबाही हुने उनको भनाइ छ । कार्यालय समयमा काम छैन भनेर आफ्नो कार्यकक्ष छाड्नसमेत नपाइने उनले बताए । 'म मासिक रूपमा कर्मचारीसँग बैठक गर्छु र तत्काल कार्यालयको समस्या हल गरेर अघि बढ्नेछु । कुनै पनि कर्मचारीले बहाना बनाएर अल्झी गर्न पाउनेछैनन्,' उनले भने ।

सर्धै विवादमा तानिँदै आएको राप्ती नगरपालिकामा प्रशासकीय अधिकृत टिक्न सकेका थिएनन् । आफ्नो कार्यकालको समयमा कर्मचारी सरुवा भएर राप्ती नगरपालिकामा जाऊँजाऊँ हुने वातावरण आफूले बनाउने उनले बताए । 'यो कर्मचारी राप्तीको नगरपालिका हो भन्ने बनाउँछु । जहाँ चुनौती त्यहाँ अवसर भन्छन् । ऐन नियमले तोकेका काम हामीले गर्ने हो । अनुशासित र सेवासँग जिम्मेवार कर्मचारी मात्र यहाँ हुनेछन्,' उनले भने ।

सात वर्षदेखि नगरपालिकाको कृषि शाखामा रहेर काम गर्दै आएका भण्डारीले बुधाबारदेखि प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका हुन् ।

नमस्तेलाल भूमिले ल्याए दुई पुस्तक



तनहुँ/ वातावरणविद् नमस्तेलाल भूमिले 'पोजेटिभ थट, सर्च एन्ड एक्सन' र 'नमस्तेलाल देशभित्र, देशबाहिर' पुस्तक ल्याएका छन् । शनिबार दमौलीमा उनले लेखेका दुई पुस्तकको प्रतिनिधिसभा सदस्य शंकर भण्डारीले विमोचन गरे । भण्डारीले धेरै प्रकारका विविधता, संस्कार र संस्कृति भएको देश विकासमा पछि पर्नुमा सकारात्मक भावनाको कमी भएको बताए । उनले यस्ता पुस्तक प्रकाशित गरिनु उपयुक्त भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्ने बताए ।

मानव जीवनसँग जोडिएका पक्षलाई पुस्तकमार्फत प्रस्तुत गरिएकाले उनको भाव र कर्मलाई बुझेर व्यवहारमा कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए । नेपाललाई आधारभूत सरसफाइयुक्त राष्ट्र बनाउने अभियानमा नेतृत्वदायी भूमिका खेलेका श्रेष्ठले समाजमा सकारात्मक भावना फैलाउने उद्देश्य लिएर पुस्तक लेखेको भन्दै सांसद भण्डारीले सराहना व्यक्त गरे । कार्यक्रममा विभिन्न वक्ताले पुस्तकले समाजलाई सुखी र खुसी बनाउन टेवा पुग्ने हुँदा आगामी दिनमा नैतिक शिक्षा दिने खालको पुस्तक प्रकाशित गर्नुपर्नेमा जोड दिए ।

समय र उमेरमा भीष्म

रंगकर्मी भीष्म जोशीले निर्माण गरेको म्युजिकल फिल्म 'समय र उमेर' सार्वजनिक भएको छ। यसमा जोशीसँगै रिस्ता बस्नेत अधिकारी, नेहा शाही, रवीन्द्र थापालगायतको अभिनय छ। जोशीकै शब्द रचना रहेको गीतमा सुविन सेञ्चुरी र समीक्षा दाहालको स्वर छ। आर्टघरको युट्युब च्यानलमार्फत भिडियो सार्वजनिक गरिएको हो।






एञ्जिलाको बायोपिक आगामी माघमा

महिला राष्ट्रिय फुटबल टिमकी गोलरक्षक एञ्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित फिल्म 'अञ्जिला' आगामी ११ माघमा रिलिज हुने भएको छ। मिलन चाम्सको निर्देशनमा बन्ने फिल्ममा एञ्जिलासँगै दयाहाङ राई, मिरुना मगर, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङ, विजय बराल लगायतको अभिनय रहने छ।

सामाजिक सम्बन्धले कम गर्छ बुढ्यौलीको प्रक्रिया

मानिसको दीर्घायु र स्वास्थ्य अवस्था उसका साथीहरूको संख्यामा पनि निर्भर गर्ने नयाँ अध्ययनले देखाएको छ। मायो क्लिनिकको अनुसन्धानअनुसार सामाजिक सम्बन्धले सीधा रूपमा मानिसको शारीरिक स्वास्थ्यलाई प्रभावित गरिरहेको हुन्छ। जति धेरै नेटवर्क हुन्छ, मानिस उति नै स्वस्थ र जवान देखिन्छ। यसअघि सम्बन्धले मानसिक स्वास्थ्यलाई असर गर्ने कुरामा मात्रै जोड दिइएको थियो। तर, नयाँ अनुसन्धानले फरक निष्कर्ष निकालको छ। अनुसन्धानअनुसार एक्लोपनको अवस्थाले बिरामी हुने, अस्पताल भर्ना हुनुपर्ने र असामयिक निधन हुने खतरासमेत बढाउँछ। मानिसको सम्बन्ध उसको मानसिक र शारीरिक दुवै स्वास्थ्यका लागि उत्तिकै जिम्मेवार रहने अनुसन्धानको निष्कर्ष छ।



शारीरिक असर

आम रूपमा एक्लोपनलाई अवसाद वा उदासी भावनासँग जोडेर हेर्ने गरिन्छ। एक्लै बस्नेमाथि मानसिक दबाब पर्ने उनीहरूको बुझाइ हुन्छ। केही हदसम्म यो सही पनि हो। तर, मायो क्लिनिकको नयाँ रिसर्चले एक्लोपनका शारीरिक असर पनि उजागर गरेको छ। एक्लोपनमा मानिसहरूको शरीर उनीहरूको उमेरको दाँजोमा धेरै नै बुढो हुन सक्छ। उदाहरणका लागि ३५ वर्षको मानिससँग धेरै साथीभाइ छन् र ऊ खुसी छ भने उसको स्वास्थ्य राम्रो भएर ३० वर्षको जस्तो देखिन सक्छ। तर, ३० वर्षको उमेरमा सम्बन्ध बिग्रिएको मानिस एक्लोपनको सिकार भएर अस्वस्थ हुने र ४० वर्षको जस्तो देखिने पनि हुन सक्छ।

सामाजिक नेटवर्कको प्रभाव

अनुसन्धानअनुसार कुनै पनि व्यक्तिको सोसल नेटवर्क इडेक्सले उसको मानसिक र शारीरिक स्वास्थ्यलाई सीधा प्रभावित गरिरहेको हुन्छ। सोसल नेटवर्क इन्डेक्स सम्बन्धको संख्या मापन गर्ने एक तरिका हो। जसले कुनै पनि मानिसले समाज, परिवार र सम्बन्धमा कसरी अलग-अलग भूमिका निभाइरहेको छ भनेर बताउँछ। उदाहरणका लागि यदि कुनै मानिसले एक पिता, भाइ, साथी र शिक्षाका रूपमा फरक-फरक व्यक्तिसँग मित्रता राखेको छ भने उसको सोसल नेटवर्क इन्डेक्स ४ हुन्छ।

सोसल नेटवर्क इन्डेक्समा ती मानिससँगको सम्बन्ध मात्रै गणना गर्न सकिन्छ, जोसँग उसले महिनामा कम्तीमा दुईपटक नियमित अन्तर्क्रिया गरेको हुन्छ। यसरी नै सम्बन्धले शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पारिरहेको हुन्छ। कसैको शारीरिक र मानसिक स्वास्थ्य जान्नका लागि उसको सोसल नेटवर्क इन्डेक्स पनि ख्याल गर्न सकिन्छ। नयाँ रिसर्चअनुसार जति धेरै नेटवर्क हुन्छ, मानिस उति नै स्वस्थ र जवान देखिन्छ।

एक्लोपनले असामयिक निधनको जोखिम

क्लिनिकले झन्डै दुई लाख ८० हजार मानिसमा अध्ययन गरेको हो। यस दौरान मानिसको स्वास्थ्यसम्बन्धी आँकडासँगै उनीहरूको सम्बन्धबारे पनि अनुसन्धान गरिएको थियो। नतिजा, जो मानिसका धेरै साथी थिए वा सामाजिक दायरा ठूलो थियो वा जो संयुक्त परिवारमा बस्छन्, उनीहरूमा बिरामी हुने दर पनि कम थियो। यदि बिरामी परिहाले पनि अस्पताल भर्ना हुनुपर्ने अवस्था कम आउँथ्यो।

अर्कोतर्फ एक्लोपनको सिकार भएका मानिसहरू बिरामी हुने, अस्पताल भर्ना हुनुपर्ने र असामयिक निधन हुने जोखिम अत्यधिक पाइयो। अनुसन्धानअनुसार उस्तै रोगबाट ग्रस्त भएको अवस्थामा धेरै साथीभाइ वा सम्बन्ध भएका बिरामी कम प्रभावित भएको पाइयो। जबकि त्यही रोगले एक्लोपनबाट ग्रस्त बिरामीको अवस्था निकै खराब हुन्छ।

मित्रताका सकारात्मक प्रभाव

हेल्थ जर्नल इपिएसले निकटको मित्रता र सामाजिक सम्बन्धबारे अध्ययन गरेको छ। यसका अनुसार मित्रता र सामाजिक सम्बन्धले स्वास्थ्यमा ३५ अलग-अलग सकारात्मक प्रभाव पार्न सक्छ। जसले मानसिक र शारीरिक स्वास्थ्यमा सकारात्मक परिवर्तन ल्याउन सक्छ। केही मुख्य फाइदा यस्ता छन् :

- सुदृढ मानसिक स्वास्थ्य
- डिप्रेसनको जोखिम १७ प्रतिशत कम
- अस्पताल भर्ना हुनुपर्ने दरमा कमी
- दीर्घायु
- बढ्दो उमेरमा पनि जवान देखिने
- स्वास्थ्य आचरणमा ९ प्रतिशतले वृद्धि
- स्ट्रोकको जोखिम १७ प्रतिशत कम

(एजेन्सीको सहयोगमा)

रुघाखोकी लागेमा...



तुलसी : तुलसीले धेरैखाले समस्याको उपचार गर्छ। यसलाई एन्टिअक्सिडेन्टका रूपमा प्रयोग गरिन्छ। खोकी, आस्थमा, टिबी, एलर्जिक ब्रोन्काइटिसलगायत विभिन्न समस्या कम गर्न मद्दत गर्छ। साथै, श्वासप्रश्वाससम्बन्धी समस्यामा पनि यो उपयोगी छ। मानिसको प्रतिरोधी क्षमतालाई पनि बलियो बनाउँछ।

जेठी मधु : जेठी मधुले पनि खोकी कम गर्छ। तर, यसको प्रयोग थोरै मात्रामा वा आयुर्वेदिक चिकित्सकको सल्लाहअनुसार गर्नुपर्छ। मात्रा बढी भएमा यसले बान्ता गराउनेलगायत समस्या निम्त्याउन सक्छ। यसमा एन्टी माइक्रोबियल र एन्टी एजिङ गुण हुन्छ।



डा. मिथिलेसकुमार शाह
उपप्राध्यापक
आयुर्वेद क्याम्पस कीर्तिपुर

मरिच : मरिचले रुघाखोकी, टन्सिल, पिनास, दम, टाउको दुखेकोलगायत समस्या समाधानमा सहयोग गर्छ। विशेष गरी, कफ निस्कने खालको खोकीमा मरिचको प्रयोग प्रभावकारी देखिन्छ। खाना खाइसकेपछि दुईवटा मरिच खाँदा खाना राम्ररी पच्छ।

ल्वाङ : सुक्खा खोकीमा ल्वाङ प्रयोग गर्दा राम्रो हुन्छ। शरीरमा बाथ रोगसम्बन्धी दुखाइ भएको अवस्थामा पनि ल्वाङ प्रयोग गर्न सकिन्छ। दाँतमा दुखाइ भएको अवस्थामा पनि यसले राहत दिन्छ।

बेसार : यसलाई कोभिडकालमा पनि धेरैले प्रतिरोधात्मक औषधिका रूपमा प्रयोग गरे। यसलाई पनि रुघाखोकी, टन्सिल भएका वेला पानीमा उमालेर पिउन सकिन्छ।

ज्वानो : ज्वानोपानी रुघाखोकी र ज्वरोमा निकै राम्रो हुन्छ। जिउ, हात दुख्ने, जोर्नी दुख्नेलगायत बाथरोगमा ज्वानोले सहयोग गर्छ। यसले शरीरलाई तातो बनाउँछ।

मह : रुघाखोकीका लागि महको प्रयोग पनि उपयोगी देखिन्छ। तर, कतिपयले तताएर मह प्रयोग गर्नुहुन्छ, जो स्वास्थ्यका लागि राम्रो हुँदैन।

सुठो : सुकेको अदुवाको धुलोलाई सुठो भनिन्छ। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउने, खाना पचाउन सहयोग गर्ने गर्छ। पानीमा सुठो उमालेर पिउँदा दम, रुखाखोकी, श्वासप्रश्वास, ज्वरो, बान्ता, पेट दुख्ने, बाथ, ढाड दुख्नेलगायत समस्या समाधानमा मद्दत मिल्छ।

पावर बैंक किन्दा यी कुरामा ध्यान दिऔं

स्मार्टफोनको प्रयोग बढ्दै छ। आफ्नो कामका लागि मानिसहरू यसैमा निर्भर भएका हुन्छन्। तर, कतिपय अवस्थामा चार्ज सकिएर समस्या हुन्छ र चार्ज गर्न पनि सुविधा उपलब्ध हुँदैन। यस्तोमा पावर बैंक निकै सहयोगी मानिन्छ। तर, पावर बैंक किन्दा केही कुरा ख्याल गर्न जरुरी छ :

■ **पावर बैंकको क्षमता** : फोनको ब्याट्री क्षमताभन्दा कम्तीमा साढे दुई गुणा ज्यादा क्षमताको पावर बैंक किन्नु राम्रो हुन्छ। जसकारण फोन झन्डै दुईपटक पूर्ण रूपमा र एकपटक ५० प्रतिशत चार्ज गर्न मिलोस्। उदाहरणका लागि फोनको ब्याट्री पाँच हजार एमएएचको छ भने १० हजारदेखि १५ हजार एमएएच क्षमताको पावर बैंक लिनु राम्रो हुन्छ।



■ **चार्जिङ प्वाइन्ट** : पावर बैंक किन्दाको समय चार्जिङ प्वाइन्टमा ध्यान दिनुपर्छ। बजारमा त्यस्ता धेरै पावर बैंक पाइन्छन्, जसले युएसबी केवलमार्फत मात्रै काम गर्छन्। यस्ता पावर बैंक किन्दा फोन चार्ज गर्नमा समस्या आउन सक्छ।

■ **संख्या** : पावर बैंकले एकपटकमा कतिवटा डिभाइस चार्ज गर्न सक्छ, यस विषयमा पनि ध्यान दिन जरुरी छ। कम्तीमा एकपटकमा दुईवटा फोन चार्ज गर्न सक्ने पावर बैंक किन्नुपर्छ।

■ **भोल्टेज** : पावर भोल्टेज निकै जरुरी छ। पावर बैंकको आउटपुट भोल्टेज फोनको बराबर भएन भने चार्ज हुन सक्दैन। त्यसैले आफ्नो फोनसमानको आउटपुट भोल्टेज भएको पावर बैंक लिनुपर्छ।

५० वर्षपछि 'ढुंगे बगर'को रिमेक



काठमाडौं/ वरिष्ठ लोकगायक, संकलक तथा सर्जक लालबहादुर खाती तथा वरिष्ठ लोकगायिका तीर्थकुमारी थापाको स्वर रहेको कालजयी नेपाली लोकगीत 'ढुंगे बगर... माया ढुंगे बगर...'लाई रिमेक गरिएको छ। यो गीत करिब ५० वर्षअघि रेडियो नेपालमा रेकर्ड भएर श्रोतामाझ ख्याति कमाउन सफल भएको थियो।

गीतलाई सर्जक, वरिष्ठ लोकगायक तथा संकलक स्वर्गीय लालबहादुर खातीप्रति समर्पित गर्दै गायिका तीर्थकुमारी थापाको स्वरमा रिमेक गरिएको हो। रिमेक भर्सनमा गायिका तीर्थकुमारी थापालाई युगल गायनमा सुरजकुमार थापाले साथ दिएका छन्।

नबिल बैंक लिमिटेड, कंचनबारीशाखा, मोरङ्गको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/१२/१८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मोरङ विराटनगरमा, मिति २०७३/०८/०३ मा प्रा.फ.न.घ. उ.मा. १३०६५/०७३/०७४ अन्तर्गत दर्ता भएको **श्री सुर्य एडभरटाईजिङ्ग**।

ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १६ मोरङ।

ऋणी फर्मका प्रोप्राइटर :

वासुदेव यादवको नाती, विश्वनाथ प्रसाद यादवको छोरा, सप्तरी जिल्ला बथनाहा गा.वि.स. वडा नं. ०९, स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ०३, बस्ने, ना.प्र.नं. १६१०३१/७० नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. (जारी मितिः २०६५/१२/०५, स्थान सप्तरी) भएकी भएको **श्री सुर्यनाथ यादव**।

व्यक्तिगत जमानतकर्ताको विवरण

शिव नारायण यादवकी छोरी, विश्वनाथ प्रसाद यादवकी बुहारी, सुर्यनाथ यादवकी श्रीमती, सुनसरी जिल्ला कोशी गा.वि.स. वडा नं. ०२, स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ०४ बस्ने, ना.प्र.नं. ०६-०१-७४-११७६८ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.(जारी मितिः २०७४/०९/१७, स्थान सुनसरी) भएकी **श्रीमती कविता कुमारी यादव**।

धितोको विवरण

१. सप्तरी जिल्ला बथनाहा गा.वि.स. वडा नं. ०९, स्थायी घर भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ०३, बस्ने, **श्री सुर्यनाथ यादव**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको, सुनसरी जिल्ला खनार गा.वि.स. वडा नं. ०४, सिट नं. ४ख मा अवस्थित कि.नं. ९७९ क्षेत्रफल ०-०-१६.५-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. **श्री सुर्य एडभरटाईजिङ्ग**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको, मोरङ जिल्ला कटहरी गा.वि.स. वडा नं. ०३, सिट नं. १७८०६६४४ मा अवस्थित कि.नं. १२८ क्षेत्रफल ५७७.५० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, नेपालगंज शाखा-२, बाँकेको, तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/१२/१८)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिस्टेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार, कर्णाली प्रदेश उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय मुगुका, मिति २०७५/१०/२८ मा प्रा.फ.द.प्र.प.नं. ८१७-०७५-७६ अन्तर्गत दर्ता भएको **श्री कैलाश निर्माण सेवा**।

ठेगाना : मुगु जिल्ला, सोरु गा.पा., वडा नं. ६।

ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण :

जोरा सिहँ शाहीको नाती, विक्रम शाहिका छोरा, मुगु जिल्ला जिमा गा.वि.स. वडा नं. ९, स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ११ बस्ने, ना.प्र.नं. ५८५५४८, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मुगु, (जारी मितिः वि.सं. २०५९/१२/२५) भएको **श्री रतन बहादुर शाही**।

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

सुरथ बहादुर मल्लकी छोरी, विक्रम शाहिकी बुहारी, रतन बहादुर शाहीकी श्रीमती, मुगु जिल्ला, सोरु गा.पा., वडा नं. ६ स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ११ बस्ने, ना.प्र.नं. ६४४६/१०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. मुगु (जारी मितिः २०६०/०५/१८) भएकी **श्रीमती निरमाया मल्ल (शाही)**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण :

मुगु जिल्ला जिमा गा.वि.स. वडा नं. ९, स्थायी घर भई हाल बाँके जिल्ला कोहलपुर गा.वि.स. वडा नं. ११ बस्ने, **श्री रतन बहादुर शाही**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला रुकेना गा.वि.स. वडा नं. ७ सिट नं. ७क मा अवस्थित कि.नं. २६१५ क्षेत्रफल ०-०-१७-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

धितोमा रहेको सवारी साधनको विवरण :

ऋणी **श्री कैलाश निर्माण सेवा** धनी यस बैंक समेत भएको निजि सवारी साधन दर्ता नं. को भे. १ क. १५५७ भएको J.C.B. Exavator .

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

स्कुले बालबालिकालाई के सिकाउने, के नसिकाउने ?

बालबालिकालाई दुःख र सुख, सम्पन्नता र अभाव, सभ्य र असभ्य भाषा सबै सिकाउन सकेमा मात्र ठीक र बेठीक पहिचान गर्ने क्षमताको विकास हुन्छ



अग्रलेख

● विदुरप्रसाद दाहाल

आजभोलि बालबालिकाहरू भनेको पटक्कै मान्दैनन् भन्ने गुनासो शिक्षक र अभिभावकबाट सुन्नुपर्छ। छोराछोरी मोबाइल चलाउन, मोबाइल-कम्प्युटरमा खेल खेल्न र कार्टुन हेर्न मात्र खोज्छन्। सामाजिकीकरण पटक्कै छैन। एक्लै कोठामा बस्ने र मोबाइलमा रमाउने उनीहरूको दिनचर्या हुन्छ। बाहिर हिँड्न र घरायसी काममा सघाउन खोज्दैनन्। घरमा आएका परिचित वा नयाँ मानिससँग बोल्दैनन्। स्कुल छुट्टी हुँदा खुसी मनाउँछन्। गृहकार्यमा रुचि छैन। शिक्षकको आँखा छल्न सामाजिक सञ्जालमार्फत जान्ने साथीको गृहकार्य सार्ने वा एपहरूको उत्तर जस्ताको तस्तै उतार्ने क्रम बढेको छ। अन्तर्क्रियात्मक तथा तार्किक क्षमता कमजोर छ। सामाजिक अन्तर्क्रियामा रुचि छैन।

मनोविज्ञानको पाटो

बाल मनोविज्ञानको कोणबाट हेर्दा बालबालिकाको रुचिअनुसार सिकाइ भएन। विषयवस्तु रुचिकर भएनन्। पढाउने शिक्षक-शिक्षिका र विद्यार्थीको बुझाइमा अन्तर भयो। शिक्षण सिकाइ बालबालिकाको रुचिअनुसार भएन। पुरानै पारामा विषयवस्तु प्रस्तुत गरियो। सिकाएका विषयवस्तु व्यावहारिक र जीवनोपयोगी हुन सकेनन्। शिक्षकले विद्यार्थीलाई विषयवस्तुको भारी बोकाउन खोजे। कति सिकाउने ? कस्ता विषयवस्तु सिकाउने भन्ने ज्ञान भएन। विषयवस्तुको ठाडो र समतलीय तालमेल कमजोर भयो। सिकाइ प्रक्रिया ठीक भएन। यसले गर्दा बालबालिकामा पढाइप्रति रुचि भएन। अभिभावक बालबालिकालाई शिक्षकले गृहकार्य नदिएकाले मोबाइलमा व्यस्त भए भनेर स्कुलमै पुग्छन्। समस्या यसैमा छ। कति गृहकार्य हुनुपर्ने हो ? सीमा भएन।

समाज, संस्कार र घरपरिवारको पाटो

धनी र सम्पन्न अभिभावकले आफ्ना बालबालिकालाई समय दिएनन्, पैसा दिए। अभाव बुझेनन् या बुझाउन खोजिएन। जो पायो त्यही मानिससँग बोलचाल नगर्नू भन्ने सिकाइयो। अरूसँग बोलचाल गर्दा नराम्रो भाषा सिक्छन् भनेर बाहिरी मानिससँगको सामाजिकीकरण र अन्तर्क्रियालाई बन्देज गरियो। यसले सामाजिक अन्तर्क्रिया कमजोर भयो, सामाजिकीकरण हुन सकेन। त्यसैले, बालबालिकालाई दुःख, सुख, सम्पन्नता, अभाव, सभ्य भाषा, असभ्य भाषा सबै सिकाउनुपर्छ। अनि मात्र ठीक र बेठीक पहिचान गर्ने क्षमताको विकास हुन्छ। यस्तो सिकाइ न परिवारले सिकायो न विद्यालयले।

बालबालिकालाई बढी परनिर्भर बनाइयो। एक हिसाबले बढी संरक्षण गरियो। घरायसी काम लगायो भने पढाइ बिग्रन्छ, के नपुग्दो छ र बालबालिकालाई काम लगाउनु भन्ने पुरातन सोचले गर्दा बालबालिकाले जीवनोपयोगी सीप सिक्नै पाएनन्। अर्कातिर कमजोर आर्थिक हैसियत भएका अभिभावकले छोराछोरीलाई बढी काम लगाउँदा सिकाइमा समय दिन सकेनन्। आवश्यक कुराको जोहो गर्न नसक्दा उनीहरूलाई काममा बढी लगाइयो। यसले सामाजिकीकरणको पाटो कमजोर बन्यो। यसले पढाइप्रति दिक्दारी बढायो र सिकाइ कमजोर भयो।

सिकाइका विषयवस्तु

पाठ्यक्रमले तोकेका विज्ञान र गणितका विषयवस्तुलाई सकेसम्म व्यावहारिकतासँग जोड्नुपर्छ। समाज र जीवनसँग जोड्न सके सिकाइ व्यावहारिक हुन्छ। विषयवस्तुको शिक्षण गर्दा सधैँ उनीहरूको स्तर र क्षमताअनुसार विषयवस्तु छनोट गर्नुपर्छ। पाठ्यपुस्तकका सैद्धान्तिक कुरालाई पनि व्यावहारिकतामा ढालेर सिकाउन सकिन्छ। त्यो क्षमता शिक्षकमा हुनुपर्छ। शिक्षण गर्दा सैद्धान्तिकता कम र व्यावहारिकता बढी हुनुपर्छ। यसको अर्थ जीवनोपयोगी कुरा सिकाउनुपर्छ। गृहकार्यको भारी बोकाउने चलन सुधार गरी सिर्जनात्मक गृहकार्य दिनुपर्छ। समयको महत्त्व, देशप्रतिको माया, सहयोगी भावना, व्यक्तिगत सरसफाइ, सरसफाइको महत्त्व, वृद्धवृद्धा, गरिब-असहायप्रति राम्रो व्यवहार गर्न सबैलाई सिकाउनुपर्छ। सामाजिक- जातीय विविधता, लिंग, जात-जाति, अनुशासन , नैतिकता, पढाइ र जीवनको महत्त्व, आत्मनिर्भरता, समस्या समाधान सीप, स्वस्थ बानी व्यवहार, असल आचरण, दुःख-सुख, गरिबी, अभाव, परिवारको हैसियत, परिवेश, संस्कार, देशका नियम कानुन, प्रविधिको सदुपयोग, वातावरणीय संरक्षण आदि पनि सिकाउनुपर्छ।

नसिकाउने विषयवस्तु

जातीय, लैंगिक तथा वर्गीय विभेदका कुरा बालबालिकालाई सिकाउनु हुँदैन। कुरीति, कुसंस्कार, अन्धविश्वास, अनावश्यक घमन्ड, भोगविलास, कुलत, नकारात्मकता, हिंसाजस्ता विषय पनि सिकाउनु हुँदैन। त्यसका बेफाइदा र खराब पक्षबारे सिकाउनुपर्छ।

शिक्षक र अभिभावकको भूमिका

सबैभन्दा महत्त्वपूर्ण कुरा सिकाइ हो। घर-परिवारबाटै बालबालिकाको सिकाइ सुरु हुन्छ। तर, आफ्ना छोराछोरीलाई के सिकाउने ? के नसिकाउने ? कसरी सिकाउने ? भन्नेबारे बाबुआमालाई थाहा नहुन सक्छ। परिवारका अन्य सदस्यलाई पनि सिकाइबारे ज्ञान नहुन सक्छ। शिक्षित परिवारमा जन्मेका बालबालिकालाई उनीहरूका अभिभावकले धैरै कुरा घरमै सिकाउन सक्छन्।

स्कुल दोस्रो पाठशाला हो, जहाँ उसलाई शिक्षक-शिक्षिकाले व्यावहारिक र सैद्धान्तिक कुरा सिकाउँछन्। शिक्षकलाई बाल मनोविज्ञानको पूर्ण ज्ञान हुनुपर्छ। विषयवस्तुलाई विद्यार्थीको रुचिअनुसार सिकाउने कला हुनुपर्छ। धैरै शिक्षकले बाल मनोविज्ञानको ख्याल गर्दैनन्। पाठ्यपुस्तक घोकाउने गर्छन्। विद्यार्थीलाई त्यस्तो शिक्षण मन परिरहेको हुँदैन। शिक्षकको कर्कस र पट्यारलाग्दो भाषण मन पर्दैन। त्यही हुनाले विद्यार्थीले कक्षामा हल्ला गर्छन्। त्यसो गर्न नपाए निदाउँछन्। सुधार्नुपर्ने यही हो। शिक्षकमा विशेष गुण र क्षमता हुनुपर्छ। खासगरी शिक्षक नमुना व्यक्ति हुनुपर्छ। व्यक्तिगत, सामाजिक र शैक्षिक गुणले भरिपूर्ण हुनुपर्छ। शिक्षक विद्यार्थीको मिल्ने साथी बन्नुपर्छ। अभिभावकले झैं माया गर्ने हुनुपर्छ। विषयवस्तु सजिलोसँग रुचिपूर्ण तरिकाले सिकाउने विज्ञ हुनुपर्छ।

केटाकेटीलाई पढाउने होइन, सिकाउनुपर्छ। सिकाइ बालकेन्द्रित हुनुपर्छ। सिकाउँदै-गराउँदै, गराउँदै-सिकाउँदै गर्नुपर्छ। सिकाउने र पढाउने तरिका गलत छ। साना केटाकेटीलाई राम सिंह को थियो ? राम सिंहको परिवारमा को-को थिए भन्ने किन घोकाउनु ? यस्ता प्रश्न परीक्षामा सोधेर फेल-पास र जान्ने-नजान्ने किन भन्नु ? बरु हरेकलाई आफ्ना परिवारको संख्या बताउन लगाउनुपर्छ। केटाकेटीलाई नचाउँदै, खेलाउँदै, स्वतन्त्रतापूर्वक सिक्न दिनुपर्छ। केटाकेटीलाई प्रकृतिमा रमेर सिक्न दिनुपर्छ। सिकाइ भनेको विद्यालयको घेराभित्र सिकाइएको-घोकाइएको कुरा मात्र हो भन्ने भ्रम हटाउनुपर्छ। बालबालिकालाई भाषा बोल्न, लेख्न, पढ्न, बुझ्न र सञ्चार गर्न सक्ने बनाए भएन र ? भाषाको काम लिखित र मौखिक सञ्चार गर्ने हो। कण्ठ गर्न र गराउन जरुरी छैन। चाहिएको ज्ञान र सीप विकास भए पुग्छ। साना बालबालिकालाई गणित र विज्ञानका सामान्य कुरा व्यावहारिक रूपमा सिकाए पुग्छ।



> सिकाइ भनेको विद्यालयको घेराभित्र सिकाइएको-घोकाइएको विषयवस्तु मात्र हो भन्ने भ्रम हटाएर बालबालिकालाई बोल्न, लेख्न, पढ्न, बुझ्न र सञ्चार गर्न सक्ने बनाए पुग्छ

सरकार र विद्यालयको भूमिका

सरकारले तालिम प्राप्त शिक्षकलाई कक्षाकोठामा पठाउनुपर्छ। बाल मनोविज्ञानको ज्ञान भएका र शिक्षा विषय पढेका व्यक्तिलाई शिक्षक बनाउनुपर्छ। निजी स्कुलको रिजल्ट राम्रो भए पनि त्यहाँका बालबालिकाले जीवनोपयोगी सीप सिकेका छैनन्। निजी स्कुलको सिकाइ सुगारटाइजस्तो छ। यसमा सुधार गर्नैपर्छ। निजी सकुलमा पढ्ने बालबालिकालाई व्यावहारिक कुरा र जीवनोपयोगी कुरा झनै थाहा छैन। सरकारी स्कुलमा विपन्न वर्गका छोराछोरी पढ्ने हुनाले अभिभावक कम सचेत छन्। सरकारी स्कुलका शिक्षक तुलनात्मक रूपमा दक्ष र क्षमतावान् भए पनि अल्छी छन्। जागिर पकाउन शिक्षण गर्छन्। शिक्षकहरू राजनीति गर्छन्। यसले गर्दा शिक्षण प्रभावकारी हुन सकेन। शिक्षण प्रक्रिया व्यावहारिक हुन सकेन। निम्नमध्यम वर्ग र शिक्षाको महत्त्व बुझेका अभिभावक स्कुलका कारण आफ्ना नानीबाबु सिकाइमा कमजोर भएको ठान्छन्। अंग्रेजी बोल्न नजान्नुलाई ठूलो कमजोरी ठान्छन्। त्यसैले, अभिभावकहरू स्कुल राम्रो भएन, छोराछोरी पढाउन कठिन भयो, नजिकैको सरकारी स्कुल राम्रो छैन। सकी-नसकी बोर्डिङ पढाउनुपर्छ भन्ने मान्यता राख्छन्, जुन गलत छ।

वंशाणुगत गुण र वातावरणको प्रभाव

केटाकेटीले केही जानेनन्, सिक्दै सिक्दैनन्, लद्दु छन् भनेर शिक्षकले गुनासो गरेको सुनिन्छ। वंशाणुगत गुणले सिकाइमा फरक पारेको हुन सक्छ। तर, वंशाणुगत गुणभन्दा वातावरणले सिकाइमा बढी प्रभाव पार्छ। नजान्ने र नसिक्ने भन्ने कुरै हुँदैन। वातावरण र परिवेशले फरक पार्छ। विद्यार्थी सिक्दै सिक्दैनन् भन्ने कुरा हुँदैन। बरु सिकाएको मिलेन कि ? उचित वातावरण भएन कि ? यस्ता कुराले समस्या सिर्जना गरेको हुन सक्छ। सानो हुँदा कुटाइबाट बच्न पाठ घोकेको हो कि ? भाले बन्नुपर्ला, स्याल कराएर साथीलाई मनोरञ्जन दिनुपर्ला वा कक्षामा कान समातेर उभिनुपर्ला भन्ने डरले पो पढेको हो कि ? त्यसो हो भने सिकाइ र बुझाइमा समस्या छ। माथिल्लो कक्षामा उद्देश्यात्मक सिकाइ हुन्छ। सिकारुलाई आफ्नो लक्ष्य र उद्देश्य थाहा हुन्छ। सिकारु स्वउत्प्रेरित हुन्छ। तर, तल्लो तहका बालबालिकालाई यस्तो थाहा नहुने हुँदा उत्प्रेरणा दिँदै सिकाइ गर्नुपर्छ। धैरैजसो नेपाली शिक्षक किताब पढाउँछन्, व्यवहार सिकाउँदैनन्। त्यसले गर्दा बालबालिकाले न सीप सिके, न लेखपढ गर्नै सिके, न त व्यवहार नै सिके।

वर्तमान सिकाइ प्रणालीमा कमजोरी छ। वातावरण निर्माणमा समस्या छ। शिक्षकमा बाल मनोविज्ञानको ज्ञान कम छ। विद्यार्थी केही जान्दैनन् भन्ने भ्रम छ। सिकाइको वातावरण निर्माणमा ध्यान कम छ। पाठ्यक्रमको उद्देश्य र पाठको उद्देश्यबारे शिक्षक कम जानकार छन्। शिक्षकले मूल जिम्मेवारी बिर्सेका छन्। राजनीति, घरायसी काम र व्यापार-व्यवसाय, मानौं उनीहरूको मुख्य जिम्मेवारी यही हो। शिक्षकले सिकाइका तौरतरिकाबारे खोज-अनुसन्धान गरेनन्। त्यो क्षमताका शिक्षक शिक्षण पेसामा प्रवेश गर्ने वातावरण बनेन। त्यस्तो वातावरण निर्माणमा राज्यले पहल गरेन। किताब पढाउनुलाई शिक्षकले आफ्नो जिम्मेवारी ठाने। उनीहरूले व्यवहार पढाएनन्। राज्यले पनि राम्रो काम गर्ने शिक्षकलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड दिने प्रणाली विकास गरेन। विद्यार्थी मूल्यांकन प्रणाली गलत विकास भयो। व्यवहारलाई भन्दा प्रमाणपत्र र प्रतिशतलाई ठूलो ठानिँदा सिकाइ प्रभावकारी हुन सकेन। यी सबै काम गर्ने शिक्षकलाई जिम्मेवार बनाउन राज्यले सकेन। राज्य चुक्यो। राज्यको शैक्षिक प्रशासन चुक्यो।

(दाहाल त्रिभुवन विश्वविद्यालय, भक्तपुर क्याम्पसमा प्राध्यापनरत छन्)

---

३ प्रश्न

गोर्खा भूतपूर्व सैनिक संघ (गेसो)का सभापति **कृष्णाकुमार राईलाई**



बेलायतसित भएको गोर्खाहरूको समान पेन्सनसम्बन्धी वार्ता किन असफल भयो ?

गोर्खामाथि भइरहेको विभेद हटाएर समान पेन्सनको व्यवस्था गर्ने माग राखेर क्रमिक रूपमा हुँदै आएको सातौँ चरणको जिटुजी वार्ता निष्कर्षविहीन रह्यो। यो वार्ता असफल हुनुमा गोर्खामाथि भइरहेको विभेदमा बेलायत सरकार गम्भीर नदेखिनु मुख्य रूपमा जिम्मेवार छ। अन्य विभेदका विषयमा वार्ता गर्न तयार भए पनि समान पेन्सन भने दिन सक्दैनौँ, यसलाई हामीले धान्नै सक्दैनौँ भनेर उनीहरू पन्छिइरहेका छन्। तर, अहिले असफल भए पनि वार्ता आगामी दिनमा पनि निरन्तर अघि बढ्छ। बल नेपाल सरकारको कोर्टमा छ। उसले सुझबुझसाथ गोल गर्न सक्नुपर्छ।

बेलायत सरकार किन समान पेन्सन दिनबाट हच्किरहेको छ ?

उसले मुख्य गरी आर्थिक संकटलाई कारण देखाइरहेको छ। उसले नलजाई समान पेन्सनको व्यवस्थाबाट हामीलाई कैयौँ बिलयन पाउन्डको भार थपिन्छ, त्यसलाई थेग्न सक्दैनौँ भनिरहेको छ। तर, युक्रेन युद्धमा एउटै मिसाइलको कैयौँ मिलियन पाउन्ड पर्ने हतियार पठाउन सक्ने बेलायत सरकारले गोर्खालाई समान कामका लागि समान पेन्सन दिन नसक्ने कुरै छैन।

यसको समाधानका ठोस उपाय के हुन सक्छन् त ?

सबैभन्दा पहिले नेपाल सरकार आफ्ना नागरिकमाथि भइरहेको विभेदविरुद्ध गम्भीर हुनु जरुरी छ। उसले गम्भीर रूपमा पहल गरेर बेलायतलाई मनाउन सक्नुपर्छ। दुवै देशका परराष्ट्र सचिव स्तरबाट एजेन्डा तयार गरिनुपर्छ। वार्ताको टेबलमा क्याबिनेट स्तरको प्रतिनिधित्व हुनुपर्छ, सामान्य टोली बनाएर मात्र हुँदैन। वार्तामा दुवैतिरबाट गोर्खासम्बन्धी जानकार सहजकर्ता हुनुपर्छ। प्रधानमन्त्री लेभलबाटै पहल गर्ने हो भने यो समस्या तत्काल समाधान हुन सक्छ।

सच्चा मित्रता



प्रेरक प्रसंग

एक साँझ पति कार्यालयबाट घर फर्किए। घर पुग्नासाथ पत्नीले भनिन्- आज हजुरको बच्चैदेखिका साथी आउनुभएको थियो। उहाँलाई १० हजार रुपैयाँको तत्काल आवश्यकता परेको रहेछ। मैले हजुरको दराजबाट निकालेर उहाँलाई दिएँ। कतै लेख्नुपर्छ भने लेख्नुहोस् है।

पत्नीको कुरा सुनेर पति निकै दुःखी देखिए। उनका आँखा आँसुले भरिए। पतिको अवस्था देख्दा पत्नीले हडबडाउँदै प्रश्न गरिन्- किन, के भयो ? मैले केही गलत गरेँ कि ? उहाँकै सामु तपाईंसित पैसा दिऊँ कि नदिऊँ भनेर सोध्दा उहाँलाई नराम्रो लाग्न सक्थ्यो। फेरि उहाँ हजुरका बच्चैदेखिका मिल्ने साथी हुनुहुन्छ भन्ने मलाई राम्रै थाहा थियो। त्यसैले, मैले हजुरलाई नसोधी त्यति हिम्मत गरेँ। मैले कुनै गल्ती गरेँ भने मलाई माफ गर्नुहोस्।

दुःखी स्वरमा पतिले भने- तिमीले मेरो साथीलाई पैसा दियौ भनेर म दुःखी भएको होइनँ। तिमीले एकदम ठीक काम गर्‍यौ। तिम्रो यो कर्तव्यपरायणताबाट म औधी खुसी छु। तर, मैले मेरो त्यति प्यारो मित्र यति ठूलो अभावमा बाँचिरहेको छ भन्ने पहिल्यै बुझ्न किन सकिनँ भन्ने सोचेर म दुःखी भएको हुँ। मैले यति लामो समयसम्म उसको हालखबरसम्म सोधिनँ। ऊ संकटमा हुन सक्छ भन्नेतिर मेरो ध्यान नै गए।

म कति स्वार्थी रहेछु। मैले साथीको समस्या बुझ्न सकिनँ। जुन मित्रतामा लेनदेनको गणित हुन्छ, त्यो केवल नाम मात्रको मित्रता हुन्छ। त्यसमा अपनत्व हुँदैन। मित्रता ढोकाको त्यस्तो शान्त घन्टी हो, जो बजे पनि नबजे पनि हामीले भित्रैबाट यसको आवाज सुन्न सक्नुपर्छ। तर, मैले त्यस्तो घन्टीको आवाज सुन्नै सकिनँ। म एक असल मित्र रहिनछु। यही सोचले मलाई दुःखी बनाइरहेको छ प्रिय ! तर, तिमीले जुन काम गर्‍यौ, त्यसले भने मलाई अपार खुसी दिएको छ।

प्रतिस्पर्धात्मक कार्यस्थलले लैंगिक समानता निम्त्याउँदैन

यदि कार्यस्थल प्रतिस्पर्धा ठूला रोजगारीका पदमा जारी रह्यो भने समानता भएका कार्यस्थल हासिल गर्न चुनौती खडा हुनेछन्

देश/विदेश





● एमालिया रेबेका मिलर
● कार्मिट सेगल

कानुन र वित्तसहित थुप्रै उच्चस्तरका क्षेत्रमा अत्यधिक प्रतिस्पर्धात्मक कार्यस्थलको अवस्था देखिन्छ। यी क्षेत्रमा कर्मचारी पद, बोनस र पदोन्नतिका लागि एक-अर्कासँग प्रतिस्पर्धा गर्छन्। उसो त उच्च प्रतिस्पर्धात्मक संस्कृति भएको कार्यस्थललाई लैंगिक-तटस्थ मानिन्छ, तर वास्तवमा यो संस्कृति भएको ठाउँमा लैंगिक असमानता झन् चर्को हुन्छ।

यो आइएलआर रिभ्युको हालैको अंकमा प्रकाशित सहकर्मी रगन पेट्रीसँगको हाम्रो नयाँ अध्ययनको मुख्य खोज हो। महिलाका लागि कार्यस्थलको विविधता र व्यावसायिक जीवन एवं पारिवारिक द्वन्द्व अध्ययन गर्ने अर्थशास्त्रीका नाताले हामी कार्यस्थलमा हुने प्रतिस्पर्धाले मानिसको जीवनमा कसरी प्रभाव पार्छ भनेर अनुसन्धान गर्न चाहन्थ्यौँ। हामीले मानिसलाई धैरै र कम प्रतिस्पर्धी रोजगारीका आधारमा तुलना गर्न सक्दैनौँ किनभने यी रोजगारी विविध किसिमले भिन्न हुने गर्छन्। त्यसैले, हामीले केही प्रयोग गर्यौं।

हाम्रो पहिलो प्रयोग कलेजको पुस्तकालयमा भएको थियो, जहाँ हामीले एकपटकको अनुसन्धान सहायक कामका लागि दुई सयभन्दा बढी व्यक्तिलाई राख्यौं र एक घन्टाको २५ डलर भुक्तानी गर्ने निर्णय गर्यौं। जब अनुसन्धान सहायकको नियुक्ति भयो, तब हामीले तिनलाई चार समूहमा विभाजन गर्यौं र हरेक समूहमा दुई पुरुष एवं दुई महिला राखिए। र, तिनलाई अर्थशास्त्र अनुसन्धानमा प्रयोग गर्न डिजाइन गरिएको कम्प्युटर प्रोग्राम परीक्षणमा लगायौँ। प्रशिक्षणका क्रममा हामीले अनुसन्धान सहायकलाई कम्तीमा १० मिनेट काम गरे मात्रै तिनले २५ डलर पारिश्रमिक पाउने बतायौँ र हामीले तिनलाई सकेसम्म लामो समयसम्म कडा मिहिनेत गर्न पनि भनेका थियौँ। हामीले कामको उद्देश्यलाई समय क्रममा मानिसले कति राम्रोसँग पूरा गर्न सक्छन् भनेर मापन गर्नु थियो।

केही अनियमित रूपमा चयन गरिएका सत्रमा हामीले सबैभन्दा धैरै अंक ल्याउने समूहमा सहायकलाई ३० डलरको उच्च बोनस दिने निर्णय गर्यौं। सहायकले आफ्नो स्क्रिनमा आवधिक रूपमा देखा पर्ने वर्गमा क्लिक गरेर अंक जम्मा गर्न सक्थे। थप अंक ल्याउने एक मात्र उपाय लामो समयसम्म बसेर कडा प्रयास गर्नु रहेको थियो।

यद्यपि हामीले सामाजिक र आन्तरिक प्रेरणाले धैरै सहायक आवश्यक कामको समयभन्दा बाहिर बसेका थिए, अर्थात् ३० डलर बोनस पुरस्कारको प्रस्तावले सहायकलाई धैरै लामो समयसम्म काम गर्न प्रेरित गर्‍यो। बोनस-योग्य सहायकको आधाभन्दा बढीलाई अधिकतम समय ४० मिनेटको अनुमति दिइएको थियो र कामको समय समग्रमा ८३ प्रतिशतले बढेको थियो। यी अतिरिक्त भुक्तानीले प्रोत्साहनको प्रयाससँग सम्बन्धित खर्चलाई एकतिहाइले घटाएको थियो र यो वास्तविक रोजगारदाताका लागि अत्यधिक आकर्षक हुने देखियो। हामीले काम गर्ने समय, कुल अंक र अन्य अवस्थामा उपस्थित नभएको भुक्तानीमा लैंगिक अन्तर सिर्जना भएको पायौँ। यस नतिजाले सीमित-समय प्रतिस्पर्धामा जब मानिसले समय छनोट गर्ने मौका पाउँछन्, तब लैंगिक भिन्नता हुन सक्छ भन्ने देखाउँछ।

दोस्रो प्रयोगमा हामीले सात सयभन्दा बढी आवेदकलाई अघिल्लो प्रयोगकै कम्प्युटर प्रोग्राम परीक्षण गर्ने कामका लागि बोनसको सम्भावना रहेको बताएका थियौँ। र, हामीले आवेदकलाई निश्चित ओभरटाइम ज्याला दर र फरक-फरक पुरस्कार स्तर भएका प्रतिस्पर्धाबीच छनोट गर्न भनेका थियौँ। पुरुष र महिला दुवैले उच्च पुरस्कार स्तरलाई छनोट गर्ने सम्भावना बढी थियो। तर, पुरुषले उच्च पुरस्कार स्तरमा महिलाभन्दा धैरै प्रतिक्रिया दिएका



तस्बिर : मेरी अल्टाफर/एपी

थिए। अर्को शब्दमा दाउ बढ्दै जाँदा उच्च पुरस्कार स्तरमा लैंगिक अन्तर बढेको पाइयो।

हाम्रो अनुसन्धानको निचोड : हाम्रो अनुसन्धानले अत्यधिक प्रतिस्पर्धात्मक कार्यस्थलले लैंगिक असमानतालाई दुई ढंगले चर्को बनाएको देखाउँछ। पहिलो महिला उच्च प्रतिस्पर्धामा प्रवेश गर्न र निरन्तरता दिन इच्छुक छैनन्। हाम्रा यहाँका निष्कर्ष अघिल्लो अनुसन्धानसँग मिल्दाजुल्दा छन्, अर्थात् महिला प्रतिस्पर्धात्मक कार्य वातावरणमा पुरुषभन्दा कम आकर्षित हुन्छन् र त्यसमा महिलाले कमसल प्रदर्शन गर्ने प्रवृत्ति देखिन्छ।

कार्यस्थलको प्रतिस्पर्धाले कामको घण्टालाई विश्वव्यापी रूपमा बढाउँछ भन्ने हाम्रो खोजले महिलाको व्यावसायिक जीवनको प्रगतिमा बाधा पुर्‍याउने अप्रत्यक्ष तरिकालाई संकेत गर्छ। महिलाले पुरुषको तुलनामा धैरै अवैतनिक हेरचाह र घरायसी काम गर्ने तथ्यको सन्दर्भमा महिला पुरुष सहकर्मीजति समय खर्च गर्न असमर्थ रहन्छन्। यसले प्रतिस्पर्धाले 'लोभी' रोजगारको पदको उदयलाई प्रोत्साहन गर्छ, जहाँ कर्मचारीबाट पूर्ण समर्पण खोजिन्छ।

अनुसन्धाताले समस्याको राम्रो बुझाइ निर्माण गरे पनि समाधान जटिल छन्। हाम्रो अनुसन्धानले कार्यस्थल प्रतिस्पर्धात्मक हुने क्षेत्रका रोजगारदातालाई ठूलो नाफा हुन सक्छ र केही श्रमिकका लागि यो आकर्षक पनि छ भन्ने देखाउँछ। हाम्रो अनुसन्धानले दूरश्रम प्रविधिले विस्तारित कार्यघण्टा घटाउन अपेक्षित रूपमा सफल नहुन सक्छ। फलस्वरूप, ठूला रोजगारीका पदमा लैंगिक ज्याला असमानता देखिन्छ भन्ने देखाउँछ। यसबाहेक महिलालाई प्रतिस्पर्धात्मक क्षेत्रमा लाग्न र रहन प्रोत्साहित गर्न महत्त्वपूर्ण भए तापनि सफलताको प्रत्याभूति गर्न पर्याप्त नहुन सक्छ।

यदि कार्यस्थल प्रतिस्पर्धा ठूला रोजगारीका पदमा जारी रह्यो भने समानता भएका कार्यस्थल हासिल गर्न चुनौती खडा हुनेछन्। यद्यपि यस्तै नै होला भनेर ठोकुवा गर्न सकिन्न। रोजगारदाताले श्रमिकलाई उत्प्रेरित गर्न गैरप्रतिस्पर्धी विधिको खोज गर्न सक्छन्, अर्थात् जहाँ कार्यसम्पादन उपाय अंक तुलनामा निर्भर हुँदैन। हामी अनुसन्धानकर्तालाई यी विकल्पबारे अनुसन्धान गर्न आग्रह गर्छौं।

(मिलर भर्जिनिया विश्वविद्यालयकी आर्थशास्त्रकी प्राध्यापक हुन् भने सेगल ज्युरिच विश्वविद्यालयकी व्यवस्थापकीय अर्थशास्त्रकी प्राध्यापक हुन्)

– द कन्भर्सेसनबाट

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

हिंसा अन्त्य गर्ने उपाय खोजौं

१५ चैतको नयाँ पत्रिकामा प्रकाशित घरेलु हिंसा अन्यत्रभन्दा मधेशमा बढी भएको समाचार पढियो। देशमा लोकतान्त्रिक गणतन्त्र आएको पनि दशक पुग्न लाग्यो। अझै पनि गाउँघर, विशेषगरी मधेशमा दाइजो प्रथा, मदिरा सेवन, बेरोजगारी, अशिक्षा र परम्पराको संरक्षणका नाउँमा महिलामाथि गम्भीर हिंसाका घटना बढेको देखिन्छ। यस्ता समस्यालाई न्यूनीकरण गर्ने हो भने सबैभन्दा पहिले घरघरसम्म जनचेतना र कानुनी व्यवस्थाबारे सचेत गराउनुपर्ने देखिन्छ। साथै, समाजले यस्ता घटनाका पीडक या दोषीलाई सामाजिक रूपमा बहिष्कार गर्न सक्ने हो भने पनि यस्ता हिंसाका घटना न्यूनीकरण या अन्त्य गर्न सहज हुन्छ।

● **बलराम थापा,** क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

जसरी भए पनि कर उठाऊ

साना करदातालाई घाँटी अँठ्याएर कर उठाउने नेपालको कर प्रशासनले ठूला करदाताबाट भने राज्यले लिनुपर्ने कर उठाउन उदासीन देखिन्छ। साना करदातालाई थर्काएरै कर र जरिवाना असुल्ने कर प्रशासनले एक अर्ब २५ करोडभन्दा बढी कर तिर्न अटेर गरी उल्टै सर्वोच्चमा मुद्दा हाल्ने वर्ल्ड लिंक इन्टरनेट सेवा प्रदायकलाई फुक्का साँढे जस्तो छाडिरहेको छ। के हाम्रो कर प्रशासन ठूला करदाताबाट डराउँछ हो ? नत्र किन कर उठाउन सक्दैन त ?

● **भूमिका पाण्डे**
रातोपुल, काठमाडौं

पिउने पानीको व्यवस्था गर

'खानेपानीको जोहो' शीर्षकमा नयाँ पत्रिकामा प्रकाशित तस्बिर र त्यसको तल छापिएको क्याप्सन पढियो। यो सुक्खायाममा राजधानीका अधिकांश बस्तीमा दोहोरिइरहने समस्या हो। सरकारले राज्यकोषबाट खर्बौं रकम झ्वाम पारेर मेलम्ची खानेपाने आयोजना सम्पन्न गरेको भए पनि त्यहाँबाट आइपुग्ने पानी अहिले राजधानीवासीका लागि बिल्कुलै अपर्याप्त छ। सरकारले कम्तीमा आफ्नो वितरण प्रणाली चुस्त बनाउन सकेको खण्डमा पनि आलोपालो गरी पानी पठाएर समस्या समाधान गर्न सहज हुने थियो।

● **सुदन साहखल**
लगनखेल, ललितपुर

भारतको लोकतन्त्रमाथि प्रश्न

अमेरिकी सरकारले दिल्लीका लोकप्रिय मुख्यमन्त्री अरविन्द केजरिवाललाई चुनावको मुखमा हिरासतमा राखिएको विषयलाई लिएर गहिरो चिन्ता व्यक्त गरेको छ। जर्मन सरकारले पनि प्रेस सम्मेलन नै गरेर केजरिवालको थुना र निष्पक्ष निर्वाचनमा प्रश्न उठाएको छ। उता संसारकै प्रतिष्ठित सञ्चारमाध्यमहरू न्युयोर्क टाइम्स, वासिंटन पोस्ट, अल जजिरालगायतले पनि आआफ्नो सम्पादकीयमार्फत केजरिवालको थुना र भारतको लोकतन्त्रमाथि ठूलो प्रश्न उठाएका छन्।

अमेरिका र जर्मनी दुवैले केजरिवालको चुनावको मुखमा भएको गिरफतारीले भारतमा हुन गइरहेको निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठेको भन्दै केजरिवाललाई निष्पक्ष न्यायिक लडाइँको अवसर दिन भारत सरकारसमक्ष अनुरोध गरेका छन्। अमेरिकाको विरोधले रिसाएको भारत सरकारले बुधबार दिल्लीस्थित अमेरिकी उच्चायोगका प्रतिनिधिलाई विदेश मन्त्रालयमा बोलाएर अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न चेतावनी दिएको छ। तथापि मोदीको पुटिन मोडेलले विश्वभरि नै भारतको लोकतन्त्रमाथि ठूलो प्रश्न भने उठाएको छ। केजरिवालको गिरफ्तारीले भारतको बदनामी हुन पुगेको छ।

निर्वाचनको मुखमा आफ्नो सबैभन्दा ठूलो प्रतिस्पर्धीको मुख थुनेर चुनाव जित्ने मोदीको शैलीले भारतको लोकतन्त्रमाथि प्रश्न उठाएको हो। जसको जति नै निन्दा गर्दा पनि कम हुन्छ। निष्पक्ष निर्वाचन लोकतन्त्रको मुटु मानिन्छ। लोकतन्त्र र मानवअधिकारलाई कुनै देशको सीमाभित्र कैद गर्न मिल्दैन। यसर्थ, अमेरिकादेखि जर्मनीसम्म र विश्वभरिका सञ्चारगृहले यसमाथि प्रश्न उठाएका छन्। तर, भारतसँगै सीमा जोडिएको नेपालका सञ्चारगृहले भने लोकतन्त्रसँग सरोकार राख्ने यस विषयमा समाचार र सम्पादकीय नलेख्दा लोकतन्त्रप्रेमी लाखौं नेपालीको मन दुखेको छ।

● **गोपाल देवकोटा,** जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

नयाँदिल्लीको बदलिएको कूटनीतिक भाषा

मोदीको शासनकालमा भारतको कूटनीतिक भाषा थप सुदृढ बन्दै गएको छ



● सी राजा मोहन
लेखक सिंगापुरको नेसनल युनिभर्सिटी इन्स्टिच्युट अफ साउथ एसियन स्टडिजका आगन्तुक अध्येता प्राध्यापक हुन् ।

भारतको अर्थतन्त्र बढ्दै जाँदा यसको कूटनीतिक भाषा थप आत्मविश्वासी हुँदै गएको छ । यसले धेरै राष्ट्रवादीलाई मोहित तुल्याउँदा अरू भने दिल्लीले कतै बेइजिङजस्तै प्रत्युत्पादक 'वुल्फ वारियर डिप्लोमेसी (उग्र कूटनीति)'को अनुकरण गर्न लागेको त होइन भन्ने चिन्ता गरिरहेका छन् ।

पछिल्लो दशक भारतको विदेशनीति सञ्चालनमा आएको सूक्ष्म तर महत्त्वपूर्ण परिवर्तनमध्ये एउटा हो, यसको कूटनीतिक शब्दावलीको परिवर्तन । यी बदलिएको कूटनीतिक पदावली राजनीतिक वर्गमा भने अझै पुग्न सकेको छैन । सायद, देशको तीव्र राजनीतिक ध्रुवीकरणले यसलाई सुस्त बनाएको छ । यसले विश्वव्यापी मञ्चमा कद बढाउँदै गएको भारतका लागि आवश्यक भइसकेको बृहत्तर रूपमा स्वीकृत कूटनीतिक शब्दावलीको उदयमा समय लगाइरहेको छ । राजनीतिक दलहरू त्यसमा पनि अहिलेका विपक्षीले तिनको चुनावी घोषणापत्रमा विदेश नीतिलाई थोरै बढी जोड दिने भने अन्तर्राष्ट्रिय क्षेत्रमा कद र भूमिका बढाइरहेको भारत र यस भूमिलाई लिएर घरेलु बहसको प्रकृतिबीचको अन्तर केही कम हुने थियो ।

भारतले नयाँ अन्तर्राष्ट्रिय सम्भावनालाई उपयोग गर्ने कुरा अन्तर्राष्ट्रिय प्रणालीमा भारतको सापेक्षिक र निरपेक्ष स्थिति सकारात्मक रूपमा बदलिएको छ भन्ने स्वीकारोक्तिमा निर्भर हुन्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले केही वर्षभित्रै भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्रको हुने बताउँदै आएका छन् । र, निःसन्देह भारत त्यही लक्ष्यतर्फ अघि बढिरहेको छ । यस सम्भावनाप्रति प्रतिपक्षी दलले प्रश्न उठाएर तिनले कुनै राजनीतिक लाभ उठाउन सक्दैनन् । समाजको ठूलो हिस्सालाई उत्साहित बनाउने 'भारतको उदय'को विचारलाई खारेज गर्नुको सट्टा प्रतिपक्षले यसका लागि श्रेय लिनुपर्छ । आखिरमा देशका क्षेत्रीय दललगायत देशका सबै प्रमुख राजनीतिक दल सन् १९९१ देखि कुनै न कुनै गठबन्धन सरकारको हिस्सा रहेका छन्, जुन अवधिमा भारतको आर्थिक उदय भयो ।

तर भारत विश्वको एक प्रमुख शक्तिको हो भन्ने स्विकार्न राजनीतिक वर्गको एक हिस्साले निरन्तर प्रतिरोध गरिरहेको छ । त्यस्ता नेता र बुद्धिजीवीसमेत भारत या त प्रमुख विश्व शक्ति बन्न सक्दैन वा बन्न हुँदैन । तर, विश्वका देशको भिन्न प्रगति दर र जनसंख्याको आकारलाई हेर्दा अन्तर्राष्ट्रिय प्रणालीमा भारतको वजन निकट भविष्यका लागि बढ्दै जानेछ । विपक्षीले विरोध गर्ने नै हो भने बरु भारत तेस्रो आर्थिक शक्ति भए पनि पहिलो र दोस्रो क्रमशः अमेरिका र चीनभन्दा धेरै भिन्नता रहेको तेस्रो स्थानमा रहने तर्क गर्न सक्छन् । पहिलो र दोस्रो देशसँग रहेको विशाल खाडल घटाउन धेरै काम गर्न बाँकी रहेको राष्ट्रलाई स्मरण गराउन सक्छन् ।



> भारतको अर्थतन्त्र बढ्दै जाँदा यसको कूटनीतिक भाषा थप आत्मविश्वासी हुँदै गएको छ । यसले धेरै राष्ट्रवादीलाई मोहित तुल्याउँदा केही भने दिल्लीले कतै बेइजिङजस्तै प्रत्युत्पादक 'वुल्फ वारियर डिप्लोमेसी (उग्र कूटनीति)'को अनुकरण गर्न लागेको त होइन भन्ने चिन्ता गरिरहेका छन् ।

तर भारतको अर्थतन्त्र बढ्दै जाँदा, यसको कूटनीतिक भाषा थप आत्मविश्वासी हुँदै गएको छ । यस आत्मविश्वासी भाषाले धेरै राष्ट्रवादीलाई मोहित तुल्याउँदा अरू भने दिल्लीले कतै बेइजिङजस्तै प्रत्युत्पादक 'वुल्फ वारियर डिप्लोमेसी (उग्र कूटनीति)'को अनुकरण गर्न लागेको त होइन भन्ने चिन्ता गरिरहेका छन् । निश्चित रूपमा दिल्लीले बाँकी विश्वसँग कुरा गर्ने तरिका स्पष्ट रूपमा परिवर्तन भएको छ, उसले आफ्नो राष्ट्रिय हित र विश्वव्यापी महत्त्वाकांक्षालाई विनाकुनै हिचकिचिहाट व्यक्त गर्न थालेको छ । तर, यस क्रममा ऊ बढी आक्रामक देखिनबाट जोगिँदै आएको छ । विश्वको तेस्रो ठूलो सेना भएको र चौथो ठूलो रक्षा बजेट रहेको भारतलाई तेस्रो ठूलो अर्थतन्त्रको रूपमा सोचिसकेपछि भारत कमजोर देश हो भन्ने वर्षौंसम्म व्याप्त स्वधारणाले भारतको महत्त्वाकांक्षामा बाधा पुऱ्यायो । यसले भारतमा रक्षात्मक र अपमानजनक कूटनीतिक भाषा निर्माण गऱ्यो । दिल्लीले अन्तर्राष्ट्रिय पदानुक्रममा आफ्नो बदलिँदो हैसियतलाई स्विकार्न थालेसँगै, भारतको विदेश नीति बढी आत्मविश्वासी सुनिन थालेको छ । सन् २००० को दशकको मध्यमा भारत-अमेरिकाबीच आणविक सम्झौता हुने समय भएको बहसमा भारत अमेरिकाको नजिक गएसँगै उसको 'रणनीतिक स्वायत्तता' र स्वतन्त्र विदेश नीतिको परम्परा गुमाउने धेरैको तर्क थियो । भारतले अमेरिकाबाट एउटै आणविक रिएक्टर नकिनेको भए पनि दिल्ली अहिले विगतको कुनै समयभन्दा बढी वासिंटनको नजिक पुगेको छ ।

'रणनीतिक स्वायत्तता'मा जोड दिइरहनुको कुनै तुक छैन । वास्तवमा रणनीतिक स्वायत्तता उत्तर-औपनिवेशिक असुरक्षाको युग र ठूला शक्तिहरूको तानातानमा फसिएला भन्ने चिन्ताबाट निर्मित विचार थियो । तर, देश आफैंमा एक प्रमुख शक्ति बन्छ, उसको स्वायत्तता अनिवार्य रूपमा विस्तार हुन्छ । र, विश्वमा 'निरपेक्ष रणनीतिक स्वायत्तता' भन्ने जस्तो कुरा हुँदैन । आखिरमा विश्वको सबैभन्दा शक्तिशाली राष्ट्र अमेरिका पनि हरेक कार्य गर्न पूर्ण स्वतन्त्रता छैन ।

भारतको बढ्दो शक्तिले क्षेत्रीय र विश्वव्यापी व्यवस्थालाई आकार दिने र कायम राख्ने थप जिम्मेवारी र अवसर ल्याउँछन् । यसले भिन्न कूटनीतिक भाषाको माग गर्छ । गत दशक भारतमा 'रणनीतिक स्वायत्तता'को बहस घट्दै गएर यसलाई अन्य पदावली 'अग्रणी शक्ति', 'विश्व मित्र', 'समग्र सुरक्षा प्रदायक', 'समान विचारधाराबीचको गठबन्धन', 'अन्तर-कार्यक्षमता' र 'वैश्विक सार्वजनिक वस्तुहरू' आदिले विस्थापित गरिदिएको छ । अझै धेरै दूरी तय गर्नु छ । आज भारतीय राजनीतिक वर्गसामु तेर्सिएको ठूलो प्रश्न स्वायत्तता कसरी जोगाउने भन्दा पनि आफ्नो क्षेत्रलाई कसरी सुरक्षित बनाउने र विश्व शासनमा प्रभावकारी योगदान कसरी दिने भन्ने हुनुपर्छ । इतिहासमा ठूला शक्तिले युद्ध, शान्ति र अन्तर्राष्ट्रिय संस्थाको प्रकृतिलाई आकार दिएका छन्, ताकि पहिलोलाई रोक्न सकियोस् र पछिल्लोलाई बढावा दिन सकियोस् । ठूला शक्तिहरूले अन्तर्राष्ट्रिय वाणिज्यका नियम तय गर्छन् । नयाँ प्रविधिको उदयलाई नियमन गर्छन् र तिनले निम्त्याउने परिणाम व्यवस्थापन गर्छन् । अन्तर्राष्ट्रिय हैसियतमा उक्लँदै जाँदा थप महत्त्वपूर्ण अवसर आउँछ । यो अन्तर्राष्ट्रिय प्रणालीमा भारतको बढ्दो वजनलाई आफ्ना नागरिकलाई थप सुरक्षा र समृद्धि ल्याउने विषयसँग सम्बन्धित छ ।

रणनीतिक स्वायत्ततामा कहिले लक्ष्य निर्धारण गर्नेबारे कहिल्यै थिएन, यो त वास्तवमा आफ्ना कार्यको स्वतन्त्रता कायम राख्ने अमूर्त दाबी मात्र थियो । देशले बलियो स्वायत्ततायुक्त शक्ति हासिल गरिसकेपछि उसले ठोस लक्ष्य र उद्देश्य तोक्नुपर्छ । वर्षौंसम्म भारतका लागि रणनीतिक स्वायत्तताको खोजी आफैंमा साध्यजस्तो रह्यो । यसले भारतीय राजनीतिक वर्गलाई ठोस बाह्य लक्ष्य तोक्नुपर्ने बाध्यता आइपरेन । २१औं शताब्दीका प्रत्येकजसो भारतीय सरकारमा 'राष्ट्रिय सुरक्षा रणनीति' विकासबारे छलफल हुन त थाल्यो तर अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषण गर्ने, भारतका ठोस लक्ष्य र नीति पहिचान गर्ने कामबाट टाढै रहने लामो समयदेखि चलिआएको परम्परा कायम रह्यो ।


अहिले आएर मोदी सरकारले यस दिशामा एक ठोस लक्ष्य तोकेको छ- सन् २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने र सरकारको यस कदमको विरोधमा उत्रनुको सट्टा विपक्षीहरूले त्यस लक्ष्यमा पुग्ने सबैभन्दा उत्तम मार्गको बहसका लागि दबाब दिनुपर्छ । आखिर, भारतको प्रतिव्यक्ति आय आज तीन हजार डलरभन्दा कम छ, यसलाई सन् २०४७ सम्ममा चार गुणाले बढाएर १२ हजार पुऱ्याउनु आफैंमा एक प्रेरणादायी र चुनौतीपूर्ण लक्ष्य हो । यहींनेर भारतको बढ्दो शक्तिको वास्तविक विरोधाभास आउँछ । अर्थतन्त्रको समग्र आकारले भारतलाई विश्वको प्रमुख शक्तिको हाराहारी पुऱ्याउँछ, तर सँगसँगै न्यून प्रतिव्यक्ति आयले देशभित्रको ठूलो विकासका चुनौतीलाई औंल्याउँछ ।

करिब २५ वर्षभित्र विकसित देश बन्ने लक्ष्यका सामु आर्थिक रणनीति, औद्योगिक नीति, नयाँ प्रविधि, असमानता, वातावरणीय ह्रास र बदलिँदो विश्वव्यापी व्यवस्थाका जटिल प्रश्न खडा छन् । सन् २०४७ सम्ममा देशलाई विकसित राष्ट्रको हैसियतमा उचाल्ने एक सामान्यजस्तो देखिने महत्त्वाकांक्षाले उब्जाउने नीतिगत मुद्दामा बहस गर्नु विपक्षीहरूको जिम्मेवारी हो । विपक्षीमध्ये पनि यस्तो जिम्मेवारी स्वाभाविक रूपमा मुख्यतः कंग्रेसको काँधमा आएछ । त्यसैले आम जनताको उसको चुनावी घोषणापत्रमा ठूलो चासो छ । एक समय थियो, जब 'अल इन्डिया कंग्रेस कमिटी (एआइसिसी)'को वार्षिक सत्रको विदेश नीति प्रस्तावले विदेश नीतिसम्बन्धी घरेलु बहसका पदावली तय गर्थ्यो । आज भारतको आन्तरिक र बाह्य आवश्यकता एक-अर्कासँग जेलिँदै जाँदा भारतीय राष्ट्रिय कंग्रेस परिस्थितिको मागअनुरूप माथि उठ्नुपर्छ ।

- द इन्डियन एक्सप्रेसबाट

इतिहासमा आज

मार्च ३१



सन् १८८९ : इफेल टावर खुला । फ्रान्सेली इन्जिनियर अलेक्जेन्डर गुस्ताभ एफिलले टावरको माथिबाट फ्रान्सेली झन्डा फहराएर टावरको उद्घाटन गरेका थिए । यो टावर पेरिसको सबैभन्दा प्रतिष्ठित स्थल बनेको छ ।

- **सन् १९२१** : कोइला खानीमा काम गर्ने हजारौं व्यक्तिको आन्दोलनपछि बेलायतमा आपत्काल घोषणा ।
- **सन् १९६४** : ब्राजिलमा कुमार्फत सैन्य शासन सुरु । हम्बर्टो कास्टेलो ब्रान्कोको शासनकालमा वामपन्थी विपक्षीमाथि चरम दमन हुँदा सन् १९६८ मा व्यापक सामाजिक अशान्ति र हडताल भएको थियो ।
- **सन् १९८०** : अमेरिकाका पूर्वराष्ट्रपति जिम्मी कार्टरले बैंकिङ उद्योगलाई उदारीकरण गरे ।
- **सन् १९६६** : करिब दुई लाख युद्धविरोधी प्रदर्शनकारीले न्युयोर्क सहरमा प्रदर्शन गरे ।

विश्व संक्षेप

अफगान विश्वविद्यालयमा डेढ वर्षदेखि किशोरी प्रवेशमा रोक

काबुल / करिब डेढ वर्षदेखि अफगानिस्तानका विश्वविद्यालय महिलाका लागि बन्द छन् । यसको चौतर्फी आलोचना भइरहेको छ । बन्द विश्वविद्यालय खुल्ने अझै संकेत नदेखिएको टोलो न्युजले जनाएको छ । शिक्षाबाट वञ्चित हुनुपरेका निराशा महिलाले आफ्नो शैक्षिक गतिविधिमा भएको ढिलाइबारे चासो जनाउँदै विश्वविद्यालय पुनः खोल्ने विषयलाई प्राथमिकता दिन सरकारसँग आग्रह गरेका छन् ।

पेरुका राष्ट्रपतिको घरमा मारियो छापा


लिमा / भ्रष्टाचारको अनुसन्धानका क्रममा पेरुका राष्ट्रपति डिना बोलुआर्टेको घरमा अधिकारीहरूले छापा मारेका छन् । प्रहरीले शनिबार राष्ट्रपति बोलुआर्टेले घोषणा नगरेका रोलेक्स घडीको खोजी गरेको हो । प्रहरीले घडी 'खोजी र जफत गर्ने उद्देश्यले' छापा मारेको पुष्टि गरेको छ । छापामा करिब ४० जना अधिकारी परिचालित गरिएको छ । बोलुआर्टेले विदेशी उत्पादनको विलासी घडी लगाएको बारेमा रिपोर्ट प्रकाशित गरेपछि अधिकारीले यस महिनाको सुरुमा अनुसन्धान सुरु गरेका थिए । तर, यसलाई सार्वजनिक रूपमा घोषणा गरिएको थिएन ।

उत्तर कोरियालक्षित प्रस्तावमाथि रुसको भिटो

प्योङयाङ / उत्तर कोरियालाई लक्षित गरी ल्याइएको प्रस्तावमाथि रुसले भिटो प्रयोग गरेको छ । युक्रेनमा भएको द्वन्द्व र उत्तर कोरियाले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् (युएनएससी) युएनएससीको प्रतिबन्ध उल्लंघनबारे अनुसन्धान विशेषज्ञ समिति निर्माणको प्रस्तावमा मस्कोले भिटो प्रयोग गरेको हो । पछिल्लो समय उत्तर कोरियाले युएनएससी प्रतिबन्ध उल्लंघन गर्दै रुसको मुख्य युद्ध हतियार आपूर्तिकर्ताको रूपमा देखा परेको युरोपेली मुलुकको बुझाइ छ ।

अहिलेसम्मकै कमजोर अवस्थामा पुटिन

रुसी राज्य प्रमुखका रूपमा असफलताका लागि उनी अन्तिम जिम्मेवार व्यक्ति हुन्



● साइमन टिस्डल
टिस्डल अब्जर्भरका विदेश मामिला टिप्पणीकार हुन् ।



> अहंकार र आत्मसन्तुष्टिले पुटिनलाई अन्धो बनायो । जब संयुक्त राज्य अमेरिकाले उदारताका साथ एक आसन्न षड्यन्त्रबारे स्पष्ट सूचनाको खुलासा गऱ्यो, पुटिनले यसलाई गलत सूचनाको चालका रूपमा अस्वीकार गरे ।

प्रत्येकपटक भ्लादिमिर पुटिनले गडबड गर्दा एउटै प्रश्न सोधिन्छ- के यसले कुनै फरक पार्छ ? गत हप्ता मस्कोनजिकैको क्रोकस सिटी कन्सर्ट हलमा १३७ जनाको मृत्यु हुने गरी भएको हमला पुटिनले आफ्नो २५ वर्षको शासनकालमा सामना गर्नुपरेको ठूलो संकटमध्ये एक हो । यसमा कुनै शंका छैन कि रुसी राज्यप्रमुख र यसको सुरक्षा बलका समग्र प्रमुखको रूपमा उनी असफलताका लागि अन्तिम जिम्मेवार व्यक्ति हुन् । कुनै पनि सामान्य राजनीतिक प्रणालीमा उनको राजीनामाको अपेक्षा गरिन्छ । तर, उनले दिँदैनन् । राजीनामा अकल्पनीय छ भन्ने तथ्य पुटिनको शक्तिको संकेत होइन । स्वतन्त्र छानबिनको माध्यमलाई अन्त्य गर्दै उनको अधिनायकवादले रुसी समाजभित्र 'चेक एन्ड ब्यालेन्स'लाई अन्त्य गरेको छ । उनलाई एक्लै कार्य गर्न दिनुहोस् ।

यद्यपि, लामो समयदेखि भ्रमित र क्रमिक रूपमा गलत जानकारी दिइए पनि रुसी जनता भने मुर्ख छैनन् । सडकमा रगत र शोकमा रहेको राष्ट्रको साथ पुटिनको असामान्य शक्तिरूपी मिथक हालै गम्भीर बनेको कुरा छिपेको छैन । रुसी प्रशासन क्रेमलिनले पुटिनको हालैको राष्ट्रपति चुनावमा उनको 'विजय' सुनिश्चित गर्न 'सूचना व्यवस्थापन' (झुट कथन र प्रचार) मा एक अर्ब युरोभन्दा बढी खर्च गरेको अनुमान गरिएको छ । त्यसअतिरिक्त इन्टरनेट र राज्यको मिडिया खर्चमा २० गुणा वृद्धि भएको रिपोर्ट गरिएको थियो । यी सबैको एउटै उद्देश्य थियो- पुटिनलाई एक अजेय, अपरिहार्य आधुनिक समयका जारको रूपमा चित्रण गर्नु थियो, जसले बहादुरीका साथ मातृभूमि रुसलाई आफ्ना शत्रुबाट जोगाउँछ । यद्यपि गत शुक्रबार चार बन्दुकधारीले निर्दयी हिंसाको अराजक उन्मादमा त्यो मिथकलाई व्यापक रूपमा ध्वस्त पारे । आक्रमणकारी अवरोधरहित थिए, पीडितलाई कुनै चेतावनी दिइएको थिएन र पुटिनका सबै विशाल सुरक्षा संयन्त्र नागरिकको हत्या रोक्न असमर्थ थिए । रुसजस्तै अधिनायकवादी समाजमा पनि यो घातक लापरबाहीलाई माफी हुँदैन वा बिर्सिइँदैन ।

तर, त्यो छुट पुटिनमा छ । यसले उनको व्यक्तिगत र राजनीतिक स्थितिमा अर्को आधारभूत कमजोरीलाई औंल्याउँछ- उनी सम्पर्कबाट टाढा छन्, दिनहुँको रुसी वास्तविकताबाट यति अलग छन् कि उनी आफ्नै दुष्ट कथामा विश्वास गर्छन् । इस्लामिक स्टेट (जसले आक्रमण गरेको स्वीकार गरेको छ)ले अनलाइनमा प्रकाशित गरेको स्पष्ट भिडियोका बाबजुद पुटिन युक्रेनी 'नाजी'लाई निरन्तर दोष लगाउँछन् । यो निन्दाभन्दा परको कुरा हो । यो सीमारेखा मनोरोग हो । यस विकृत गल्तीलाई समर्थन गर्ने प्रमाणको सानो अंश पनि छैन र यसलाई किभमा डरलाग्दो ढंगले अस्वीकार गरिएको छ ।

> पुटिन वास्तविकता र बहानाबीचको भिन्नता बताउन वा स्वीकार गर्न अक्षम छन्, किनभने उनी आफैं झुटको भवनमा बसेका छन् । उनको शक्ति र राष्ट्रपति प्रणाली झुटमा आधारित छ, जहाँ बन्दी राष्ट्रलाई दैनिक ठूलो परिमाणमा झुट विवरण उपलब्ध गराइन्छ ।

अप्रमाणित षड्यन्त्र सिद्धान्त पुटिनको विशेषता नै हो । अपेक्षा यो छ कि प्रमुख आलोचक एलेक्सी नाभाल्नीको हालैको हत्याबाट असन्तुष्ट क्रेमलिन घरेलु असन्तुष्टिलाई थप दबाउन, राजनीतिक नियन्त्रण विस्तार गर्न, युक्रेन युद्ध बढाउन र यहाँसम्म कि जनपरिचालनको आदेश दिन आक्रमणलाई साहसिक रूपमा लिनेछ ।

पुटिन वास्तविकता र बहानाबीचको भिन्नता बताउन वा कम्तीमा स्वीकार गर्न अक्षम छन्, किनभने उनी आफैं झुटको भवनमा बसेका छन् । उनको शक्ति र उनको राष्ट्रपति प्रणालीगत झुटमा आधारित छ, जहाँ बन्दी राष्ट्रलाई दैनिक ठूलो परिमाणमा झुट विवरण उपलब्ध गराइन्छ । कहिलेकाहीं सम्पन्न हुने आधारभूत सम्झौता पुटिन र जनताबीच समझधारी हो, जहाँ उनले सुरक्षा प्रदान गर्दछन् र उनीहरूले समर्थन गर्छन् । यद्यपि यो सबैभन्दा ठूलो झुट हो ।

पुटिन सामान्य रुसीमाथि भएको आक्रमणको तिरस्कार गर्दैनन् । क्रोकस सहरमा ठूलो झुट क्रूर रूपमा पर्दाफास भयो । निर्दोष मानिसको मृत्युमा देश पीडामा डुबेका वेला पुटिन चुपचाप लुके र कसरी दोषारोपण गर्नेबारे १९ घन्टासम्म षड्यन्त्रमूलक योजना गरे । उनको स्वार्थी, बेवास्तापूर्ण असहजता बारम्बार साक्षी छ । सन् २००० मा कुर्सक पनडुब्बी विपत्लाई बेवास्ता गर्ने उनको कठोर प्रयास र ग्रोज्नीको दोस्रो घेराबन्दीको समयमा उनले मास्टरमाइन्ड गरेको नरसंहारलाई सम्झनुहोस् । हालसालै रुसले आधुनिक समयको सबैभन्दा मूर्ख

भू-रणनीतिक गल्तीको नेतृत्व गरेको छ (युक्रेनमा अयोग्य आक्रमण) । परिणामस्वरूप रुसमा ठूलो हताहती भयो ।

पुटिनको सन्दर्भमा उनी सधैं आफ्ना बारे मात्र सोच्छन् । आफ्नै असुरक्षाका बारेमा निरपेक्ष शक्तिको आवश्यकता र पुनर्जीवित रुसी साम्राज्य महिमाको भ्रममा रुमल्लिन्छन् । अन्य मानिसबारे उनी कहिल्यै सोच्दैनन् । पुटिनको युद्ध र पश्चिमसँगको गतिरोधले रुसलाई जीवन, सम्पत्ति र प्रतिष्ठाका हिसाबले गरेको क्षति अतुलनीय छ । यद्यपि यो उनको स्थायी उन्माद हो । उसले सोच्ने र गर्ने सबै कुरा उन्मादसँग सम्बन्धित देखिन्छ । यो महिनाको निर्वाचनपछि बोल्दै उनले फेरि पनि आफ्नो उन्मादलाई मुख्य केन्द्र बनाउने वाचा गरे । किन ? किनभने उनको सुकेको, सुस्त हृदयको गहिराइमा उनलाई थाहा छ कि यो एक भयानक गल्ती थियो । धेरैजसो रुसीले प्रस्ट रूपमा पुटिनको उन्माद सेयर गर्दैनन् । बरु उनीहरूले पुटिनको युद्धले उनीहरूको परिवार, जीवनस्तर, संकुचित स्वतन्त्रता र व्यक्तिगत सुरक्षालाई हानि पुऱ्याएको स्पष्टताका साथ देख्छन् । शासन व्यवस्थाले गरेको निर्वाचन भ्रामक छ । धेरै रुसी यसलाई अन्त्य गर्न चाहन्छन् । तिनीहरूको मौनता सहमति होइन, न त यसले अनुमोदनलाई संकेत गर्छ । यो विषय त्रासमा जरा गाडिएको छ ।

पुटिन असुरक्षित छन् । उनले अतिवादीको आक्रमण आउँदै गरेको देखेको हुनुपर्छ । तर, अहंकार र आत्मसन्तुष्टिले उनलाई अन्धो बनायो । जब संयुक्त राज्य अमेरिकाले उदारताका साथ एक आसन्न षड्यन्त्रबारे स्पष्ट सूचनाको खुलासा गऱ्यो, पुटिनले यसलाई गलत सूचनाको चालका रूपमा अस्वीकार गरे । जब सुरक्षा सेवाले इस्लामवादी लडाकुलाई ट्रयाक गर्न सुझाव दिए, तिनीहरूले उनको आदेशमा विपक्षीहरू, पत्रकारहरू र समलिंगी मानिसलाई उत्पीडन गरिरहेका थिए । पुटिनले रुसी राज्यलाई आफ्नै छविमा पुनर्निर्माण गरेका छन्, क्रूर, अयोग्य, अज्ञानी, अविश्वासी, भ्रमपूर्ण र पृथक् । यो पुटिनजस्तै मौलिक रूपमा कमजोर छ । बढ्दो रूपमा एउटा विपत्तिले अर्को विपत्तिलाई पछ्याउँछ, उनको पकड चिप्लिन्छ, शक्ति कमजोर हुँदै जानेछ र डर हराउनेछ । क्रोकस सिटी अत्याचारले यो प्रक्रियालाई गति दिनेछ । यसले फरक पार्छ ।

-द गार्जियनबाट

लुम्बिनी विकास बैंक लिमिटेडको
तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/१२/१८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

ना.प्र.नं. ४४२४-४९६७, जि.प्र.का. मोरङ	ना.प्र.नं. ०७१०२१/३३६, जि.प्र.का. धनकुटा
जारी मिति : २०५८/०८/२७	जारी मिति : २०६४/०२/२५
बाबु : भीम बहादुर थापा, बाजे : रत्न बहादुर थापा	बाबु : शेर बहादुर भण्डारी, बाजे : पुष्प बहादुर भण्डारी
ठेगाना : मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ४	ठेगाना : मोरङ जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ७
हाल : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ८	हाल : सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ८

धितोमा रहेको सम्पतिको विवरण

१. रत्न बहादुर थापाको नाती, भीम बहादुर थापाको छोरा, मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ८ बस्ने हुकुम बहादुर थापाको नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ७ ख स्थित कि.नं. ६०२७ को क्षेत्रफल ०-०-११-० वि.क.धु.क. को जग्गा तथा उक्त जग्गामा निर्मित आदि सम्पूर्ण लिगलगापतहरु समेत।
२. पाथिभरा कृषि उद्योगले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्मका कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरवाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८१/०१/०२ आइतबार कार्यालय समय सम्म शाखा कार्यालय, ईटहरी	२०८१/०१/०३ सोमबार दिनको ३:३० बजे शाखा कार्यालय, ईटहरी

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, ईटहरी

सिद्धार्थ बैंक र आइसिएफबीच सम्झौता



काठमाडौं/ जोखिम व्यवस्थापन, लैंगिक, डिजिटल तथा जलवायु वित्त क्षेत्रहरूमा क्षमता अभिवृद्धि गर्न सिद्धार्थ बैंक लिमिटेड र इन्टरनेसनल फाइनान्स कर्पोरेसन (आइसिएफ)बीच सम्झौता भएको छ। बैंकले डिजिटल फर्स्ट अभ्यास अपनाई सुशासन पक्षहरूमा केन्द्रित हुँदै दिगो विकासलाई सर्घै प्राथमिकतामा राखेर आफ्ना समग्र रणनीति, वातावरणमैत्री एवं समाजकेन्द्रित बनाउँदै आएको छ। उक्त सम्झौताले बैंकको क्षमता अभिवृद्धि तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसरण गरी बैंकलाई अझ बढी सुदृढ एवं सबल बनाई आफ्ना लक्ष्यहरू हासिल गर्न थप टेवा पुग्ने विश्वास लिएको छ।

आइसिएफको ग्लोबल ट्रेड फाइनान्स कार्यक्रमको सदस्य पनि रहेको बैंकले आइसिएफद्वारा आयोजित १०औं ग्लोबल ट्रेड अवार्डमा बेस्ट अपेरेटिङ बैंक इन साउथ एसिया २०२१ अवार्ड पनि पाएको छ। त्यसैगरी, केही समयअघि मात्र पनि सिद्धार्थ बैंक र आइसिएफबीच नेपालका लघु, साना तथा मझौला उद्यमीहरूको व्यवसायमा र जलवायु वित्त पोषणमा लगानी गर्ने सम्झौता गरिसकेको छ।

एनआइसी एसिया क्यापिटलमा भिकेवाइसी

काठमाडौं/ एनआइसी एसिया क्यापिटलले डिम्याट खाता खोलेका ग्राहकले भिडियो केवाइसी (भिकेवाइसी)मार्फत प्रमाणीकरण गर्न सकिने व्यवस्था सार्वजनिक गरेको छ। भिडियो केवाइसीमार्फत विदेशमा रहेका नेपाली तथा नेपालबाटै पनि डिम्याट खाता खोली प्रमाणीकरण गर्न बाँकी ग्राहकले इमेलमा माग गरिएबमोजिमको विवरण भरी भिडियो केवाइसी गर्न सक्नेछन्। भिडियो केवाइसी गर्दा डिम्याट खातावालाको विवरण डिम्याट खाता खोल्ने समयमा उपलब्ध गराएको विवरणसँग रुजु गरेर मात्र केवाइसी स्वीकृत गरिनेछ।

नेपाल लाइफको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ नेपाल लाइफ क्यापिटलले नेपाल लाइफ इन्स्योरेन्ससँगको समन्वयमा १८ मार्चदेखि २४ मार्चसम्म ग्लोबल मनी विकको अवसरमा साक्षरता कार्यक्रम सञ्चालन गरेको छ। धितोपत्र बजार, लगानी र जोखिम न्यूनीकरण विषयमा कम्पनीले विभिन्न पाँच स्थानमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको हो। चैत ५ गते नेपालगन्ज, चैत ६ गते कोहलपुर, चैत ७ गते धनगढी, चैत ८ गते महेन्द्रनगर बजार र कञ्चन क्याम्पमा कार्यक्रम सञ्चालन गरिएको थियो।

२५ पैसा पर्ने...

पृष्ठ १ बाट क्रमशः

लगाएकोमा मोबिलाइजेसन पेस्कीका रूपमा करिब पाँच करोड रुपैयाँ भुक्तानीसमेत गरिसकेको छ।

जब कि यसअघि ०७५ मा आन्तरिक राजस्व विभागले इन्डोनेसियन सरकारी कम्पनी पेरम्पेररीलाई प्रतिस्टिकर १५ पैसाका दरले छाप्ने गरी चार अर्ब ९७ करोडको ठेक्का लगाएको थियो। त्यस्तै, २७ भदौ ०७८ मा विभागले नै अन्तःशुल्क स्टिकर छपाइका लागि एक करोड आठ लाख ८२ हजार ६ सय ७० अमेरिकी डलर (तत्कालीन दररेटअनुसार एक अर्ब २७ करोड रुपैयाँ)को ठेक्का लगाउँदा भारतीय प्रिन्टिङ कम्पनी मद्रास सेक्युरिटी प्रिन्टर्सले प्रतिस्टिकर २५ पैसामा छाप्ने कबुल गरेको थियो। तर, नेपाली कम्पनी मिराज प्रिन्टिङले मद्राससँगको ठेक्का प्रक्रियाविरुद्ध सर्वोच्चमा मुद्दा दायर गरेपछि तत्काल कामकारबाही अगाडि नबढाउन अन्तरिम आदेश जारी भयो।

तर, एक वर्षपछि स्टिकर अभाव हुन थालेसँगै विभागले सुरक्षण मुद्रण केन्द्रलाई छपाइको जिम्मेवारी सुम्पियो। यहीबीचमा २८ भदौ ०७९ मा सर्वोच्चले मद्रासको ठेक्कासम्बन्धी मुद्दाको अन्तिम फैसला गर्दै मद्रासलाई नै ठेक्का लगाउन आदेश दियो। तर, यता केन्द्रले ४ असोज ०७९ मा स्टिकर छपाइ तथा वितरणका लागि टेन्डर आह्वान गरिदियो, जसको तीन महिनापछि २६ मंसिर ०७९ मा प्रिन्ट सेललाई ३८ करोड ६७ लाख रुपैयाँमा स्टिकर छपाइको ठेक्का लगायो।

प्रतिस्टिकर २५ पैसामा छाप्ने कबुल गरेको मद्रासलाई नै ठेक्का लगाउन सर्वोच्चले अन्तिम फैसला गरिसकेको अवस्थामा मुद्रण केन्द्रले ६५ पैसा महँगो पर्ने गरी प्रतिस्टिकर ९० पैसाका दरले तेस्रो पक्ष प्रिन्ट सेललाई किन ठेक्का लगायो ? पाँच करोड पेस्की किन दियो ? यहींनेर चलखेल भएको आशंका अख्तियारले गरेको छ। सर्वोच्चको फैसलापछि विभागले भने मद्राससँगको ठेक्कालाई नै निरन्तरता दिँदै प्रतिस्टिकर २५ पैसामा छापेर आपूर्ति गर्दै आएको छ।

अन्तःशुल्क तथा अनुसन्धान महाशाखाका तत्कालीन उपमहानिर्देशक गोविन्द सुवेदी विभागले केन्द्रलाई स्टिकर छपाइका लागि सुरक्षा व्यवस्थाको प्रारम्भिक तयारी गर्न मात्रै जिम्मेवारी दिए पनि केन्द्रले आफूखुसी टेन्डर अगाडि बढाएको दाबी गर्छन्। यसमा केन्द्रले बदमासी गरेको उनको भनाइ छ। 'त्यतिखेर हामीले त अन्तःशुल्क छाप्नका लागि सुरक्षा व्यवस्थाको प्रारम्भिक तयारी गर्ने उद्देश्यले मात्रै पत्राचार गरेका थियौँ। तर, केन्द्रले आफूखुसी बोलपत्र आह्वान गरेर प्रक्रिया अगाडि बढायो,' उनले भने, 'केन्द्रले ठेक्का लगाए पनि हामीले छाप्नका लागि सहमति गरेका थिएनौँ।'

विभागमा अन्तःशुल्क स्टिकर खरिदको प्रक्रिया अघि बढाउने जिम्मा प्रशासन शाखाको हो। उक्त शाखा प्रमुख एवं निर्देशक नवराज जैसीले हाल केन्द्रबाट स्टिकर छपाइको सम्बन्धमा कुनै प्रक्रिया अघि नबढेको बताए। 'म आएको तीन महिना पुग्यो। त्यसअघि कसले के गर्नुभयो, मैले जानकारी पाएको छैन। तर, आजसम्म केन्द्रबाट स्टिकर छपाइ सम्बन्धमा कुनै प्रक्रिया अघि बढाएका छैनौँ। अहिले मद्रास सेक्युरिटी प्रिन्टिङलाई हामीले ठेक्का दिएर स्टिकर वितरणको काम जारी छ,' उनले भने।

सेक्युरिटी प्रिन्टङ प्रेस खरिद घोटालामा मुद्दा लागेका विकल पौडेल थिए मुद्रण केन्द्रको कार्यकारी निर्देशक

अन्तःशुल्क स्टिकर छपाइको ठेक्का महँगोमा लगाउँदा सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा थिए विकल पौडेल। सरकारी अनियमिततामा विकल पौडेल चल्तीको नाम हो। सेक्युरिटी प्रिन्टिङ प्रेसको पावर सिस्टम र इन्धन भण्डारण ट्यांकी खरिद ठेक्कामा भएको भ्रष्टाचारमा पनि मिलेमतो रहेको भन्दै पौडेलविरुद्ध अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरिसकेको छ। पौडेलमाथि अन्तःशुल्क स्टिकर छपाइ र प्रिन्टर खरिदमा अनियमितता गरेको विषयमा पनि अख्तियारले थप अनुसन्धान थालेको छ।

०७९/८० मा स्टिकर छपाइका लागि सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले व्यहोर्ने गरी सुरक्षण मुद्रण केन्द्रका लागि चार अर्ब ५० करोड बजेट विनियोजन गरिएको थियो। स्टिकर छपाइका लागि करिब पाँच करोड रुपैयाँसम्मको मोबिलाइजेसन पेस्कीबापत निकासासमेत भइसकेको छ। यद्यपि, हाल केन्द्रको यो बजेट रोक्का गरिएको छ। करिब पाँच करोड रुपैयाँ निकासाको सम्बन्धमा आयोगले अनुसन्धान गरिरहेको स्रोतले बतायो।

अन्तःशुल्क स्टिकर छाप्ने प्रिन्टर पनि ४० करोड बढी मूल्यमा खरिद

अन्तःशुल्क स्टिकर छपाइ ठेक्कामा मात्रै होइन, स्टिकर छाप्ने प्रिन्टर खरिदमा पनि सुरक्षण मुद्रण केन्द्रले ४० करोड बढी खर्च गरेको छ। अख्तियारले यस सम्बन्धमा पनि छानबिन गरिरहेको छ। केन्द्रले २ फागुन ०७७ मा अन्तःशुल्क स्टिकर छपाइको सिस्टम खरिद सम्बन्धमा बोलपत्र आह्वान गरेको थियो। २७ चैत ०७७ मा केन्द्रले यो ठेक्का ७३ करोड ८८ लाख ९८ हजार सात सय ४० रुपैयाँमा म्याक्स इन्टरनेसनल, कमलपोखरीलाई दिएको थियो। यो ठेक्कामा प्रतिथान पाँच करोड भारु पर्ने एचपी इन्डिगोका दुई थान प्रिन्टर खरिदमै ४० करोड बढी खर्च गरिएको छ। दुई प्रिन्टरसहित आवश्यक अन्य मेसिन (प्राती स्लिटर रिवाइन्डर र भर्निस कोटरलगायत) किन्दा २० करोड मात्रै लाग्नेमा केन्द्रले ६० करोड रुपैयाँमा ठेक्का लगाएर खरिद गरेको हो।

अख्तियारको चासोपछि धमाधम राजीनामा

अन्तःशुल्क स्टिकर छपाइको ठेक्का प्रकरणमा आयोगले चासो देखाउन थालेसँगै सुरक्षण मुद्रण केन्द्रबाट कर्मचारीहरू राजीनामा बुझाउँदै बाहिरिन थालेका छन्। विकल पौडेललाई आयोगले नियन्त्रणमा लिएपछि सरकारले ४ जेठमा मनीष भट्टराईलाई कार्यकारी प्रमुखमा नियुक्त गऱ्यो। उनले विभागमा अन्तःशुल्क स्टिकर छपाइको ठेक्का सम्झौताबमोजिम अगाडि बढाउन सहमतिका लागि पहल गरेका थिए। तर, आयोगले ठेक्का प्रक्रियामा चासो बढाउन थालेपछि विभागका अधिकारीहरूले यसमा सहमति दिन मानेनन्।

भट्टराईले आयोगलाई छानबिन टुंग्याएर काम-कारबाही अगाडि बढाउने बाटो खुलाउन आग्रहसमेत गरेका थिए। मंसिरसम्म केन्द्रको प्रशासनिक खर्च धान्ने बजेट सकिएर थप बजेट प्राप्त नभएपछि ४ पुसमा उनले राजीनामा बुझाएको केन्द्रका अधिकारीले बताएका छन्। भट्टराईले राजीनामा दिएसँगै मन्त्रालयले निमित्त प्रमुखको रूपमा मुद्रण अधिकृत बलराम चौधरीलाई तोकेको थियो। तर, विनाबजेटको केन्द्रमा अख्तियारबाट पनि तारन्तार सोधपुछ हुन थालेपछि चौधरीले गत १२ चैतमा राजीनामा दिएका थिए। उनीसँगै स्टोर सहायक प्रमुख अरुणराज राजथलाले पनि राजीनामा दिइसकेका छन्।

अहिले दुईजना सहायकसहित निमित्त प्रमुखमा मुद्रण अधिकृत युवराज पोखरेल, लेखा अधिकृतमा खड्गबहादुर थापा र मुद्रण अधिकृत कृष्णहरि खड्का कार्यरत छन्। अवकाश नजिकिँदै गएकाले अहिलेका निमित्त प्रमुख पोखरेलले राजीनामा दिने तयारी गरिरहेको केन्द्रका कर्मचारीले बताएका छन्।

■ हावाहुरी र चट्याङसँगै वर्षा

दैलेखमा चट्याङ लागेर बालिका र पाल्पामा रुख ढलेर स्कुटरचालकको मृत्यु

नयाँ पत्रिका

शनिबार साँझ काठमाडौंलगायत बागमती, कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न ठाउँमा हावाहुरी र चट्याङसँगै वर्षा भएको छ। चट्याङले दैलेखको भैरवी गाउँपालिका- ७ पानीपोखरीकी १२ वर्षीया बालिका शर्मिला कँडेलको ज्यान गएको छ। घरमै बसिरहेका वेला चट्याङ खस्दा उनको छाती र पेटमा चोट लागेपछि उपचारका लागि सुर्खेत प्रादेशिक अस्पताल लैजाँदै गर्दा ज्यान गएको हो।

त्यस्तै, पाल्पामा हावाहुरीले रुख ढलेर स्कुटर किच्दा एकजनाको मृत्यु भएको छ। तीनजना घाइते भएका छन्। पाल्पा-डुम्रे सडक जरेपीपल क्षेत्रमा उत्तिस र सल्लाको रुख ढलेर लाग्दा लु.८१प ११३६ नम्बरको स्कुटरचालक तानसेन नगरपालिका- ५ कैलाशनगरका भुवन सिँजालीको मृत्यु भएको प्रहरीले जनाएको छ। हावाहुरी चलेपछि ओत लाग्ने क्रममा रुख ढलेको हो। त्यस्तै, सोही स्थानमै रोकिराखेको ग.१०प ५७२१ नम्बरको स्कुटर र अर्को एक मोटरसाइकल पनि च्यापिँदा तीनजना घाइते भएका छन्।

असिनापानीसँगै हावाहुरी चल्दा गुल्मीमा विद्युत्को हाइटेन्सन लाइनका पोल ढलेपछि विद्युत् पूर्ण रूपमा ठप्प भएको छ। वीरवास सबस्टेसनमा आउने ३३ केभी लाइनअन्तर्गत अर्घाखाँची-बलकोट क्षेत्रमा रुख र पोल ढलेका हुन्। त्यस्तै, रिडी-वीरवासका हाइटेन्सन लाइनका चार-पाँच पोल ढलेपछि गुल्मी वितरण केन्द्रको विद्युत् आपूर्ति अवरुद्ध भएको विद्युत् प्राधिकरण गुल्मी वितरण केन्द्रका प्रमुख अर्जुन पोखेलले जानकारी दिए।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद मीनकुमार अर्यालले हावाहुरी र चट्याङसहित वर्षा गराउने प्रणाली राति नै पूर्वतिर लागेको छ। मौसम पूर्वानुमान महाशाखाका अनुसार पश्चिमी वायु र स्थानीय वायुसँगै दक्षिण आसाम आसपासमा रहेको न्यून चापिय क्षेत्रको पनि प्रभाव रहेकाले हावाहुरी चट्याङसहित वर्षा भएको हो। प्रिमनसुन अवधिमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित वर्षा हुन्छ।

'प्रिमनसुन सक्रिय भएको देखिन्छ, शनिबार दिउँसो लुम्बिनी, गण्डकी र बागमतीमा केन्द्रित वर्षा साँझ काठमाडौंमा भएको थियो,' मौसमविद् अर्यालले भने, 'राति नै उत्तरपूर्व वर्षा भएको छ। आइतबार पनि आइसोलेटेड रेनफल (खण्डीत वर्षा) हुने देखिन्छ।'

आइतबार पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको बताएको छ। तर, शनिबारझैं स्थानीय वायु पनि सक्रिय भई खण्डित वर्षासमेत हुनसक्ने मौसमविद् अर्यालले बताए।

बारपाकमा १० मिनेटमै १८.८ मिलिमिटर वर्षा

गोरखाको बारपाक क्षेत्रमा अत्यधिक वर्षा भएको छ। त्यहाँ शनिबार साँझ तीन घन्टामै ९०.१ मिलिमिटर वर्षा भएको जल तथा मौसम विज्ञान विभागको स्वचालित वर्षा मापन केन्द्र (अप्रशोधित तथ्यांक) मा रेकर्ड भएको छ। बारपाक क्षेत्रमा शनिबार बिहान ६ बजेदेखि अपराह्न ४:१५ बजेसम्म १.५ मिलिमिटर मात्र वर्षा रेकर्ड भएको देखिन्छ। तर, त्यसपछि निरन्तर वर्षा भएकोमा साँझ ७ बजेसम्म ९१.८ मिमि रेकर्ड हुन्छ। बारपाक क्षेत्रमा खण्डित वर्षा भएको हो। अपराह्न ४:५५ देखि ५:५५ अर्थात् एक घन्टामा ५८.४ मिमि पानी परेको देखिन्छ। यसमा पिक समय ५:७ देखि ५:१५ सम्मको १० मिनेट हो। यो अवधिमा १८.८ मिमि पानी परेको देखिन्छ, जुन मुसलधारे वर्षा हो। अपराह्न ५:३५ देखि ५:४५ : १५.६ मिमि पानी परेको छ, भने त्यसअघि १६:१५ देखि १६:२५ सम्म ११.४ मिमि देखिन्छ। तर, बीचबीचमा पानी रोकिँदै फेरि परेको छ। जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् इन्दिरा कँडेलले बारपाक क्षेत्रमा अत्यधिक वर्षा भएको बताइन्। 'एक मिनेटमा एक मिमि पानी पऱ्यो भने ठूलो वर्षा भन्छौँ। यहाँ १० मिनेटमै १८ मिमिभन्दा धेरै वर्षा भएको छ,' उनले भनिन्, 'यो वर्षा अत्यधिक हो।'

पीडामाथि...

पृष्ठ १ बाट क्रमशः

परिवारका पाँचजनाको ज्यान गयो, एक बेपत्ता छन्। बा.२ज ४१९६ नम्बरको ट्याक्सी पृथ्वी राजमार्गअन्तर्गत चितवनको इच्छाकामना गाउँपालिका- ५, सिमलधारानजिक सडकबाट त्रिशूली नदीमा खस्दा शंकरकी आमा ७० वर्षीया जुनकिरी रोका, जेठी दिदी ४१ वर्षीया हरिमाया रोका, कान्छी बहिनी २८ वर्षीया अन्जना रोका, भान्जा नौ वर्षीय आगमन नगरकोटी र ज्वाइँ ३५ वर्षीय अर्जुन सिर्मलको मृत्यु भएको हो। ट्याक्सी अर्जुनले नै चलाएका थिए।

दुर्घटनामा शंकरका छोरा १८ वर्षीय दिवस रोका बेपत्ता रहेको र उनको खोजी भइरहेको चितवन प्रहरीका प्रवक्ता श्रीराम भण्डारीले बताए। बेपत्ताको खोजीका लागि सशस्त्र प्रहरी बल कुरिनटारबाट गोताखोरसहितको टोली खटिएको छ।

गोरखाबाट शंकरको दाहसंस्कारका लागि काठमाडौं पुगेका परिवार र आफन्तहरू शुक्रबार राति ११ बजेतिर तीनवटा सवारीसाधनमा गोरखाका लागि छुटेका थिए। तीमध्ये दुई गाडी मुग्लिन पुगेर कुर्दासम्म ट्याक्सी नआएपछि प्रहरीलाई खबर गरेका थिए। खोज्दै जाँदा त्रिशूलीमा ट्याक्सी खसेको अवस्थामा भेटियो। ट्याक्सी विपरीत लेनमा गएर त्रिशूलीमा खसेकाले चालक निदाएर दुर्घटना भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान रहेको भण्डारीले बताए। 'ट्याक्सी अन्य गाडीसँग ठोक्किएको देखिँदैन, ठोक्किएको भए चट्टान भएको दिशा (कान्ला)तिर जानुपर्ने हो। रोड सेफ्टी ब्यारियर भाँचिएर ट्याक्सी नदीमा खसेको छ, त्यसैले चालक निदाउँदा दुर्घटना भएको हुन सक्छ,' उनले भने।

पाँच वर्षमा...

पृष्ठ १ बाट क्रमशः

टाइगर आइटी (जेभी)बीच १७ जेठ ०७३ मा खरिद सम्झौता भएको थियो। सुरु सम्झौताअनुसार पाँच वर्ष अर्थात् १५ जेठ ०७८ सम्म काम सक्ने सहमति भएको थियो। २५ लाख थान इम्बोस्ड नम्बर प्लेट आपूर्ति गर्नुपर्ने सम्झौता भएको थियो। तर, हालसम्म ५९ हजार ६५८ सवारीमा मात्र इम्बोस्ड प्लेट जडान भएको छ। इम्बोस्डमा अंग्रेजी या देवनागरी कुन अक्षर लेख्ने भन्ने विवाद सर्वोच्च अदालतसम्म पुगेपछि करिब दुई वर्ष पाँच महिना इम्बोस्ड नम्बर प्लेटसम्बन्धी काम रोकिएको थियो।

इम्बोस्ड प्लेटमा अंग्रेजी भाषा प्रयोग गरिएको भन्दै त्यसविरुद्ध ६ र ८ फागुन ०७४ मा सर्वोच्च अदालतमा रिट दायर भएको थियो। १० फागुनमा सर्वोच्चले इम्बोस्ड जडानसम्बन्धी कार्य रोक्न अन्तरिम आदेश दिएपछि २७ मंसिर ०७६ सम्म केही पनि काम हुन सकेन। सोही महिना २७ मंसिरमा सर्वोच्चले रिट खारेज गरिदियो। ०७७ असारमा फैसलाको पूर्ण पाठ प्राप्त भएपछि १ साउनदेखि जडानको काम सुरु भएको थियो।

यस अवधिमा दुईपटक गरेर साढे चार वर्षका लागि सम्झौताको म्याद थपिएको छ। १६ जेठ ०७८ मा सम्झौताको म्याद सकिनुअघि ११ र १३ जेठको निर्णयका आधारमा विभागले सम्झौताको म्याद दुई वर्ष ६ महिना थप गरिदिएको थियो। जसअनुसार १२ मंसिर ०८० सम्ममा सम्झौताबमोजिमको काम सकिनुपर्थ्यो। तर, सम्झौताबमोजिम काम नसकिएपछि मंसिरमै विभागले थप दुई वर्ष म्याद थप गर्ने निर्णय गरेको छ।

यातायात व्यवस्था विभागका सूचना अधिकारी ईश्वरदत्त पनेरू इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनको सिलसिलामा रहेको, तर अपेक्षाअनुसार गति नलिएको बताउँछन्। 'सातै प्रदेशमा इम्बोस्ड लागू गर्ने व्यवस्था भएको छ,' उनी भन्छन्, 'यद्यपि, अपेक्षाअनुरूप गति लिन सकेको छैन।'

सवारी दर्ता, अभिलेखजस्ता यातायात व्यवस्थापनका काम प्रदेशमा पुगेकाले त्यहाँको मागका आधारमा प्लेट पठाउने काम विभागको भएको र बाँकी सबै प्रक्रिया सम्बन्धित प्रदेश कार्यालयबाटै हुने उनको भनाइ छ। 'यसमा विभागको भूमिका समन्वय गर्ने हो। विभागले चाहेर मात्रै सबै काम हुँदैन,' उनले भने।

सम्झौता कार्यान्वयनको ढिलाइले थपियो एक अर्ब व्ययभार

नम्बर प्लेट छपाइका लागि मेसिनरीसहितको कारखाना प्लेट, वैयक्तीकरणका लागि सफ्टवेयर तथा हार्डवेयरसहितको प्रणाली, सवारी अनुगमनका लागि १० आरएफआइडी द्वार (गेट)हरू निर्माण गर्ने र सय थान 'ह्यान्डहेल्ड आरएफआइडी रिडर'जस्ता पूर्वाधार निर्माण गर्ने सम्झौतामा थियो। भ्याटबाहेक चार अर्ब १६ करोड ७९ लाख ५० हजार रुपैयाँ (तीन करोड ८७ लाख ५० हजार अमेरिकी डलर)मा सम्झौता भएको थियो। निर्धारित समयभित्र सम्झौता कार्यान्वयन नहुँदा डलरसँग नेपाली मुद्राको विनिमय दर फेरबदल हुँदा लागत २२.५० प्रतिशतले वृद्धि भएको छ। ३१ असार ०८० को विनिमय दरअनुसार लागत पाँच अर्ब १० करोड ६० लाख ८७ हजार पाँच सय रुपैयाँ पुगेको छ। सम्झौता कार्यान्वयनमा भएको ढिलाइले करिब एक अर्ब रुपैयाँको व्ययभार थपिएको देखिन्छ।

२५ लाखको लक्ष्य, तर हालसम्म ५९ हजार ६५८ मा मात्र जडान

सवारीसाधनमा जडान गरिने उच्च सुरक्षा विशेषतायुक्त इम्बोस्ड नम्बर प्लेटको आपूर्ति तथा जडानका लागि आवश्यक वैयक्तीकरण, नामांकन र सूचना प्रविधि पूर्वाधारसमेतको निर्माण गर्ने खरिद सम्झौतामा उल्लेख थियो। विभाग र डेकाटुरबीच भएको सम्झौताअनुसार २५ लाख सवारीसाधनमा इम्बोस्ड जडान गर्नुपर्ने थियो। त्यसमध्ये १८ लाख ४० हजार दुईपांग्रे, १० हजार तीनपांग्रे, तीन लाख ५० हजार साना तथा मझौला र तीन लाख ठूला सवारीमा इम्बोस्ड जडान गर्नुपर्थ्यो। तर, गत माघ अन्तिमसम्ममा चार लाख १२ हजार ३१८ वटा इम्बोस्ड नम्बर प्लेट मात्र आपूर्ति भएको छ। आपूर्ति भएकामध्ये पनि निकै कम सवारीमा मात्र इम्बोस्ड जडान गरिएको छ। हालसम्म ५९ हजार ६५८ सवारीसाधनमा मात्र इम्बोस्ड नम्बर प्लेट जडान भएको छ। यो लक्ष्यको २.३९ प्रतिशत मात्र हो।

हालसम्म १८ हजार ९७४ दुईपांग्रे, ४० हजार ३०४ साना तथा मझौला र ३८० ठूला सवारीमा मात्र इम्बोस्ड जडान भएको छ। तीनपांग्रेमा जडान भएकै छैन। त्यस्तै, बागमती, गण्डकी र लुम्बिनी प्रदेशले मात्र इम्बोस्ड जडान गरेका छन्। बागमतीले ५० हजार ९३, गण्डकीले दुई हजार ४९० र लुम्बिनीले एक हजार ७५१ सवारीमा इम्बोस्ड जडान गरेका छन्।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २२ कात्तिक ०७८ मा राजपत्रमा सूचना प्रकाशित गरी १ मंसिरदेखि लागू हुने गरी १ जेठ ०७९ सम्ममा चरणबद्ध रूपमा बागमती, गण्डकी, लुम्बिनी, कर्णाली एवं सुदूरपश्चिम प्रदेशमा नयाँ दर्ता हुने, नामसारी हुने र दर्ता प्रमाणपत्र नवीकरण हुने सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट लागू गर्ने व्यवस्था गरेको थियो। त्यस्तै, गत २५ माघमा मन्त्रालयले राजपत्रमा अर्को सूचना जारी गर्दै कोशी र मधेश प्रदेशमा पनि १ फागुन ०८० देखि १ जेठ ०८१ सम्म इम्बोस्ड नम्बर प्लेट जडान गर्ने व्यवस्था लागू गर्ने व्यवस्था गरेको थियो। यातायात व्यवस्था विभागसहित अन्तर्गतका २१ कार्यालयबाट इम्बोस्ड नम्बर प्लेट जडान गर्ने व्यवस्था गरिएको छ। प्लेट जडानका लागि विभागले एक सय २२ जनशक्ति व्यवस्थापन गरिसकेको छ।

इम्बोस्डको चर्को मूल्य, प्रविधिदेखि गुणस्तरसम्ममा प्रश्न र समस्या

इम्बोस्ड नम्बर प्लेटको जडान मूल्यदेखि यसको गुणस्तरसम्ममा विभिन्न समस्या देखिएका छन्। इम्बोस्ड नम्बर प्लेट जडानको शुल्क महँगो भएको भन्दै सेवाग्राहीको चर्को गुनासो छ। जडानमा ढिलाइ हुनुमा यसको चर्को शुल्क पनि कारण देखिएको छ।

सम्झौताअनुसार इम्बोस्ड जडान गर्दा दुईपांग्रे सवारीका लागि दुई हजार ५००, तीनपांग्रे सवारीको दुई हजार ९००, चारपांग्रे (साना तथा मझौला) सवारीको तीन हजार २०० र ठूला सवारीको तीन हजार ६०० रुपैयाँ शुल्क बुझाउनुपर्छ। इम्बोस्ड प्लेटका लागि उपभोक्ताले तिर्ने यो मूल्यको ठूलो रकम आपूर्तिकर्ताले लग्ने व्यवस्था गरिएको छ। दुईपांग्रे, तीनपांग्रे, साना तथा मझौला र ठूला सवारीमा सरकारले क्रमशः ६ सय, ६०७, ८८० र १११० रुपैयाँ सरकारले लिन्छ र बाँकी आपूर्तिकर्ता कम्पनीले लग्ने व्यवस्था छ।

खासगरी मोटरसाइकल र चारपांग्रे सवारीसमेतमै पनि जडान गरिएका इम्बोस्ड नम्बर प्लेट झर्ने, च्यातिने, कोतरिनेजस्ता समस्या देखिएका छन्। यसले इम्बोस्डको गुणस्तरमा प्रश्नचिह्न खडा गरेको छ।

त्यस्तै, इम्बोस्डमा जडान गरिने प्रविधिबारे पनि प्रश्न छ। इम्बोस्डमा आरएफआइडी (रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेसन) प्रविधि जडान गरिएको छ। इम्बोस्डमा आरएफआइडी प्रविधियुक्त चिप्स राखिएको हुन्छ। तर, यसमार्फत परीक्षणका लागि आरएफआइडी गेट आवश्यक हुन्छ। गेटमा पुगेपछि त्यसले सवारीको पहिचान गर्छ। गेट नभएको अवस्थामा आरएफआइडीले काम गर्दैन। तर, यो प्रविधि पुरानो र तुलनात्मक रूपमा कम भरपर्दो मानिन्छ। पछिल्लो समय जिपिएसमा आधारित प्रविधि सर्वव्यापी छ। जिपिएसले स्याटेलाइटमार्फत काम गर्ने भएकाले यो भरपर्दो मानिन्छ। कम भरपर्दो र बढी लागत चाहिने आरएफआइडी प्रविधि नै किन अँगालियो भन्ने पनि प्रश्नको घेरामा छ।

भुक्तानीका लागि दबाब

आपूर्तिकर्तासँग विभागले गरेको सम्झौतामा इम्बोस्ड सवारी अनुगमनका लागि १० आरएफआइडी द्वार (गेट)हरू निर्माण गर्ने र सय थान 'ह्यान्डहेल्ड आरएफआइडी रिडर' जस्ता पूर्वाधार निर्माण गर्ने उल्लेख थियो। कम्पनीले हालसम्म चार लाख १२ हजार ३१८ इम्बोस्ड नम्बर प्लेट आपूर्ति गरिसक्दा त्यसको परीक्षणका लागि गेटहरू निर्माण गरेको छैन।

इम्बोस्ड नम्बर प्लेटहरू जडान गरे पनि पर्याप्त परीक्षण गेट नहुँदा त्यसको नियन्त्रण प्रणाली कमजोर हुन गएको छ। सम्झौतामा १० गेट निर्माण गर्ने भनिएकामा हालसम्म दुईवटा मात्र बनाइएको छ। सम्बद्ध अधिकारीका अनुसार इम्बोस्ड प्लेटका सवारी परीक्षणका लागि देशभर हजारौँ आरएफआइडी गेट आवश्यक हुन्छ। तर, सम्झौताकै आशंकाका रूपमा रहेका यस्ता गेट बनेका छैनन्। काठमाडौंमा दुईवटा गेट बनाइएको छ भने बाराको पथलैयामा अर्को गेट बन्ने क्रममा छ।

सम्झौतामा आपूर्तिकर्ता कम्पनीले इम्बोस्ड नम्बर प्लेट परीक्षणका लागि सय 'ह्यान्डहेल्ड आरएफआइडी रिडर'हरू दिने उल्लेख थियो। सम्झौताबमोजिम कम्पनीले विभागलाई ती रिडर दिएको त छ, तर चलाइएको छैन। यी रिडर एक-एक सवारीसाधन परीक्षण गर्ने प्रयोजनका हुन्। रिडर ट्राफिक प्रहरीले चलाउने भए पनि प्रयोगमा देखिएका छैनन्। विभागले केही थान परीक्षणका लागि ट्राफिकलाई दिए पनि त्यसको उपयोग भएको छैन।

सम्झौताबमोजिम सर्त पालना र काम नगरेको आपूर्तिकर्ता कम्पनीले भुक्तानीका लागि भने दबाब दिँदै आएको छ। आवश्यक पूर्वाधार निर्माण नै नगरेको कम्पनीले अहिलेसम्म भुक्तानी भने भटाभट लिँदै आएको छ। हालसम्म कम्पनीले ९२ करोड ६१ लाख ५९ हजार चार सय चार रुपैयाँ भुक्तानी लिइसकेको छ। अहिले पनि कम्पनीले विभागसँग भुक्तानीका लागि दबाब दिइरहेको छ।

इम्बोस्ड नम्बर प्लेट जडानको सम्झौता गर्दा नै फाइदा पुऱ्याउने गरी सम्झौता गरिएका कारण आपूर्तिकर्ताको दाबीलाई नाघ्ने परिस्थिति नरहेको स्रोत बताउँछ। सम्झौतामा 'सरकारका कारण बाधा भई तोकिएको समयावधिमा काम पूरा नभएको खण्डमा ठेक्काको ९५ प्रतिशत रकम ठेकेदार कम्पनीले पाउने' प्रावधान सम्झौतामा घुसाइएको छ। प्रतिमहिना न्यूनतम ३५ हजारदेखि ४० हजार सवारीमा इम्बोस्ड नम्बर प्लेट जडान हुने गरी खरिदकर्ताले कार्य सुनिश्चित गर्नुपर्ने सम्झौतामा उल्लेख छ। उल्लेखित परिमाणको इम्बोस्ड नम्बर प्लेट सम्झौता अवधिभित्र वैयक्तीकरण हुन नसकेमा खरिदकर्ताले वैयक्तीकरण हुन बाँकी नम्बर प्लेटहरूको ९५ प्रतिशत सम्झौता मूल्यबराबरको रकम आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने सम्झौताको सर्त छ।

अनियमितताको आशंकामा अख्तियारले थाल्यो छानबिन

इम्बोस्ड नम्बर प्लेटको खरिद सम्झौतामा अनियमितता भएको आशंकामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको छ। अख्तियारले पत्राचारमार्फत यातायात व्यवस्था विभागसँग विभिन्न विषयमा जवाफ मागेको छ। इम्बोस्ड नम्बर प्लेट खरिदसम्बन्धी अन्तर्राष्ट्रिय बोलपत्रमा निश्चित कम्पनीलाई लाभ पुऱ्याउने उद्देश्यले लागत अनुमान तथा स्पेसिफिकेसन तयार गरेको उजुरी परेपछि अख्तियारले छानबिन थालेको हो।

उजुरी सम्बन्धमा छानबिनका क्रममा अख्तियारले गत १ फागुनमा विभागलाई पत्राचार गर्दै इम्बोस्ड नम्बर प्लेट आपूर्तिसमेतका कार्यबापत डेकाटुर टाइगर आइटी (जेभी)लाई सुरुदेखि हालसम्म भुक्तानी गरिएको रकमको विवरण र भुक्तानीसम्बद्ध गोश्वारा भौचरलगायत सम्पूर्ण कागजातको प्रमाणित प्रतिलिपि यथाशीघ्र उपलब्ध गराउन भनेको छ।

विभागले त्यतिवेला अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेर प्रतिस्पर्धाबाटै आपूर्तिकर्ता छनोट गरेको थियो। तर, मिलेमतोमा डेकाटुर टाइगर आइटी (जेभी)लाई नै 'फिट' हुने गरी स्पेसिफिकेसन तयार गरिएको थियो। यस ठेक्कामा हाल अख्तियारको हिरासतमा रहेका राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन उपनिर्देशक विकल पौडेल पनि मुछिएका छन्। उनले नै तयार गरेको स्पेसिफिकेसनका आधारमा मिलेमतोमा ठेक्का लगाइएको आरोप छ। तर, मिलेमतोमा ठेक्का लगाइएको भन्दै निर्णय हुँदाका बखत नै परेको उजुरीमाथि छानबिन नटुंग्याएर अख्तियारले वर्षौंसम्म फाइल अल्झाउँदै आएको छ। अख्तियारले यसको तार्किक निष्कर्ष नदिँदा निर्णय गर्ने नसक्ने अवस्था सिर्जना भएको कर्मचारीहरू बताउँछन्। अहिले पुनः छानबिनका लागि अख्तियारले विभागलाई पत्र काटेपछि हलचल निम्तिएको छ।

रास्वपाको...

पृष्ठ १ बाट क्रमशः

गएका हौँ,' उनले भने। उनले इलामले परिवर्तन चाहेकाले युवा उम्मेदवार बनाएको बताए। 'इलामले परिवर्तन खोजेकाले मिलन लिम्बूजस्ता युवालाई अघि सारेका छौँ,' उनले भने, 'वादबीचको लडाइँ स्थगन गरेर इलामलाई जिताउन लाग्नुपर्छ। इलामको परिवर्तनका लागि नेतृत्व परिवर्तन आवश्यक छ। अहिलेसम्म पार्टीले जित्यो। इलामले कहिले जितेन।' उनले इलामको कृषि उत्पादनमा जोड दिए। घोषणासभामा उम्मेदवार लिम्बूले परिवर्तनका लागि रास्वपा रोजेको बताए। 'स्वतन्त्र उम्मेदवारी दिने मनसायले निर्वाचन क्षेत्र घुमेँ। जनताले शक्तिसहित आउन आग्रह गरे,' उनले भने, 'परिवर्तनकारी शक्तिका रूपमा रास्वपा पाएँ र यही दल रोजेँ।'

इलाम २ का प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्वाङको निधन भएपछि यहाँ उपनिर्वाचन हुन लागेको हो। हालसम्म रास्वपा र एमालेबाहेकले उम्मेदवार घोषणा गर्न सकेको छैन। एमालेले सुवासचन्द्र नेम्वाङका छोरा सुहाङलाई उम्मेदवार बनाउने निर्णय गरिसकेको छ। सत्तागठबन्धनको रास्वपाले आफ्नै उम्मेदवार बनाएपछि माओवादीले भने सहयोग गर्ने एमालेको विश्वास छ। 'सुवासजीले यसअघि थोरै मतान्तरले जित्नुभयो। सुहाङले जित्नुहुन्छ, तर टुपुक्क जितेर मात्र भएन, भारी मतले जित्नुपर्छ। झापा इलामसँग जोडिएको जिल्ला हो। यहाँबाट सहयोग गर्नुपर्छ,' झापाको एक कार्यक्रममा एमाले अध्यक्ष केपी ओलीले भनेका थिए, 'माओवादीले निर्णय गरेर नै एमालेको उम्मेदवारलाई सहयोग गर्नेछ। अरू पार्टीले पनि सहयोग गर्छन्। माओवादीको सहयोग हुँदा विगतमा कांग्रेससँग थोरै मतले जितियो, माओवादीको मत आउँदा राम्रो मतले जित्छौँ। अरू पार्टीले उम्मेदवार पाएका छैनन्। नानीभन्दा नाना ठूला भए।'

यद्यपि, माओवादी प्रदेश समितिले पनि आफ्नै उम्मेदवार केन्द्रमा सिफारिस गरेको छ। 'सत्तागठबन्धन भए पनि निर्वाचनमा भने एक्लै लडेर शक्ति प्रदर्शन गर्नुपर्छ भन्ने हाम्रो माग हो। हामीले अध्यक्षलाई पनि भेटेरै भनेका छौँ,' माओवादी प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङले भने, 'हामी केन्द्रको निर्णय पर्खिरहेका छौँ।'

एमाले उम्मेदवार सुहाङ चुनावकेन्द्रित अभियानमा

आगामी १५ वैशाखमा हुने इलाम २ को संघीय उपनिर्वाचनमा एमाले उम्मेदवार सुहाङ नेम्वाङले जिल्लाकेन्द्रित चुनावी अभियान सुरु गरेका छन्। काठमाडौंबाट बुधबार निर्वाचन क्षेत्र प्रस्थान गरेका नेम्वाङले शनिबारसम्म चुनावकेन्द्रित भेटघाट र बैठकमार्फत चुनावी अभियान सुरु गरेका हुन्। इलाम २ प्रदेश (२) का एमाले सांसद तथा कोशी प्रदेशका कृषिमन्त्री राम रानाका अनुसार सुहाङले बुधबार दमकस्थित दमक क्याम्पसमा अध्ययन गर्ने इलामका विद्यार्थीसँग चुनावकेन्द्रित अन्तर्क्रिया र भेटघाट गरेर अभियान सुरु गरेका हुन्। बिहीबार बिहान इलाम पुगेका उनी शुक्रबारसम्म त्यस्तै प्रकृतिका भेटघाट, अन्तर्क्रिया र बैठकमा व्यस्त रहे। यसबीचमै उनले पार्टीको इलाम र देउमाई नगर कमिटीको बैठकमा भाग लिएर स्थानीय मंगलबारे र सदरमुकामस्थित इलाम बजारमा मतदाता भेटघाट र सामाजिक व्यक्तित्वसँग भेटघाट र अन्तर्क्रिया गरेका छन्। त्यस्तै, माङसेबुङवासीसँग पनि उनले भेटघाट गरेका छन्।

सुहाङसँगै अभियानमा सक्रिय रहेका मन्त्री रानाले विशेषतः नेम्वाङले नयाँ पुस्ताका युवासँग बढी अन्तर्क्रिया र भेटघाट गरिरहेका छन्। 'युवा जमातले उहाँसँग प्रश्न सोध्ने, अन्तर्क्रिया गर्ने गरिरहेका छन्, उहाँ पनि युवा नै भएकाले युवाहरूको जिज्ञासा र समाधान गर्ने कामले अभियानमा उत्साह नै थपिएको छ,' रानाले भने, 'उहाँप्रति नकारात्मक टिप्पणी गर्ने र फरक बुझाई रहेका पार्टीपंक्तिभित्रकै कतिपय व्यक्तिसँग पनि पार्टी नेतासहित बसेर उहाँले अन्तर्क्रिया र छलफल गर्नुभएको छ, त्यसले बुझाइमा एकरूपता देखिएकाले सिंगै पार्टी एकढिक्का साथ अगाडि बढ्ने वातावरण बनेको छ।'

सुहाङले चुनावकेन्द्रित अभियान सुरु गरिसके पनि एमाले जिल्लाले भने चुनावी प्रचार अभियान सार्वजनिक गरिसकेको छैन। रास्वपाले मिलन लिम्बूलाई उम्मेदवार बनाएको छ। तर, कांग्रेस, माओवादी र नेकपा एसले भने उम्मेदवार तय गरिसकेका छैनन्।

२४ मंसिरमा उम्मेदवारी मनोनयनपछि जिल्लाले अलग्गै चुनावी प्रचार अभियान तथा घरदैलो कार्यक्रमको तालिका बनाएर अघि बढाउने एमाले कोशी प्रदेश कमिटीका अध्यक्ष घनश्याम खतिवडाले बताए। 'अहिले एक हिसाबले चुनावी प्रचारको वार्मिङ चलिरहेको छ,' धमाधम वडा तहसम्म चुनावी रणनीति बनाउने गरी बैठक चलिरहेका छन्, यो चरण सकिएपछि व्यवस्थित ढंगले प्रचार अभियान अगाडि बढ्छ,' खतिवडाले भने, 'हामीले त्यहीअनुसार जिल्लालाई निर्देशित गरेर समन्वय गरिरहेका छौँ।'

गत ११ चैतमा बसेको एमाले केन्द्रीय सचिवालय बैठकले सुहाङलाई उम्मेदवार बनाउने निर्णय गरेको थियो। उनी संविधानसभा अध्यक्ष सुवास नेम्वाङका कान्छा पुत्र हुन्। गत २६ भदौमा हृदयाघातबाट सुवासको निधन भएपछि इलाम २ मा चुनाव हुन लागेको हो। पछिल्लो निर्वाचनमा सुवास कांग्रेसका उम्मेदवार डम्बरबहादुर खड्कालाई एक सय १४ मतको झिनो अन्तरले पराजित गर्दै विजयी भएका थिए। सुवासले ३० हजार २० मत प्राप्त गरेका थिए। कानुन विषयमा स्नातक ३२ वर्षीय सुहाङ पेसाले वकिल पनि हुन्। उनलाई एमालेले एक महिनाअघि केन्द्रीय कानुन विभाग सदस्य मनोनीत गरेको थियो।

Karnali Province Government
Ministry of Industry, Tourism, Forest & Environment
Province Forest Directorate

Division Forest Office Bheri

Babiyachaur, Surkhet

INVITATION FOR QUOTATION

Notice No.: 01-080-081

First date of publication: - 31 March 2024 (2080/12/18)

1. Division Forest Office Bheri,Babiyachaur,Surkhet invites following bid from eligible Nepalese Bidders under Sealed Quotations.
2. The details of the project is as follows:

S. N.	Contract No.	Description of Work	Total Estimated Amount Without VAT (NRs.)	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)	Bid Security Validity Period	Last Date of Bid Submission
1	DFO/Bheri/ Works/SQ/01-080/081	Barahatal Sanrakshan Yojana Karya nwayan	17,07,566.18	49000	1000	45 days/75 days from last date of bid submission	15 April 2024 until 12:00 PM

3. Information to deposit the cost of biding documents and bid security in bank are as follow respectively:

Name of the bank : Rastiya Banijaya Bank Birendranagar Surkhet
Name Of the office : Division Ban Karlaya Bheri, Babiyachaur Surkhet
Office Code : 3070268036
Security Account number : 4080100202030000
Revenue Account Number : 1000100201010006
Revenue Head number : 14229

4. For detail information, Contact the office phone number 9858054234.

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
आइतबार १८ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

हाफ म्याराथनमा विजय र पुष्पा पहिलो



नयाँ पत्रिका

विजय रावत र पुष्पा भण्डारी तेस्रो किसुन जी स्मृति राष्ट्रिय खुला हाफ म्याराथनमा शनिबार पहिलो भएका छन् । विजय पुरुष तथा पुष्पा महिलामा पहिलो भएका हुन् । विजयले निर्धारित दूरी १ घन्टा ७ मिनेट ५६ सेकेन्डमा पूरा गरे । १३औँ सागको म्याराथनका स्वर्ण विजेता किरणसिंह बोगटी १ घण्टा ८ मिनेट २५ सेकेन्डका साथ दोस्रो भए ।

हडकडमा भएको तेस्रो एसियाली युथ (यु-२०) एथलेटिक्स च्याम्पियनसिपको ३ हजार मिटर दौडका स्वर्ण विजेता अजितकुमार यादव १ घन्टा ११ मिनेट ३३ सेकेन्डमा तेस्रो भएका छनु । महिला दौडमा पुष्पाले निर्धारित दूरी १ घण्टा २३ मिनेट ०५ सेकेन्डमा तय गरिन् ।

दोस्रो स्थानमा रहेकी राममाया बुढाले १ घण्टा ३३ मिनेट १२ सेकेन्ड समय निकालिन् । १ घण्टा ३५ मिनेट ४४ सेकेन्डमा शुशान कार्की तेस्रो भइन् । पुरुष र महिला दुवैमा शीर्षमा रहेका खेलाडीले ७५ हजार रुपैयाँ हात पारे । दोस्रोले ५० हजार र २५ हजार रुपैयाँ पाए । पुरुष ५ किलोमिटर दौडमा धनुवा नन्द १८ मिनेट ०९.१० सेकेन्ड समयसाथ पहिलो स्थानमा रहे । विकेश घिमिरे (१८ मिनेट ३९.२६ सेकेन्ड) दोस्रो तथा नकुल घर्ती (१८ मिनेट ४३.५६ सेकेन्ड) तेस्रो भए । सो स्पर्धाको महिलामा निर्धारित दूरी २६ मिनेट ०७.३० सेकेन्डमा सकाउँदै शर्मिला बस्नेत पहिलो भइन् ।

नेपालले गुमायो टी-२० सिरिज

आयरल्यान्ड 'ए'विरुद्ध फिनिसिङमा चुक्दा एक खेलअघि नै नेपालले सिरिज गुमाएको हो

नयाँ पत्रिका

नेपालको राष्ट्रिय पुरुष क्रिकेट 'ए' टोलीले आयरल्यान्ड 'ए' टोलीविरुद्ध एक खेलअगाडि नै टी-२० सिरिज गुमाएको छ । त्रिवि क्रिकेट मैदानमा आयरल्यान्डले पहिलो ब्याटिङ गरी २० ओभरमा ६ विकेट गुमाएर दुई सय २४ रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा नेपाल १७.५ ओभरमा एक सय ८४ रनमै समेटियो । उत्कृष्ट सुरुवात गरेको नेपाल अन्तिममा पुनः एकपटक फिनिसिङमा चुक्दा ४० रनले पराजित भयो । नेपालले सिरिजमा आयरल्यान्ड 'ए' सँग बरबरी गर्न दोस्रो खेल जित्नैपर्ने थियो । यसअघि पहिलो खेलमा नेपाल २१ रनले पराजित भएको थियो । यसैकारण दोस्रो खेलमा नेपालको हारमा आयरल्यान्ड 'ए' ले एक खेलअगाडि नै सिरिज प्राप्त गर्ने समीकरण थियो ।

नेपालका कप्तान विनोद भण्डारीले खेलाडीमा अनुभव कम भएका कारण पराजित भएको प्रतिक्रिया दिएका छन् । पहिलो तथा दोस्रो खेलमा नेपालले आयरल्यान्डलाई लक्ष्य पछ्याउँदा चुनौती दिएको थियो । तर, मध्यक्रम र पुछारका ब्याट्सम्यानले आ-आफ्नो जिम्मेवारी पूरा गर्न नसक्दा नेपाल सिरिज गुमाउन पुगेको हो । कप्तान विनोदले दुवै खेलमा नेपाल नै हाबी भएको दाबी गरेका छन् । 'यदि दुवै खेलका समीक्षा गर्दा भने हामी नै माथि थियो,' उनले भने, 'तर १० ओभरपछि संयमित रूपमा ब्याटिङ भएन, यसैलाई हारको कारण मान्न सकिन्छ ।'

बलिङ पक्षमा अन्तर्राष्ट्रिय एक्सपोजर खासै नभएको नेपालका बलरमाथि आरल्यान्डका ब्याट्सम्यान हाबी भएका थिए । आयरल्यान्डले दुवै खेलमा नेपालविरुद्ध दुई सय रनको योगफल कटाएको थियो । ब्याटिङसाथै बलिङसमेत कमजोर रहँदा नै आयरल्यान्ड 'ए'का ब्याट्सम्यान हाबी भएको उनको भनाइ छ । 'दुवै खेलमा आयरल्यान्डले हामीविरुद्ध दुई सय रनको योगफल पार गरेको थियो । टी-२० फर्म्याटमा यस किसिमको योगफल पछ्याउन गाह्रो हुन्छ, साथै दबाब पनि उत्तिकै रहने गर्छ,' उनले भने ।

आयरल्यान्ड 'ए'को ब्याटिङमा २० छक्का

आयरल्यान्ड 'ए' ब्याट्सम्यानले नेपालका बलरविरुद्ध निर्मलतापूर्वक बाउन्ड्री लगाए । पहिलो ब्याटिङमा



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

बाउन्ड्रीको रोमाञ्चकतासाथ भरिपूर्ण भए पनि बलरको प्रदर्शन फितलो भएको स्पष्ट देखिन्थ्यो । नेपालको कमजोर बलिङ पक्षको फाइदा उठाउँदै आयरल्यान्डका ब्याट्सम्यानले एकै इनिङ्समा २० छक्का प्रहार गरे । इनिङ्समा सर्वाधिक ६५ रनको योगदान दिएका पिटर मुरले सर्वाधिक सात छक्का लगाए । उनले २६ बलमा तीन चौका प्रहार गरे । छैटौँ क्रममा ब्याटिङ गरेका कप्तान निल रोकले ३४ बलमा ७१ रन जोड्दा सातै छक्का ठोके । उनले एकपटक मात्र चौका हिर्काए ।

ओपनर रोस आदिरले २० बलमा १७ रन जोड्न समान एक छक्का र चौका लगाए । जेम्स म्याकुलमले १३ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २६ रन जोडे । इनिङ्सको एक समय आयरल्यान्ड ८.३ ओभरमा ६६-४ को कमजोर अवस्थामा थियो । त्यसपछि पिटर र रकबीच पाँचौँ विकेटका लागि ६१ रनको विस्फोटक साझेदारी भयो । उनीहरूले आयरल्यान्डलाई १२७-५ को अवस्थामा राखे । रकले विकेटको एकछेउमा आक्रामक रूपमा ब्याटिङ गरिरहँदा गेराथ डेलानी र फिओन हेड गतिलो साथ दिए । गेराथले ८ बलमा एक छक्काको सहयोगमा १० रन बनाए । फिओनले दुई छक्काको सहयोगमा १९ रन जोडे ।

पावर प्लेपछि नेपाल कमजोर

दुई सय २५ रनको लक्ष्य पछ्याएको नेपालले पावरप्लेमा उत्कृष्ट सुरुवात गरेको थियो । नेपालले ६ ओभरको समाप्तिसम्म एक विकेट गुमाएर ८७ रन जोडेको थियो । हातमा नौ विकेट बाँकी रहँदा नेपालले १४ ओभरमा एक सय ३८ रन बनाउनुपर्ने थियो । पावर प्लेपछि नेपालले प्रतिओभर ९.५ रनरेटमा ब्याटिङ नै जितका लागि काफी थियो । तर, पावर प्ले पछि निरन्तर रूपमा विकेट गुमाउँदा नेपाल लक्ष्य सम्म पुग्न सकेन । ओपनर लोकेश बलमे १३ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २५ रन जोडे । देव खनालले २५ बलमा सात चौकाको सहयोगमा ४७ रन बनाए । कप्तान विनोद भण्डारीले १३ बलमा तीन छक्का र एक चौकाको सहयोगमा २६ रन जोडे । इनिङ्सको ९.३ ओभरमा नेपालले ११६-४ को प्रदर्शन गरेको थियो । बसिर अहमेदले मध्यक्रममा २७ रन बनाए । अन्य खेलाडीले गतिलो योगदान दिन नक्दा नेपाल ४० रनले पराजित भयो ।

यसअघि, नेपालका बलर निकै खर्चिलो देखिए । कमल ऐरीले एक विकेट लिन ४१ रन खर्चे । विपिन खत्रीले ४३ रन खर्चिँदा विकेटविहीन भए । पवन सराफले ३४ रन र आरिफ सेखले दुई ओभरमा ३३ रन दिए । उनको इकोनोमी १६.५० रहेको थियो

घरेलु टोली सांग्रिला सेमिफाइनलमा

विराटनगरमा **गणेश लम्साल**

घरेलु टोली सांग्रिला मोरङ फुटबल क्लब शनिबार आठौँ विराट गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको क्वार्टरफाइनलमा भुटानको रोयल थिम्पु फुटबल क्लब (आरटिएफसी)लाई ३-२ ले पराजित गर्दै सांग्रिला अन्तिम चारमा पुगेको हो । विराटनगरको सहिद रंगशालामा प्राप्त जितसँगै सांग्रिलाले अब फाइनल प्रवेश खेलमा एपिएफ र चर्च ब्वाइज युनाइटेडबीच हुने विजेताविरुद्ध खेल्नेछ । सांग्रिलाका आशिष चापागाईं, सुशील राई र विदेशी खेलाडी स्याङले एक-एक गोल गरे । थिम्पुबाट सोरब दोर्जेले दुई गोल फर्काए ।

खेलको २६औँ मिनेटमा विवेक पौडेलको कर्नरमा आशिषले सांग्रिलालाई १-० को अग्रता दिलाए । एक गोललले पछाडि परेको थिम्पु चर्को दबाबमा पऱ्यो । मैदानमा संयमित हुँदै सांग्रिलाले ३३औँ मिनेटमा २-० को अग्रता गोल गरेको थियो । सांग्रिलालाई सुशील राईले हेडिङ गोल गरेर दोहोरो अग्रता दिलाएका हुन् । उनले मौसम लिम्बूले मध्यभागबाट निकालेको पास गोल गरेका हुन् । पहिलो तथा दोस्रो हाफमा सांग्रिलाले घरेलु दर्शकको साथ पाएको थियो ।

मध्यान्तरपछि सांग्रिला थप आक्रामक रूपमा प्रस्तुत भयो । खेलको ५०औँ मिनेटमा विदेशी खेलाडी स्याङले ३-० को अग्रता दिलाए । थिम्पुका गोलरक्षक डेन्डुपअगाडि बढेको मौकामा स्याङले दोस्रो बार च्याप्दै गोल गरे । थिम्पुका खेलाडीले फिनिसिङ पक्ष कमजोर बनाएका थिए । यसैकारण थिम्पुले प्राप्त गोल अवसर चुकाएको थियो । तर, दोर्जेले नौ मिनेटको अन्तरमा दुई गोल गर्दै थिम्पुलाई खेलमा फर्काउने प्रयास गरे । खेलको ६५औँ मिनेटमा उनले ३-१ को अन्तरका लागि गोल गरे । खेलेको ७४औँ मिनेटमा उनले ३-२ का लागि गोल गरे । केल्जाङ जिग्मेले प्रहार सांग्रिलाको गोलरक्षक विशाल सुनारले क्लियन पार्न नगरेको बलमा दोर्जेले गोल गरे । दोर्जेले दोस्रो गोल गर्दा जिङ्माले निकालेको पास सदुपयोग गरे ।

थिम्पुको गोल प्रयास

यसअघि १३औँ मिनेटमा थिम्पुका जिङ्माको पासमा केन्जुडले गोल अवसर खेल फाले । केल्जाङ जिग्मेले डिबक्सभित्रबाट गरेको प्रहार सांग्रिलाका गोलरक्षकले विशाल सुनारले उत्कृष्ट बचाए । सांग्रिलाका सुनिल खड्काले ६०औँ मिनेटमा वान भर्सेस वानमा गोल गर्न सकेनन् । हारपछि भुटानका प्रशिक्षक उगेन दोर्जेले पाएको अवसर चुकाउँदा पराजित भएको बताए । सांग्रिलामाका प्रशिक्षक रानु राना मगरले उत्कृष्ट प्रदर्शन गरेको कारणले सेमिफाइनमा पुगेको बताए । 'सेमिफाइनलमा आहिलेको सेटमा केही खेलाडी थप हुनेछ,' उनले भने । आइतबार एनआरटी र सिक्किम ड्रेगान भारतबीच हुनेछ ।

आर्मी र एपिएफ च्याम्पियन

वीर गणेशमान राष्ट्रिय बक्सिङमा आर्मीले पुरुषमा तीन र एपिएफले महिलातर्फ तीन स्वर्ण जिते

नयाँ पत्रिका

नेपाल आर्मी र एपिएफ छैटौँ वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगितामा शनिबार टिम च्याम्पियन बनेका छन् । आर्मी पुरुष तथा एपिएफ महिलामा च्याम्पियन बनेका हुन् । टिम विजेता आर्मीले सर्वाधिक तीन स्वर्ण हात पाऱ्यो । प्रहरीले दुई तथा कर्णालीले एक स्वर्ण प्राप्त गरे । महिलामा एपिएफले सर्वाधिक तीन स्वर्ण जित्यो । आर्मी, लुम्बिनी र प्रहरीले समान १-१ स्वर्ण हात पारे । पुरुष र महिला दुवैमा समान ६ स्वर्णका लागि प्रतिस्पर्धा भएको थियो ।

वीर गणेशमान सिंह स्पोर्टस् कमिटी र नेपाल बक्सिङ महासंघद्वारा संयुक्त आयोजित प्रतियोगिताको पुरुषमा नेपाल प्रहरीका चन्द्रबहादुर थापा तथा महिलामा एपिएफकी संगीता सुनार उत्कृष्ट खेलाडी घोषित भए । दुवैले जनही ५० हजार नगद पुरस्कार हात पारे ।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको पुरुष ५१ केजी फाइनलमा प्रहरीका चन्द्रले मधेश प्रदेशका रविन थापालाई पराजित गरी स्वर्ण जिते । पुरुष ५७ केजीमा आर्मीका प्रेम चौधरीले कर्णालीका सुलभ मालीबाट (वाकओभर) पाए । यसैगरी, ६३.५ केजीमा प्रहरीका भूपेन्द्र थापाले आर्मीका खगेन्द्र रोका मगरलाई



हराए । ७१ केजीमा आर्मीका दानबहादुर दर्लामी मगरले एपिएफका विक्रम चौधरीमाथि जित निकाले । ८० केजीमा कर्णालीका मनोज तामाङले सुदूरपश्चिमका बालाजी रावललाई पाखा लगाए ।

९२ केजीमा आर्मीका महेन्द्र केसीले एपिएफका रविन नेपाललाई हराउँदै पहिलो भए । यसैगरी, महिला ५० केजीको स्वर्ण भिडन्तमा लुम्बिनीकी सुष्मा तामाङले बागमतीकी रमिशा श्रेष्ठलाई हराइन् । ५४ केजीमा प्रहरीकी अञ्जनी तेलीले बागमतीकी रक्षा जिसीलाई निराश पारिन् । ५७ केजीमा आर्मीकी वर्षा श्रेष्ठले कोशीकी नारिका राईविरुद्ध जित निकालिन् । ६० केजीमा एपिएफकी संगिता सुनारले आर्मीकी ललिता महर्जनलाई पराजित गरिन् ।

यसैगरी, महिलातर्फको ६६ केजीमा एपिएफकी विनिता थापा मगरले आर्मीकी निरु गुरुङलाई अंकका आधारमा हराइन् । ७५ केजीमा एपिएफकी सरस्वती रानाले आर्मीकी तृषा जबेगूलाई पाखा लगाउँदै स्वर्ण जितिन् । हरेक तौलसमूहमा शीर्ष खेलाडीले २५ हजार पाए । दोस्रो स्थानमा रहने खेलाडीले १५ हजार र तेस्रो स्थानमा रहेकाले ७५ सय रुपैयाँ पाए । विजयी खेलाडीलाई पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंह र नेपाल बक्सिङ महासंघका अध्यक्ष राम अवालेलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

वेदबहादुर र निर्मलालाई अल्ट्रा म्याराथनमा स्वर्ण

काठमाडौं/ वेदबहादुर राई र निर्मला राईले सुनापती सैलुङ अल्ट्रा म्याराथन प्रतियोगितामा स्वर्ण जितेका छन् । प्रतियोगिताको शनिबार भएको अल्ट्रा म्याराथनमा वेदबहादुर पुरुष तथा निर्मला महिलाको ५५ किलोमिटर दूरीमा पहिलो भएका हुन् । पुरुषमा मनकुमार रोका मगर दोस्रो र गोपाल तामाङ तेस्रो भए । महिलामा छोकी शेर्पा दोस्रो भइन् । दुवै समूहका विजेताले ८० हजार र उपविजेताले २५ हजार रुपैयाँ पाएका छन् । तेस्रो हुने खेलाडीले २० हजार रुपैयाँ पाए ।

दोरम्बा शैलुङ स्पोर्ट्स क्लबद्वारा आयोजित प्रतियोगिताको पुरुष २५ किलोमिटरमा अर्जुन कुलुङ राईले स्वर्ण र तिलकबहादुर सुनुवारले रजत हात पारे । करण रावल कांस्यमा सीमित भए । यसै स्पर्धाको महिलामा प्रिया राई पहिलो, सुन्सरी रोकाय दोस्रो तथा हुमी बुढा मगर तेस्रो भएका छन् । यस विधाको पुरुष र महिला पहिलो हुनेले ४५ हजार र उपविजेताले २५ हजार रुपैयाँ पाए । तेस्रो स्थानमा रहेका खेलाडीले १० हजार रुपैयाँ पाएका छन् । यसैगरी, पुरुष ५ किलोमिटर दौडमा अक्कलबहादुर पाल पहिलो भएका छन् । निरज भट्ट दोस्रो र सुवास कार्की तेस्रो स्थानामा रहे । महिलातर्फ सिर्जना पाण्डेय पहिलो भइन् ।

पद्माकुमारी सुनुवार दोस्रो र सोनिमा शेर्पा तेस्रो स्थानमा रहे । पहिलो भएका खेलाडीले २० हजार, दोस्रोले, १० हजार र तेस्रो स्थानमा रहेका खेलाडीले पाँच हजार रुपैयाँ पाए । प्रतियोगितामा १२७ पुरुष, ३१ महिला र ५ विदेशी खेलाडी सहभागी थिए । म्याराथन सुनापतीको हिलेदेखि सुरु भइ सैलुङको चुचुरोमा पुगेर टुंगिएको थियो ।

इन्डो-नेपाल कप कोलकातालाई

भरतपुर/ चितवनको भरतपुरमा भएको इन्डो-नेपाल टी-२० च्याम्पियनसिप क्रिकेट प्रतियोगिताको उपाधि भारतीय टोली तालतला कोलकाताले जितेको छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको नमुना मैदानमा शनिबार भएको फाइनलमा मधेशलाई तीन रनले हराउँदै कोलकाताले उपाधि जितेको हो । कोलकाताले दिएको १ सय ८९ रनको लक्ष्य पछ्याएको मधेशले ८ विकेट गुमाएर १८५ रन मात्र बनाउन सक्यो ।

मधेशलाई अन्तिम ओभरमा २६ रन आवश्यक थियो । क्रिजमा अभिषेक तिवारी रहेका थिए । १९.१ ओभर १९.२ ओभरमा तिवारीले रन जोड्न सकेनन् । उनले तेस्रो र चौथो बलमा छक्का प्रहार गरे । पाँचौँ बलमा चौका र अन्तिम बलमा छक्का प्रहार पनि तिवारीले मधेशलाई जित दिलाउन सकेनन् । तिवारीले अविजित ४९ रन बनाए । उनले २५ बलमा ४ छक्का र ४ चौका प्रहार गरे । विशाल सुसलिङले २२ बलमा ५० रनको अर्धशतकीय इनिङ्स खेले । उनले ६ छक्का प्रहार गरे । साहिल पटेलले २९ बलमा ३६ रन बनाए ।

कोलकाताका लागि सन्दीप गुप्ताले ४ ओभरमा ३९ रन खर्चिँदै ३ विकेट लिए । सौरभ यादव र अभिषेक सिंहले समान २ विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको कोलकाताले विकास चौधरीको अर्धशतकीय इनिङ्सको सहयोगमा ९ विकेट गुमाउँदै १८८ रन बनाएको थियो । विकासले ३७ बलमा ६ छक्का र ४ चौका प्रहार गर्दै ६७ रन बनाए । सन्दीप गुप्ताले २८ बलमा ३९ रन बनाए । मधेशका लागि अभिषेक तिवारीले ४ ओभरमा २८ रन खर्चिँदै ४ विकेट लिए । फाइनलमा कोलकाताका सन्दीप गुप्ता प्लेयर अफ दी म्याच घोषित भए । विजेता र उपविजेतालाई भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहाल र चितवन जिल्ला क्रिकेट संघका अध्यक्ष सुदीप पियाले पुरस्कृत गरे ।

Suryodaya Municipality
Office of the Municipal Executive
Fikkal, Ilam

Invitation for Bid

First date of publication: 31st of March, 2024 (18th of Chaitra, 2080)

1. The Suryodaya Municipality, Office of the Municipal Executive has allocated funds towards the cost for construction/supply as indicated in details of work below. Bidding is open to all eligible Nepalese bidders.

Details of Work

S. No.	Contract Identification No.:	Name of Project :	Estimated Amount NRs.(Excluding VAT and contingencies):	Bid Security Amount NRs.:	Bid Security Validity Period in Days :	Bid Document Fee NRs.:
1	SUMO/ILAM/NCB/ WORKS35-080/081	Upgrading of Fikkal Pandam Jil Gorkhe Road phase IV	16,858,810.36	490,000.00	120	3,000.00
2	SUMO/ILAM/NCB/ WORKS36-080/081	Upgrading of Various Roads of Suryodaya Municipality-10	2,964,931.52	86,000.00	120	3,000.00
3	SUMO/ILAM/NCB/ WORKS37-080/081	Buddha Park Beautification works	1,956,091.59	57,000.00	120	3,000.00
4	SUMO/ILAM/NCB/ SUPPLY38-080/081	Supply and Delivery of 4WD Single Cab Pick-up		60,000.00	120	3,000.00
5	SUMO/ILAM/NCB/ REVENUE39-080/81	Internal Revenue Collection Work From Tea Testing, Promotion and Research Center	35,00,000.00	90,000.00	120	3,000.00

2. Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com